
चैत - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क २४ | **२०७६, चैत १६-३०** | पूर्णाङ्क ६६६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री विकाश कुमार रजक
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ४ | | |
| इजलास नं. १ | ३ | | |
| इजलास नं. २ | १० | इजलास नं. १० | १ |
| इजलास नं. ३ | ५ | इजलास नं. १२ | २ |
| इजलास नं. ४ | १५ | इजलास नं. १३ | २ |
| इजलास नं. ५ | १ | इजलास नं. १४ | २ |
| इजलास नं. ७ | १६ | | |
| इजलास नं. ८ | ७ | | |
| इजलास नं. ९ | १ | | |
| जम्मा | ६२ | जम्मा | ७ |

**कूल जम्मा ६२ + ७ = ६९**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, चैत – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं । यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रक: सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ४** |
| १. | कर्तव्य ज्यान | शम्भु दनुवार वि. नेपाल सरकार | १ |
| २. | जबरजस्ती करणी | मम्ताज अंसारी वि. नेपाल सरकार | १ |
| ३. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. बडकाउ खानसमेत | २ |
| ४. | जबरजस्ती करणी | नेपाल सरकार वि. जीवन विष्ट | ३ |
| **इजलास नं. १** | | | **४ – ६** |
| ५. | उत्प्रेषण / परमादेश | निरजराज मानन्धर वि. राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरसमेत | ४ |
| ६. | उत्प्रेषण / परमादेश | रामकाजी राउतसमेत वि. जनविकास मा.वि. वेशीसहर, लमजुङसमेत | ५ |
| ७. | उत्प्रेषण / परमादेश | रत्नमान श्रेष्ठ वि. अध्यक्ष, व्यवस्थापन समिति, जनविकास माध्यमिक विद्यालय (मा.वि.) लम्जुङ जिल्ला बेसीशहर न.पा. वडा नं. ७, बेसीशहरसमेत | ५ |
| **इजलास नं. २** | | | **६ – १३** |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रोशन खड्गी शाही | ६ |
| ९. | बन्दी प्रत्यक्षीकरण | दिपेन्द्र जंग थापा वि. मुख्य रजिस्ट्रार, सर्वोच्च अदालत रामशाहपथसमेत | ७ |
| १०. | वैदेशिक रोजगार कसुर | धिरज खड्का वि. नेपाल सरकार | ७ |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. यमबहादुर सार्कीसमेत | ८ |
| १२. | बैंकिङ कसुर | नेपाल सरकार वि. बाबुलाल श्रेष्ठ | ९ |
| १३. | उत्प्रेषण / परमादेश | डा. खेमबहादुर कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ९ |
| १४. | उत्प्रेषण / परमादेश | एम.वि. कन्स्ट्रक्सन प्र.लि.समेत वि. सार्वजनिक खरिद अनुगमन समिति, रेडक्रस मार्ग ताहाचलसमेत | १० |
| १५. | हक कायम दर्ता | जलेश्वर चौधरी वि. बन्दीलाल साह हलुवाईसमेत | ११ |

| | | | |
|---|---|---|---|
| १६. | उत्प्रेषण / परमादेश | राजेन्द्रप्रसाद जोशी वि. सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय वैद्यनाथ बाहिनीसमेत | ११ |
| १७. | उत्प्रेषण / परमादेश | राजेन्द्रप्रसाद जोशी वि. सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय वैद्यनाथ बाहिनीसमेत | १३ |
| **इजलास नं. ३** | | | १३ – १८ |
| १८. | आगलागी गोवधसमेत | नेपाल सरकार वि. विष्णुबहादुर कुँवर जोगी | १३ |
| १९. | लेनदेन | युद्धनारायण यादव वि. भौसाई भन्ने बालगोविन्द दास बैरागी | १४ |
| २०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. गौतम तामाङसमेत | १५ |
| २१. | वैदेशिक रोजगार कसुर | अनुप खनाल वि. नेपाल सरकार | १६ |
| २२. | उत्प्रेषण | मिराकुमारी काफ्लेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १७ |
| **इजलास नं. ४** | | | १८ – २८ |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर मोक्तानसमेत | १८ |
| २४. | खिचोला मेटाई चलन चलाई पाउँ | नइम राई वि. अमिन कबडिया | १९ |
| २५. | बाटोको जग्गा खिचोलासमेत | केशवप्रसाद न्यौपानेसमेत वि. ईश्वरीप्रसाद न्यौपाने | २० |
| २६. | सवारी ज्यान | नेपाल सरकार वि. आरिफ खाँसमेत | २० |
| २७. | जबरजस्ती करणी | झुपलाल वि.क. वि. नेपाल सरकार | २१ |
| २८. | ठगी | महेश निरौलासमेत वि. नेपाल सरकार | २२ |
| २९. | उत्प्रेषण / परमादेश | यमबहादुर बुढाथोकीसमेत वि. निर्वाचन आयोग, कान्तिपथसमेत | २४ |
| ३०. | लिलाम निर्णय दर्ता बदर | ताराचन्द्र सुनार वि. बुटवल फाइनान्स लिमिटेड | २४ |
| ३१. | जबरजस्ती करणी | नेपाल सरकार वि. कुवेर हुमागाई | २५ |
| ३२. | माना चामल | ऐतबहादुर वि.क.समेत वि. रूपा वि.क. | २६ |
| ३३. | ठगी | शंकरकुमार विजुच्छे वि. नेपाल सरकार | २७ |
| **इजलास नं. ५** | | | २८ – २९ |
| ३४. | उत्प्रेषण | विनोद पौडेलसमेत वि. व्यवस्थापिका संसद् सचिवालय, संसद् भवन सिंहदरबारसमेत | २८ |

| इजलास नं. ७ | | | २९ – ३९ |
|---|---|---|---|
| ३५. | बन्दी प्रत्यक्षीकरण | टिकाराम घिमिरे वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंका प्रमुख अधिकृतसमेत | २९ |
| ३६. | उत्प्रेषण / परमादेश | भवानी खत्री (खड्का) वि. रामकुमार लामा | ३० |
| ३७. | सवारी ज्यान | सुरजप्रसाद बेलवासे वि. नेपाल सरकार | ३१ |
| ३८. | लागु औषध अफिम | धनीराम शर्मा जैसीसमेत वि. नेपाल सरकार | ३१ |
| ३९. | कर्तव्य ज्यान | सिता श्रेष्ठ (थापा) वि. नेपाल सरकार | ३२ |
| ४०. | जग्गा खिचोला निर्णय बदर | ढोइली रावल वि. कविता वि.सी.समेत | ३३ |
| ४१. | अंश चलन | राजकिशोर शाह वि. रामकुमार शाहसमेत | ३३ |
| ४२. | घर, पर्खाल हटाई, जग्गा खाली गराई, जग्गाको कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ | निता भगत वि. कमलकुमारी कर्णसमेत | ३४ |
| ४३. | लिखत बदर दर्ता बदर दर्ता कायम | दिनदयाल यादव वि. ईनरदेवी यादवसमेत | ३४ |

| | | | |
|---|---|---|---|
| ४४. | अबन्डा जग्गा बन्डा गरिपाऊँ | प्रल्हाद पुडासैनीसमेत वि. रामचन्द्र पुडासैनीसमेत | ३५ |
| ४५. | मध्यस्थ नियुक्ति | बेदनाथ लामिछाने वि. नेसनल कन्स्ट्रक्सन कम्पनी लिमिटेड नेपाल | ३६ |
| ४६. | जबरजस्ती करणी | सूर्यबहादुर थापा मगर वि. नेपाल सरकार | ३७ |
| ४७. | अंश दपोट निर्णय दर्ता बदर दर्ता कायम | गंगिया कुमारी देवी महतो वि. वतहु महतो कोइरीसमेत | ३८ |
| **इजलास नं. ८** | | | ३९ – ४५ |
| ४८. | बन्दी प्रत्यक्षीकरण | बद्रीकुमार रोका वि. जिल्ला प्रहरी कार्यालय, धादिङवेसीसमेत | ३९ |
| ४९. | उत्प्रेषण / परमादेश | प्रभाकर नरसिंह राणा वि. गुणाधीश राजभण्डारीसमेत | ४० |
| ५०. | उत्प्रेषण / परमादेश | रविन्द्रनाथ देव वि. जिल्ला स्वास्थ्य कार्यालय, फाप्लु अस्पताल सोलुखुम्बुको लेखा शाखासमेत | ४० |
| ५१. | कर्तव्य ज्यान | तारासिंह लामा वि. नेपाल सरकार | ४१ |

| | | | |
|---|---|---|---|
| ५२. | मानव अपहरण तथा बन्धक गरी कर्तव्य ज्यान र ठगी | नेपाल सरकार वि. देव गुरू भनेर चिनिने अभिषेकराज सिंहसमेत | ४२ |
| ५३. | जबरजस्ती करणी | कृष्ण थारू वि. नेपाल सरकार | ४३ |
| ५४. | जालसाजी | जुगेश्वर यादवसमेत वि. चुल्हाई यादवसमेत | ४४ |
| **इजलास नं. ९** | | | ४५ – ४६ |
| ५५. | उत्प्रेषण / प्रतिषेध / परमादेश | विनय रावल वि. पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत | ४५ |
| **इजलास नं. १०** | | | ४६ – ४७ |
| ५६. | लेनदेन | जयराम ताम्राकार वि. बैकुण्ठप्रसाद गौतम | ४६ |
| **इजलास नं. १२** | | | ४७ – ४९ |
| ५७. | बन्दी प्रत्यक्षीकरण | उद्धवप्रसाद सिटौला वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४७ |
| ५८. | बन्दी प्रत्यक्षीकरण | गणेश शाही वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ४८ |
| **इजलास नं. १३** | | | ४९ – ५१ |
| ५९. | उत्प्रेषण / परमादेश / प्रतिषेध | सीता मण्डल वि. जिल्ला शिक्षा कार्यालय, धनुषा जनकपुरसमेत | ४७ |
| ६०. | जग्गा खिचोला मेटाई घर हटाई चलन चलाइ पाउँ | भिमप्रसाद पौडेल वि. बुद्धिसागर लम्साल | ५० |
| **इजलास नं. १४** | | | ५१ – ५२ |
| ६१. | लागु औषध (डाइजेपाम) तथा विष्फोटक पदार्थ | उमेश पटेल वि. नेपाल सरकार | ५१ |
| ६२. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. रिसव श्रेष्ठसमेत | ५१ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१२५०, कर्तव्य ज्यान, शम्भु दनुवार वि. नेपाल सरकार

प्रतिवादी शम्भु दनुवारले अनुसन्धानको क्रममा श्रीमतीले आफूलाई वास्ता नगरी प्रायः मृतककै घरमा जाने बस्ने गरेको हुँदा रिस उठी मार्ने नै मनसायले आफ्नो घरबाट खसी काट्ने कट्टी झिकी राजु दनुवारको घरमा गई मृतक राजु दनुवारलाई तथा कुदन्ती र मनकुमारी दनुवारसमेतलाई प्रहार गरेको र सोही चोटको कारण राजु दनुवारको उपचारको क्रममा मृत्यु भएको भनी बयान गरेको देखिन्छ । त्यसैगरी निजले अदालतमा बयान गर्दा आफू मानसिक रूपमा बिरामी भएको र अनुसन्धानमा गरेको बयान बेहोरा ठीक हो, घरबाट कट्टी लिएर राजु दनुवार र घरका अन्य कुदन्ती र मनकुमारीलाई समेत प्रहार गरेको हुँ । मानसिक रूपमा बिरामी भएको र आफूले गरेको कामको बारेमा थाहा नहुने भएकाले कसुर गरेको हो भनी बरामदी कट्टीसमेत आफ्नो घरको हो भनी सनाखतसमेत गरी अभियोग दाबीबमोजिम सजाय भोग्न तयार छु भनी अभियोग दाबीअनुसारको कसुरमा साबित रही बयान गरेको देखिँदा राजु दनुवारको मृत्यु निज प्रतिवादी शम्भु दनुवारको प्रहारबाट भएको पुष्टि हुन आएको देखिने ।

चक्कर आई बेहोस भएको मानिसले घरबाट फलामको हतियार कट्टी लिएर अरूको घरमा गई हतियार प्रहार गरेको होला भनी विश्वास गर्न सक्ने अवस्था हुँदैन । यसरी निजले आफू मानसिक रूपमा बिरामी भएको भनी जिकिर लिएको भएपनि के कुन किसिमको बिरामी भएको हो र आफूले गरेको कामको परिणाम थाहा नपाउने अवस्थामा भएको भन्ने प्रमाण पेस गर्न नसकेको तथा मिसिल संलग्न तथ्य एवं कागजबाट यी पुनरावेदक / प्रतिवादी आफूले गरेको कामको परिणाम थाहा नपाउने गरी मानसिक रूपमा अस्वस्थ भएको भन्ने नदेखिँदा निजको पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

अतः उल्लिखित तथ्य एवं आधार प्रमाणबाट पुनरावेदक / प्रतिवादीले योजनाबद्ध रूपमा घरको कट्टी लिएर गई राजु दनुवार र घरका अन्य सदस्यलाई समेत प्रहार गरेको र सोही चोटका कारण निज राजु दनुवारको मृत्यु भएको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा कुदन्ती दनुवारको ज्यान मार्ने उद्योग गरेकोतर्फ ऐ. महलको १५ नं. बमोजिम पाँच वर्ष कैद हुने ठहर गरेको जिल्ला अदालतको फैसला सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत इलामबाट मिति २०७३/५/२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत:- दुर्गाप्रसाद खनाल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल भाद्र ३ गते रोज १ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१००४, जबरजस्ती करणी, *मम्ताज अंसारी वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा कसुर गरेकोमा अस्वीकार गरी बयान गरेको देखिएको र निजले सो बयानको क्रममा पीडित आफ्नो कोठामा आउने गरेको कुरालाई स्वीकार गरेको देखिन्छ। निजले अनुसन्धानको क्रममा भएको बयानमा आफूलाई सही गराइएकोले सो बयान बेहोरा आफ्नो स्वेच्छाको होइन भने तापनि समयमै उक्त बयानलाई अन्यथा गर्नसकेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । निजले अदालतमा बयान गर्दा घरधनीको सानिमाको छोरासँग आफ्नो लेनदेन व्यवहार भएको र आफूले पैसा माग्दा धम्कीसमेत दिएकाले फसाउने

उद्देश्यले वारदात सिर्जना गरिएको हो भनी बयान गरेकोमा उक्त भनाइलाई तथ्ययुक्त रूपमा सप्रमाण पुष्टि गर्न सकेको देखिँदैन । त्यसमा पनि जबरजस्ती करणी जस्तो महिलाको इज्जत, प्रतिष्ठा र मर्यादासँग जोडिएको विषयमा अन्य नाता पर्ने व्यक्तिसँगको लेनदेनको विषयमा यस्तो गम्भीर प्रकृतिको आक्षेप जसले आफैँलाई घात गर्न सक्ने अवस्थामा झुट्ठा वारदात सिर्जना गरेको होला भनी विश्वास गर्न सकिने अवस्था नरहने ।

जाहेरी दरखास्तमा नै जाहेरवालाले आफ्नी १७ वर्षकी सुस्त मनस्थितिकी छोरी भनी उल्लेख गरेको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Sexual Assault, Rape, pt-not Mentally Fit भन्ने उल्लेख भएको देखिँदा निजको अपाङ्गताको परिचयपत्र नभएको भन्ने जस्ता आधारमा सुस्त मनस्थितिकी होइनन् भन्न सकिने अवस्थासमेत देखिन आएन । यसरी मिसिल संलग्न किटानी जाहेरी दरखास्त, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, निजको मौकाको बेहोरा र बकपत्र, मौकामा बुझिएका व्यक्तिले लेखाएको बेहोरा तथा निजहरूले अदालतमा गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टरको बकपत्र र प्रतिवादीले कसुर स्वीकार गरी अनुसन्धानको क्रममा गरेको बयानसमेतका तथ्य एवं प्रमाणहरूबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भएकाले प्रतिवादीलाई सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित तथ्य एवं आधार प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भएकाले निज प्रतिवादी मम्ताज अंसारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ बमोजिम ६ वर्ष कैद र पीडित अपाङ्गता भएकी महिला भएकाले सोही महलको ३क. नं. बमोजिम थप ५ वर्ष कैदसमेत ११ वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहर गरी ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१/११/१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम् ।

## ३

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०५६९ र ०७३-CR-०८३१, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. बडकाउ खानसमेत र मोहमद ईराफ लारी वि. नेपाल सरकार*

प्रतिवादीहरूबाट अलग अलग रूपमा लागु औषध बरामद भएको मिसिल संलग्न प्रमाण कागजबाट देखिएको र दुवैजना प्रतिवादीहरूबाट बरामद भएको लागु औषध (ब्राउन सुगर) को मात्रालाई एकै ठाउँमा गाभेर सजाय गर्दा न्यायोचित र कानूनको मर्मअनुरूप नहुने भएकाले प्रतिवादीहरू मोहमद ईराफ लारीबाट १०० ग्राम र बड्कउ खानबाट १०० ग्राम लागु औषध बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिएकाले दुवैजनाबाट बरामद भएको लागु औषधलाई एकै ठाउँमा गाभेर सजाय गर्नुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूबाट १००/१०० ग्राम लागु औषध (ब्राउन सुगर) बरामद हुँदा तयार गरेको उक्त मिति २०७१।४।७ को बरामदी मुचुल्कामा प्रहरी निरीक्षक, प्र.ना.नि. र प्रहरी सहायक निरीक्षक दर्जाका प्रहरी कर्मचारीलाई राखिएको हुँदा उक्त बरामदी मुचुल्का रीत नपुगेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उक्त विवेचित तथ्य, प्रमाण एवं आधार

कारणसमेतबाट सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी पुनरावेदक / प्रतिवादी मोहमद ईराफ भन्ने मोहमद ईराफ लारी र बड्कउ खानलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही १५(पन्ध्र) वर्ष कैद र रू.२,००,०००।– (दुई लाख) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७३/२/२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल भाद्र ३ गते रोज १ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१४७२, जबरजस्ती करणी, *नेपाल सरकार वि. जीवन विष्ट*

पीडित सिमा कुमारीले मौकामा कागज गर्दा प्रतिवादी जीवन दाइले घुम्न जाउँ भनी साइकलमा राखी वारदात स्थलमा लगी जबरजस्ती करणी गर्दा मलाई धेरै दुखेकोले रून कराउन लाग्दा किन रोएको भन्दै कुटपिट गरेको भनी लेखाई दिएको कागज बेहोरालाई अदालतमा बकपत्र गर्दा प्रतिवादी जीवन विष्टले आफूलाई जबरजस्ती करणी गरेको बेहोरालाई समर्थन गरी बकपत्र गरी दिएको पाइन्छ। जाहेरवाला अनन्तप्रसाद सत्याललले आफ्नो मौकाको जाहेरी दरखास्तलाई समर्थन गरी बकपत्र गरेको देखिएको छ। पीडितको उमेर ९ वर्ष रहेको देखिन्छ भने प्रतिवादी उमेर पुगेको बयस्क मानिस भएकोले नाबालिकाको योनिमा पूर्ण रूपमा लिङ्ग प्रवेश नभई आंशिक रूपमा प्रवेश भए पनि जबरजस्ती करणीको कसुर कायम हुने भनी ने.का.प. २०७३, अंक १, नि.नं. ९५१९, पृष्ठ १ मा यस अदालतबाट प्रतिपादित सिद्धान्तबमोजिम प्रतिवादी जीवन विष्टले पीडित सिमाकुमारीलाई घरबाट साइकलमा राखी वारदातस्थलमा पुऱ्याई जबरजस्ती करणी गरेको देखिन आउने।

जाहेरी दरखास्तमा अप्राकृतिक मैथुन भएको भन्ने तथ्य उल्लेख हुन नसकेको, जाहेरवाला अनन्तप्रसाद सत्याल आफू घटनाको प्रत्यक्षदर्शी नभएको र पीडित भतिजीले भनेको बेहोरा भनी जाहेरी दरखास्त दिएको देखिन्छ। पीडित नाम परिवर्तित सिमाकुमारीले मौका तथा अदालतमा बकपत्र गर्दा प्रतिवादीले आफूलाई जबरजस्ती करणी गर्दा मुख मैथुन गरेको भनी उल्लेख गरेको नदेखिँदा प्रत्यक्ष र वस्तुनिष्ठ प्रमाणको अभावमा अप्राकृतिक मैथुनतर्फ सजाय नगरी जबरजस्ती करणीतर्फ सजाय गर्ने गरी भएको फैसला मिलेकै देखिने।

पीडित ९ वर्षकी नाबालक रहेको कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको र सो तथ्यमा विवाद रहेको देखिँदैन। यसका साथै सुरू जिल्ला अदालतको आदेशानुसार भई आएको अंश रोक्का मुचुल्कामा निज प्रतिवादी जीवन विष्टका नाममा र निजको एकाघरको परिवारमा कुनै प्रकारको जग्गा जमिन नरहेको भनी उल्लेख भएको देखिन्छ। पीडित ९ वर्षकी नाबालक भएको र निजलाई दिनुपर्ने क्षतिपूर्तिबापतको रकम निजको लागि महत्त्वपूर्ण हुने भएकाले प्रतिवादीका नाममा कुनै सम्पत्ति नभएको अवस्थामा निजलाई क्षतिपूर्ति भराइदिने भनी फैसला हुँदैमा वास्तविक न्याय नहुने र कार्यान्वयन हुन नसक्ने स्थितिमा फैसलाको कुनै औचित्य रहँदैन। बालबालिकाको हितमा काम गर्नु राज्यको कर्तव्य हुने भएकाले निज पीडित बालिकालाई नेपाल सरकारबाट रू.२०,०००।- क्षतिपूर्ति भराई दिने गरी भएको फैसलालाई अन्यथा गर्नु पर्ने अवस्था देखिन नआउने।

अतः उल्लिखित तथ्य एवं आधार प्रमाणबाट प्रतिवादीले ९ वर्षकी नाबालिकालाई जबरजस्ती करणी गरेको देखिएकाले निज प्रतिवादी जीवन विष्टलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय

१ बमोजिम १० वर्ष कैद हुने तथा नेपाल सरकारबाट पीडितलाई क्षतिपूर्तिबापत रू.२०,०००।- भराई दिने ठहऱ्याएको र सोही महलको ९क. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/११/२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

शाखा अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७५ साल भाद्र ३ गते रोज १ शुभम्।

## इजलास नं. १

**१**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.,** ०६९-WO-०३०७, उत्प्रेषण / परमादेश, निरजराज मानन्धर वि. राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरसमेत

वादी नेपाल सरकार भएको २०६८ सालको १११।२०६८।०६९ भन्सार चोरी पैठारी मुद्दामा राजस्व अनुसन्धान विभागबाट मिति २०६८।१२।१२ मा दाखिला हुन आएको बा.२ च. १०७८ नम्बरको बेवारिसे बस चोरी पैठारी ठहरी जफत गर्ने निर्णय भएको रहेछ। सो निर्णय गर्नुभन्दा अगाडि सो बस फेला परेपछि हक दाबी सम्बन्धमा २०६८।११।२२ को दिन हक दाबी सूचना प्रकाशित गर्दा कोही कसैको हक दाबी नपरेको राजस्व अनुसन्धान विभागको फैसलाबाट देखिन्छ। सो फैसलापश्चात् यी निवेदकले पुनरावेदन अदालत पाटनमा मिति २०६८।१२।१२ को राजस्व अनुसन्धान विभागको निर्णय बदरको लागि माग गर्दै रिट निवेदन दर्ता गरेकोमा सो रिट निवेदन खारेज हुने गरी फैसला भएको निवेदक र विपक्षीसमेतले स्वीकार गरेको देखिन्छ। पुनरावेदन अदालतको फैसलापश्चात् विवादित बस लिलाम बिक्री गर्ने भनी मिति २०६९।५।८ मा सूचना प्रकाशन भएको छ। यसरी एउटै विषयमा पुनरावेदन अदालतमा रिट निवेदन दिएको र त्यहाँबाट निवेदकको मागबमोजिमको आदेश जारी नभएको अवस्थामा प्रस्तुत रिट निवेदन लिएर आएको देखिन्छ। यसका साथै राजस्व अनुसन्धान विभागबाट भएको निर्णयउपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६२ मा कानूनी व्यवस्था रहेको छ। तर यी निवेदकले राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेको देखिएको छैन। वैकल्पिक उपचारको व्यवस्था भइरहेको अवस्थामा पनि सो बाटो अवलम्बन गर्न नसक्नुको कारण निवेदकले खुलाउन सकेको नदेखिएको अवस्थामा वैकल्पिक उपचारको अवस्था विद्यमान रहेकै अवस्थामा यस अदालतको असाधारण क्षेत्राधिकार गुहारेको मिलेको नदेखिने।

यसका अतिरिक्त पुनरावेदन अदालत पाटनबाट निवेदकले दिएको रिट निवेदन खारेज भएपश्चात् राजस्व अनुसन्धान विभागको मिति २०६८।१२।१२ को निर्णयअनुसार विवादको बा.२ ख. १०७८ नं. को बस लिलाम भई पुर्वेली नं. १ ढुवानी सेवाले सकार गरी सो संस्थाका प्रो. महेश्वरलाल श्रेष्ठले बस बुझिसकेको कुरा राजस्व अनुसन्धान विभागको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफबाट देखिन आएकोमा निज महेश्वरलाल श्रेष्ठलाई विपक्षी कायम गरेको देखिन नआउने।

तसर्थ विवेचित आधार कारणबाट निवेदकले वैकल्पिक उपचारको व्यवस्था भइरहेको अवस्थामा सोमार्फत उपचार खोज्ने कार्य गरेको नदेखिएको र विवादको बा. २ ख. १०७८ नं. को बस लिलाम भई अन्य व्यक्तिको नाममा समेत गइसकेकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत २०७४ साल फागुन ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७४-WO-०१२३, उत्प्रेषण / परमादेश, रामकाजी राउतसमेत वि. जनविकास मा.वि. वेशीसहर, लमजुङसमेत

विद्यालय व्यवस्थापन समितिमा अभिभावकमध्येबाट नियुक्त हुने दुईजना सदस्य र मनोनित हुने एकजना सदस्यको निर्वाचन र मनोनयनका सम्बन्धमा शिक्षा ऐन तथा नियमावलीको व्यवस्थाबमोजिम अभिभावकहरूको भेला बोलाएको र सो दिन कार्य सम्पन्न हुन नसकी अर्को दिन तोकी सर्वसम्मत हुने प्रयास भएको भन्ने तथ्य निवेदन बेहोराबाट देखिन्छ। प्रक्रिया नै पूरा नगरी निर्वाचन वा मनोनयन गरेको भन्ने देखिन आउँदैन। रिट निवेदकले मिति २०७४।३।१० को मिति तोकी सोअगावै मिति २०७४।३।९ मा छनौट सम्पन्न गरेको भन्ने जिकिर लिएको अवस्था छ। सो सन्दर्भमा हेर्दा, निवेदकमध्ये रामकाजी राउत उम्मेदवार नै रहेको देखिँदैन। अर्को निवेदक बाबुराम राउतको सदस्य हुनको लागि योग्यता नै नपुगेको भन्ने देखिन्छ। मनोनित सदस्यको हकमा पनि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक भनिने नियमावलीको व्यवस्था रहेको देखिन्छ। शिक्षा नियमावली, २०५९ को नियम २४क. मा अभिभावकबाट मनोनित हुने प्रयोजनार्थ सामुदायिक विद्यालयलाई पचास हजार रूपैयाँभन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरूमध्ये सबभन्दा बढी रकम घर वा जग्गा उपलब्ध गराउने व्यक्तिलाई व्यवस्थापन समितिको सदस्यमा मनोनित गर्नुपर्ने व्यवस्था रहेको देखिने।

प्रस्तुत निवेदनको सन्दर्भमा रिट निवेदक नारायणबहादुर सुगल थापा चन्दादाता भएको भन्ने देखिए पनि विद्यालय व्यवस्थापन समितिबाट मनोनयनमा परेका सदस्य चन्दादाता नै नरहेको भन्ने तथ्य निवेदकले पुष्टि गर्न सकेको देखिँदैन। शिक्षा ऐन, २०२८ को दफा १२(१) (ग) बमोजिम चन्दादातामध्येबाट नियुक्त हुने पद व्यवस्थापन समितिले मनोनयन गर्ने पद हो भन्ने देखिन्छ। यस्तो पदमा आफ्नो मात्र मनोनयन हुनुपर्छ भनी कसैले पनि भन्न मिल्दैन। यस अवस्थामा अभिभावकको भेला बोलाई सर्वसम्मत रूपमा चयन गरेको सदस्य र मनोनित सदस्यको सम्बन्धमा प्रश्न उठाई सो कार्यलाई बदर गर्न आवश्यक र न्यायोचित नदेखिने।

अतः विवेचित आधार कारणबाट विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा कानूनी कुनै त्रुटि नदेखिई सो समितिमा अभिभावकका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्य छनौट गर्ने गरी भएको कार्य बदर गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७४ साल जेष्ठ २० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७४-WO-०१८०, उत्प्रेषण / परमादेश, रत्नमान श्रेष्ठ वि. अध्यक्ष, व्यवस्थापन समिति, जनविकास माध्यमिक विद्यालय (मा.वि.) लम्जुङ जिल्ला बेसीशहर न.पा. वडा नं. ७, बेसीशहरसमेत

प्रस्तुत सन्दर्भमा हेर्दा, रिट निवेदक रत्नमान श्रेष्ठ शिक्षा नियमावलीको प्रक्रिया पूरा गरी प्रधानाध्यापक पदमा ५ वर्षको लागि नियुक्ति भएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सो अवधि पूरा नहुँदै पद मुक्त गरिएको देखिन्छ। निवेदकले आफूले गरेको कार्यदक्षता करारबमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा निरीक्षकको प्रतिवेदनबाट देखिएको भनी विपक्षीको लिखित जवाफमा उल्लेख भएको पाइँदैन। कानून विरूद्ध पुनः नियुक्ति भएको हो भन्ने कुरा स्थापित हुन आएको छैन। यस विषयमा

विपक्षीहरूले जिल्ला शिक्षा अधिकारीसमक्ष कुनै उजुर गरेको पनि देखिँदैन । कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी नियुक्त भएको व्यक्तिलाई बिना आधार, कारण पदमुक्त गर्न नमिल्ने र साधिकार निकाय वा पदाधिकारीले पदमुक्त गर्दासमेत निजलाई लागेको आरोप प्रस्ट रूपमा खुलाई निजलाई पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने हुन्छ । विद्यालय व्यवस्थापन समितिलाई कानूनले प्रधानाध्यापकलाई पदबाट हटाउन सिफारिससम्म गर्ने अधिकार दिएको छ । सो सिफारिस वा निरीक्षकको प्रतिवेदनबाट पदबाट हटाउन आवश्यक देखिएकोमा र सम्बन्धित प्रधानाध्यापकको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा जिल्ला शिक्षा अधिकारीले प्रधानाध्यापकलाई पदबाट मुक्त गर्न सक्नेमा सो कानूनी व्यवस्था र प्रक्रियाभन्दा बाहिर गई विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार निवेदकलाई सफाइको मौकासमेत नदिई पदबाट हटाइएको अवस्था देखिँदा सो कार्यलाई कानूनसङ्गत र न्यायोचित मान्न नसकिने ।

अतः विवेचित आधार कारणबाट कानूनले प्रदान गरेको अधिकार क्षेत्रभन्दा बाहिर गई निवेदकलाई नियुक्ति भएको कार्यकाल समाप्त नहुँदै प्रधानाध्यापक पदबाट हटाउने गरी विद्यालय व्यवस्थापन समितिबाट भएको मिति २०७४।५।२२ को निर्णय तथा सो निर्णयका आधारमा पदमुक्त गरेको पत्रसमेत शिक्षा नियमावली, २०५९ को नियम ९३ विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकलाई सो विद्यालयको प्रधानाध्यापक पदमा यथावत पूरा अवधि कार्य गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल जेष्ठ २० गते रोज १ शुभम् ।

## इजलास नं. २

### १

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१५६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रोशन खड्गी शाही*

प्रतिवादीले अदालतमा गरेको बयानको स.ज.१० मा किरण गुरूङले घरको सिसा फुटाई भागेको हुँदा मैले चोर चोर भनी हल्ला गरेपछि उपस्थित भएका व्यक्तिले कुटपिट गरेका र सोही कुटाइबाट उपचारको क्रममा किरण गुरूङको मृत्यु भएको हो भनी आफूले मृतकलाई कुटपिट गरेको कुरामा इन्कार गरेको भए तापनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको सवाल ८ को जवाफमा मृतकलाई कुटपिट गर्नुमा आफूलगायत अन्य व्यक्तिहरूको संलग्नता रहेको कुरालाई स्वीकार गरेको देखिन्छ । यसरी प्रस्तुत मुद्दामा मृतकको मृत्यु प्रतिवादीलगायतका मानिसहरूको कुटपिटबाट टाउकोमा लागेको चोटबाट भएको कुरामा कुनै विवाद नदेखिने ।

घटनाको विवरण हेर्दा यी प्रतिवादी र मृतकको बिचमा कुनै पूर्वरिसिइवी भएको देखिँदैन । वारदातस्थलमा मृतक आफैँ खुकुरी बोकेर पुगेको अवस्थामा प्रतिवादीको मृतकलाई मार्नेसम्मको मनसाय र योजना थियो भनी मान्न मिल्दैन । मृतकले प्रतिवादीको घरको झ्यालको सिसामा प्रहार गरी रातको समयमा फुटाई दिएको र सोही कारणबाट प्रतिवादीले चोर आयो भनी हल्ला गरेपछि टोल छिमेकका मानिसहरू आई मृतकलाई सडकमा फेला पारी त्यहाँ जम्मा भएका मानिसहरू र प्रतिवादीसमेत भई होस नपुर्‍याई हेलचेक्र्याइँ गरी लाठा, ढुङ्गा र लात मुक्काले कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको देखिन्छ । यसरी मृतकलाई मार्ने प्रतिवादी पूर्वरिसइवी र योजना नभएको अवस्थामा प्रतिवादीलाई मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

अतः माथि विवेचित कारण र आधारमा मृतकको ज्यान लिने प्रतिवादीको पूर्वमनसाय नरहेको तथा मृतक आफैँ खुकुरी लिएर वारदातस्थलमा पुगी प्रतिवादीको घरको झ्यालको सिसा फुटाएकोले प्रतिवादीले चोर चोर भनी कराउँदा टोलका अन्य व्यक्तिहरूसमेत मिली कुटपिट गरेकोमा मृतकको मृत्यु भएको अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५, ६(२) नं. बमोजिम भवितव्यमा सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ फाल्गुण १३ गते रोज १ शुभम् ।

## २

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा**, ०७५-WH-००६७, बन्दीप्रत्यक्षीकरण, *दिपेन्द्र जंग थापा वि. मुख्य रजिस्ट्रार, सर्वोच्च अदालत रामशाहपथसमेत*

मिति २०७५।५।१ देखि प्रारम्भ भएको केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (च) ले तत्काल प्रचलित मुलुकी ऐनलाई खारेज गरेको भए पनि सोही दफा ३९ को उपदफा (२) को (१) को खण्ड (क) मा “कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भए पनि सोही अदालतबाट त्यस्तो कानूनअन्तर्गतको नै कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ” भन्ने व्यवस्था रहेको देखिन आयो । त्यस्तै खण्ड (ग) मा “कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम कार्यान्वयन हुनेछ” भन्ने उल्लेख भएको पाइयो । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ समेतको रोहमा व्याख्या गरी यस अदालतको पूर्ण इजलासबाट यसै प्रकृतिको हुसेन अलिमियाँ विरूद्ध नेपाल सरकार रहेको ०७५-AP-०२११ नं. मुद्दामा भएको आदेशसमेतका आधारमा यी निवेदकले मागअनुसार दण्ड सजायको ४१क नं.बमोजिमको सुविधा पाउन सक्ने नै देखिन आउने ।

अतएव, उल्लिखित आधार एवम् कारणको रोहबाट मिति २०७५।५।१ भन्दा अगाडि प्रचलित मुलुकी ऐनबमोजिम दायर भएको ठगी मुद्दाको अन्तिम फैसला भएको ६० दिनभित्र जरिवाना र कैद भुक्तानीका निवेदनका साथ यस अदालतमा उपस्थित भएका निवेदक दिपेन भन्ने  दिपेन्द्रजंग थापालाई निवेदन मागबमोजिम दण्ड सजायको ४१क नं. बमोजिमको सुविधा प्रदान गर्नुपर्नेमा कैद र जरिवानामा छुट दिन मिलेन भनी यस अदालतका सहरजिस्ट्रारबाट मिति २०७५।७।१५ मा भएको आदेश कानूनअनुकूल नदेखिँदा उत्प्रेषणद्वारा बदर गरिदिएको छ । अब निवेदक प्रतिवादीलाई साबिककै मुलुकी ऐन दण्ड सजायको ४१क नं.बमोजिमको सुविधा प्रदान गर्नु भनी परमादेशको आदेशसमेत जारी गरिदिएको छ । उत्प्रेषणको आदेशद्वारा सहरजिस्ट्रारको आदेश बदर भएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेशसम्म जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: शिवकुमार पोखरेल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङ्सिर १७ गते रोज २ शुभम् ।

## ३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०९७९, वैदेशिक रोजगार कसुर, *धिरज खड्का वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी धिरज खड्काले अनुसन्धानको क्रममा बयान गर्दा मिति २०६८।११।२६ मा भएको कागज आफ्नो राजीखुसीले स्वेच्छाले

गरिदिएको भनी लेखाएको र जाहेरवालासँग लेनदेन तथा रिसइवी केही छैन भनी सवाल जवाफ ५ मा खुलाएको पाइन्छ । सो कुरा वैदेशिक रोजगार न्यायाधिकरणको बयानको सवाल जवाफ ३ मा समेत लेखाएको देखिन्छ । प्रतिवादीले पुनरावेदन गर्दा उक्त कागज करकापबाट गराएको भनी जिकिर लिए पनि सो कागज बदरका लागि समयमै कहीँकतै उजुर गरेको भनी खुलाउन सकेको देखिँदैन । मिति २०६८।११।२६ को लिखतमा भएको सहिछाप आफ्नो होइन भनी जिकिर लिन सकेकोसमेत देखिँदैन । सो लिखतमा भएको सहिछाप आफ्नै रहेको भनी उक्त कागजको अस्तित्वलाई स्वीकार गरी लामो समयसम्म चुपचाप बसी निजउपर वैदेशिक रोजगारको कसुरमा अदालतमा अभियोग दायर भएपछि मात्र सो कागज करकापमा गराएको भन्ने जिकिर लिए पनि सो जिकिरलाई प्रमाणित गर्नसमेत सकेको देखिँदैन । यसरी उक्त लिखतको अस्तित्वलाई पुनरावेक स्वयंले स्वीकार गरेको अवस्थामा सो लिखतलाई प्रमाणमा लिई पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित तथ्य एवं प्रमाणबाट प्रतिवादी धिरज खड्काले अरोपित कसुर गरेको र विदेश पठाइसकेको अवस्था नदेखिँदा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार एक वर्ष छ महिना कैद र रू. एक लाख पचास हजार जरिवाना हुने र दाबीबमोजिम निजले जाहेरवालासँग लिएको रू. १०,००,०००।- (दश लाख रूपैयाँ) र सोको ५० प्रतिशतले हुने हर्जाना रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) समेत जम्मा रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) प्रतिवादी धिरज खड्काबाट जाहेरवाला मन्दिरा बुढाथोकी (रायमाझी) ले भरी पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।१।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल जेष्ठ १७ गते रोज ५ शुभम् ।

**४**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७१-CR-१४७५, जबरजस्ती करणी, *नेपाल सरकार वि. यमबहादुर सार्कीसमेत*

प्रतिवादीहरूले मौकामा बयान गर्दा आफ्नो उमेर १६ वर्ष भनी उल्लेख गरेको भए तापनि मिसिल संलग्न जन्मदर्ता प्रमाण पत्र हेर्दा प्रतिवादी सन्तोष मगरको जन्ममिति २०५२।११।७ रहेको देखिन्छ भने प्रतिवादी यमबहादुर सार्कीको जन्ममिति २०५३।३।६ रहेको देखिन्छ । यसरी निजहरूको जन्ममितिलाई आधार मान्दा वारदात घटेको मिति २०६७।११।२३ मा प्रतिवादी सन्तोष थापा मगर १५ वर्ष मात्र पुगेको देखिन्छ भने प्रतिवादी यमबहादुर सार्की १५ वर्षभन्दा पनि कम उमेरको भएको देखिन्छ । यस अवस्थामा पुनरावेदन अदालत विराटनगरबाट बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय हुने ठहर गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

वादी नेपाल सरकारले अभियोगपत्र दायर गर्दाको बखत प्रतिवादी तथा निजहरूको परिवारको साथमा यो यति सम्पत्ति छ र यति क्षतिपूर्ति पाउनु पर्छ भनी खुलाएको अवस्था छैन भने मुलुकी ऐन जबरजस्ती करणीको महलको १०ग नं. मा क्षतिपूर्ति भराउने प्रयोजनको लागी यस महलअन्तर्गतको मुद्दा दायर भए लगत्तै अदालतले आरोपित व्यक्तिको अंशलगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ भनी व्यवस्था भएकोमा सोबमोजिम प्रतिवादीको नाममा रहेको कुनै पनि सम्पत्ति रोक्कासमेत राखेको देखिँदैन । मिसिल संलग्न कागजातहरूको अध्ययन

गर्दा नाबालक प्रतिवादीहरूको नाउँमा कुनै पनि चल अचल सम्पत्ति रहेको नदेखिने।

अतः प्रतिवादीको सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति भराइदिनु पर्ने भए तापनि प्रतिवादीहरूको परिवारको नाउँमा कति चल अचल सम्पत्ति छ भन्ने तथ्य मिसिलबाट खुल्न नआएको तथा पीडितलाई क्षतिपूर्ति दिनको लागी नेपाल सरकारले क्षतिपूर्ति कोष खडासमेत गरेको नदेखिँदा यी प्रतिवादीहरूबाट पीडितालाई क्षतिपूर्ति भराउनु पर्ने सम्बन्धमा केही नबोली भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल आषाढ २६ गते रोज ३ शुभम्।

## ५

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७३-RB-०१२०, बैंकिङ कसुर, *नेपाल सरकार वि. बाबुलाल श्रेष्ठ*

वादी पक्षका साक्षी पुनम कसजु र मिरा खरेलले अदालतमा बकपत्र गर्दा रमादेवी पराजुलीको नाममा काटिएको रू. पाँच लाखको चेक रमादेवी पराजुलीले लिनु भएको हो । निजको आइडीसमेत लिई चेक भुक्तानी भएको हो । रमादेवीले नै भुक्तानी लगेको हो, त्यसमा कम्पनीको छापसमेत लागेको छ । उक्त भनाइ जाहेरवालाको झुट्ठा हो। प्रतिवादी बाबुलाल श्रेष्ठ निर्दोष हुन् निज निर्दोष हुँदा सजाय हुनु पर्ने होइन भनी बकपत्र गरेको देखिन्छ भने प्रतिवादी बाबुलाल श्रेष्ठको दस्तखत किर्ते हो वा होइन भन्ने सम्बन्धमा सो दस्तखतको परीक्षण अभियोजन पक्षले गराएको देखिँदैन। त्यसैगरी रमादेवीको नाममा काटिएको चेकको पछाडिपट्टिको दस्तखतसँग रमादेवीको दस्तखत परस्परमा मिल्ने गुणहरू नदेखिएकोले निश्चित राय दिन नसकिने भनी विशेषज्ञको परीक्षण प्रतिवेदनमा उल्लेख भएबाट पनि यी प्रतिवादीले किर्ते गरेका हुन् भनी भन्न मिल्ने नदेखिने।

प्रतिवादी मौकामा प्रहरीसमक्ष र अदालतमा समेत आरोपित कसुरमा इन्कारी रही बयान गरेको, चेकको रकम यिनै प्रतिवादीले बुझेको भन्ने विशेषज्ञको परीक्षणबाट पुष्टि नभएको अवस्थामा चेकको पछाडिपट्टिको दस्तखत यी जाहेरवाली रमादेवीसँग नमिलेको आधार र कारणले मात्र प्रतिवादीले नै सो रकम बुझेका रहेछन् भनी मान्न मिल्ने नदेखिने।

अतः यी जाहेरवाली रमादेवीका नाममा काटिएको भनिएको रू.५,००,०००।– को चेक स्वयं जाहेरवालीकै नाममा काटिएको र सो चेकको रकम प्रतिवादीलाई भुक्तानी दिइएको भनिएकोमा भुक्तानी दिने बैंकका कर्मचारीहरूलाई अभियोग लगाएको नदेखिएको प्रतिवादीले चेकबमोजिमको रकम भुक्तानी लिएको कुरामा अधिकारप्राप्त अधिकारी र यस अदालतमा बयान गर्दासमेत निजले इन्कार गरेको देखियो । साथै यी प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ को खण्ड (क), (ख) र (ग) को कसुर गरेको भन्ने ठोस र वस्तुनिष्ट प्रमाण नदेखिएकोले निज प्रतिवादी बाबुलाल श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल आषाढ १८ गते रोज २ शुभम्।

## ६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७३-WO-०९६३, उत्प्रेषण / परमादेश, *डा. खेमबहादुर कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक डा. खेमबहादुर कार्कीलाई मिति २०७१।४।२८ को नेपाल सरकार मन्त्रीस्तरीय निर्णयले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को

सदस्य सचिव पदमा चार वर्षको लागि नियुक्त गरिएको अवस्थामा सो निर्णयअनुसार निवेदकको पदावधि २०७५।४।२७ मा समाप्त हुनेमा पदावधि बाँकी छँदै निजलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११।१७ को निर्णयानुसार पदमुक्त गरी विपक्षी डा. स्वयमप्रकाश पण्डितलाई सदस्य सचिवमा मनोनयन गरिएको उक्त निर्णय कानूनसम्मत नभएको भनी प्रस्तुत निवेदन पर्न आएको देखिन्छ । यस अदालतबाट मिति २०७३।१२।२ मा जारी भएको अन्तरिम आदेशबमोजिम निवेदक सो पदमा कार्यरत रहेकोमा मिति २०७५।४।२७ मा निजको ४ वर्षको पदावधि समाप्त भइसकेको पाइयो। निवेदकको पदावधि नै समाप्त भइसकेको स्थितिमा प्रस्तुत निवेदनको प्रयोजन रहन नसक्ने हुँदा निवेदन दाबीबमोजिमको आदेश जारी हुन सक्ने नदेखिने।

तसर्थ, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सदस्य सचिव पदमा मिति २०७१।४।२८ मा नियुक्त भई आफ्नो चार वर्षको पदावधि बाँकी छँदै आफूलाई पदमुक्त गरी विपक्षी डा.स्वयमप्रकाश पण्डितलाई सो पदमा नियुक्त गरिएको मन्त्रिपरिषद्को निर्णय उत्प्रेषणको आदेशले बदर गर्न निवेदन दाबी रहेकोमा मिति २०७५।४।२७ मा निवेदक डा. खेमबहादुर कार्कीको ४ वर्षको पदावधि समाप्त भइसकेको देखिँदा प्रयोजन समाप्त भएको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल भदौ १७ गते रोज १ शुभम्।

**७**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७३-WO-०६३३, उत्प्रेषण / परमादेश, *एम.वि. कन्स्ट्रक्सन प्र.लि.समेत वि. सार्वजनिक खरिद अनुगमन समिति, रेडक्रस मार्ग ताहाचलसमेत*

निवेदक कम्पनीको योग्यताको विषयमा डिभिजन कार्यालय रसुवा तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको उजुरीको सम्बन्धमा छानबिन गर्न गठित समितिको प्रतिवेदनमा समेत निवेदक कम्पनीको अनुभव Bid Document मा उल्लेख भएअनुसार उस्तै प्रकृतिको 1 No. of contract with construction of RCC Framed Structure Budding with value NRs.48,48,95,000.00 in last 10 years सँग मेल खाएको नदेखिएको भनी खुलाएको भन्ने लिखित जवाफ रहेको र सार्वजनिक खरिद पुनरावलोकन समितिले निर्णय गर्दा सोही आधार लिएको देखिन्छ। उक्त ऐनको दफा ५०(४) मा सार्वजनिक खरिद पुनरावलोकन समितिले निर्णय गर्दा आवश्यक परेको अवस्थामा मात्र दुवै पक्षलाई बुझ्नु पर्ने गरी कानूनी व्यवस्था रहेको देखिन्छ। पुनरावलोकन समितिले उक्त दफा ५०(४) बमोजिम सार्वजनिक निकायबाट पेस भएको जानकारी, प्रतिक्रिया, निवेदकले निवेदनका साथ पेस गरेका प्रमाण, कागजातका आधारमा निर्णय गरेको भन्ने देखिन्छ । सम्बन्धित सार्वजनिक निकायबाट पेस भएको जानकारी तथा प्रतिक्रियाबाटै रिट निवेदक कम्पनीको योग्यता नपुगेको भन्ने देखिएको अवस्थामा रिट निवेदकको Bid Document अनुसारको योग्यता नभएको भनी सार्वजनिक खरिद पुनरावलोकन समितिबाट निर्णय भएको देखिँदा सो निर्णयलाई गैरकानूनी भन्न मिल्ने नदेखिने।

मिति २०७४।२।२७ मा प्रकाशित सूचनाअनुसार मिति २०७४।३।१९ मा विपक्षीमध्येका श्यामसुन्दर / रविना जे.भी. र डिभिजन कार्यालय, रसुवाबिच ठेक्का सम्झौतासमेत सम्पन्न भइसकेको भन्ने देखिन्छ। विपक्षीमध्येका श्यामसुन्दर / रविना जे.भी. को बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र स्वीकृत गर्ने भनी सूचना

प्रकाशित भएउपर रिट निवेदकले कानूनबमोजिम सम्बन्धित सार्वजनिक निकायसमेतमा उजुर गरेको भन्ने खुलाउन सकेको देखिँदैन । कानूनबमोजिम प्राप्त साधारण उपचारको मार्गबाट उपचार नखोजी विपक्षी डिभिजन कार्यालय, रसुवा र श्यामसुन्दर / रविना जे.भी. बिच ठेक्का सम्झौता सम्पन्न भई ठेकेदार कम्पनीले निर्माण कार्यको लागि भुक्तानीसमेत लिई कार्य नै सुरू गरिसकेको भन्ने लिखित प्रतिवादसमेतबाट खुल्न आएको पाइन्छ । यसरी विपक्षीमध्येको श्यामसुन्दर / रविना जे.भी.को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भई सो सूचनाबमोजिम दुई पक्षबिच ठेक्का सम्झौतासमेत सम्पन्न भई निर्माण कार्य नै सुरू भइसकेपश्चात् श्यामसुन्दर / रविना जे.भी.को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना बदरका लागि कानूनबमोजिम प्राप्त साधारण मार्गसमेत अवलम्बन नगरी उक्त निर्णय सूचना बदरका लागि ढिलो गरी पूरक निवेदन पर्न आएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने ।

तसर्थ माथि विवेचित तथ्य, आधार र कारणहरूबाट एम.वि. / चक्रेश्वरी / शिवशक्ति जे.भि.को बोलपत्र स्वीकृत गर्ने आशयको निर्णय सूचना तथा सोका आधारमा गरिएका पत्राचारसमेत सो हदसम्म बदर गर्ने गरी सार्वजनिक खरिद पुनरावलोकन समितिले मिति २०७३।८।१५ मा गरेको निर्णयमा कुनै प्रत्यक्ष कानूनी त्रुटि विद्यमान रहेको देखिएन । साथै सो निर्णयपश्चात् विपक्षी डिभिजन कार्यालय, रसुवाबाट विपक्षीमध्येका श्यामसुन्दर / रविना जे.भी.को बोलपत्र स्वीकृत गर्ने आशयको जारी निर्णय सूचनाका आधारमा ठेक्का सम्झौता भई निर्माण कार्य नै सुरू भइसकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल जेठ २४ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०६७-CI-०९२४, हक कायम दर्ता, *जलेश्वर चौधरी वि. बन्दीलाल साह हलुवाईसमेत*

नदी उकासको दाबीको कि.नं.८५ को सरकारी जग्गामा वादी प्रतिवादी वा अन्य कुनै व्यक्तिले पनि कब्जा गरी भोग गर्नु कानूनविपरीत हुने देखिन्छ । सरकारी जग्गामा पछि कुनै व्यक्तिले भोग गरेकै आधारमा उक्त जग्गा व्यक्तिको हुन सक्दैन । यसर्थ सरकारी जग्गालाई भोग गरेको भन्ने आधारमा व्यक्तिको हक कायम गरी दर्ता हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिँदैन । उक्त फैसला केही उल्टी गरी न.नं. १ देखि ६ सम्मका सम्पूर्ण जग्गामा आफ्नो हक कायम गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, उदयपुर जिल्ला गाईघाट गा.वि.स. वडा नं. १(क) कि.नं. ८५ को ५३-५-५ जग्गा मिति २०२८।१२।१६ को सर्वे नापीबाट त्रियुगा नदी जनिई सरकारी भएको देखिँदा सो जग्गामध्ये न.नं. १ को १-२-० जग्गासम्ममा वादीको हक कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०६६।११।२० को फैसला नमिलेको हुँदा उल्टी भई उक्त कि.नं. ८५ को समुच्च जग्गा सरकारी ठहर्ने ।

इजलास अधिकृत : विकाशकुमार रजक

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल आश्विन १ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०६७-WO-०९२८, उत्प्रेषण / परमादेश, *राजेन्द्रप्रसाद जोशी वि. सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय वैद्यनाथ बाहिनीसमेत*

प्रत्यर्थी सशस्त्र प्रहरी बल उग्रतारा गण टिकापुर कैलालीले आन्तरिक सञ्चारका अतिरिक्त सो विषयक जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको

च.नं.५७४७ मिति २०६८।३।१२ को पत्र एवं इति संवत् २०६८।३।१२ रोज १ मा गरिएको कार्यविधिगत खोजतलास गर्दा फेला नपरेको उल्लिखित सार्वजनिक मुचुल्कासमेतका कागजातबाट २०६८।३।१२ सम्ममा रीतपूर्वकका काम कारबाही गरिरहेको देखियो तर निवेदकलाई सेवाबाट हटाउने गरी भएको निर्णय मिति २०६७।८।१९ मै भइसकेको देखिँदा बर्खास्त सशस्त्र प्रहरी जवान निवेदकको सम्बन्धमा भएको निर्णयले निजलाई सुनुवाइको पर्याप्त सूचना दिएको मान्न मिलेन । यसप्रकार, हठात् सेवाबाटै बर्खास्त गरिसकेपछि सो निर्णयमा चित्त नबुझी मिति २०६७।०९।१४ मै अनुपस्थित हुनुको आधार कारण खोली निवेदकले पुनरावेदन-पत्र पेस गर्दागर्दै कुनै प्रकारले सम्पर्क स्थापित गर्न असम्भव भएसमेतको आधार खोली गरेको निर्णय र पछि तयार भएका खोजतलास गर्दा फेला नपरेको बेहोरासमेतका मिसिल सामेल मुचुल्काजन्य कागजातको रोहमा उक्त मिति २०६७।०८।१९ को सुरू निर्णय र सो सदर गर्ने मिति २०६७।१०।०७ को निर्णय प्रथमदृष्टिमा नै गम्भीर त्रुटिपूर्ण देखिँदा कानूनसम्मत मान्न नमिल्ने ।

निवेदकको सेवाको प्रकृति हेर्दा नि:सन्देह कठोर अनुशासनमा रहनुपर्ने नै हो । यसो भन्दैमा नेपाली नागरिकका लागि प्रदत्त संवैधानिक तथा कानूनी हक-अधिकारबाट वञ्चित हुनुपर्ने भन्ने किमार्थ हुन सक्दैन। यसैगरी वर्षौं सेवारत स.प्र.ज. लाई बिरामी परे भनी सप्रमाण पुनरावेदन गर्दा पनि सेवाबाटै हटाउने जस्तो कठोर (विशेष सजाय) निर्णय गर्ने अधिकारीमा पनि कानूनी र कार्यविधिगत ज्ञान हुनुपर्ने कानूनतः सामान्य अपेक्षा रहेकै हुन्छ। यो विना कानूनको शासन व्यवहारमा अभ्यस्त हुन सक्दैन । सामान्य सजाय गरेर किन नपुग्ने हो र किन विशेष सजाय गर्नुपरेको हो जस्ता आधारभूत आधार, कारण र सोको यथेष्ट प्रमाण निर्णयमा नदेखिने।

यसर्थ, जिल्ला प्रहरी कार्यालय कञ्चनपुर भिमदत्तनगरको च.नं.५७६० मिति २०६८।३।१३ को सार्वजनिक मुचुल्काजन्य कानूनी विधि र प्रक्रिया अवलम्बन गरे तापनि सो सम्पन्न हुनुअगावै निवेदकलाई सेवाबाट हटाउने गरी भएको उक्त निर्णयले उपर्युक्त कार्यविधिगत प्रक्रियासमेतको सम्मान गर्न नसकेको प्रतीत हुन्छ। सेवारत स.प्र.ज. लाई सेवाबाट हटाउनेजस्तो विशेष सजाय गर्दा सरकारले निजमाथि गरेको लगानी र स्वयंको इच्छा र परिस्थितिलाई हेरी विचारी निर्णय गर्नुपर्ने हुन्छ। यसका लागि निर्णय गर्ने निकाय वा अधिकारीले सशस्त्र प्रहरी नियमावली, २०६० को परिच्छेद -१० को नियम ८७ को खण्ड (छ) बमोजिम अनुपस्थित भएको १५ दिनपछि मात्र सेवाबाट हटाउने कारबाही सुरू गर्नुपर्ने कार्यविधिगत व्यवस्था पूरा नगरेको च.नं. ४६७ मिति २०६७।८।९ को विपक्षी प्रत्यर्थीको सूचनासमेतबाट देखिने। सजाय दिन पाउने निर्णयाधिकारीले सम्बन्धित पक्षलाई प्रस्तावित सजाय किन नगर्नुपर्ने हो सोको कारण माग्ने जस्ता सुनुवाइजन्य आधारभूत प्राकृतिक न्यायका प्रक्रियाहरू गरेजस्तो मात्र होइन; अपितु सो काम गरेको देखिनु पनि पर्दछ । यी निवेदकका हकमा अवलम्बन गरिएका कानूनी प्रक्रियाहरू सन्देहरहित रहेछन् भनी यकिन भन्न सक्ने अवस्था नदेखिने।

अतएव, उपर्युक्त विवेचित आधार एवम् प्रमाणसमेतबाट कानूनले नै स्पष्ट तोकेको १५ दिने हदम्यादको कार्यविधिगत प्रक्रिया सम्पन्न नगरी निवेदकलाई नोकरीबाट बर्खास्त गर्ने गरी भएको उग्रतारा गण टिकापुर कैलालीका सशस्त्र प्रहरी उपरीक्षकबाट मिति २०६७।८।१९ मा सेवाबाट हटाउने गरी गरेको सुरू निर्णय र सोलाई सदर गरेको सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय वैद्यनाथ बाहिनीको मिति २०६७।१०।७ को निर्णयसमेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदक सशस्त्र प्रहरी बलका प्रहरी जवान राजेन्द्रप्रसाद जोशीलाई पूर्ववत् सेवामा पुनर्बहाली

गर्नु गराउनु र उक्त अवधिमा निवेदकले पाउनु पर्ने तलबभत्ता समेत दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: अशोककुमार क्षेत्री

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल असोज १६ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७४-WO-००५९, उत्प्रेषण / परमादेश, *राजेन्द्रप्रसाद जोशी वि. सुदूरपश्चिम क्षत्रीय सशस्त्र प्रहरी बल मुख्यालय वैद्यनाथ बाहिनीसमेत*

प्रहरी कर्मचारीलाई मुद्दाको कारणबाट निलम्बनमा राखी बर्खास्त गरेकोमा सफाइ पाएपछि स्वतः पदमा पुनर्स्थापनाको हक रहिरहने हुन्छ । त्यसैले निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतयाः अयोग्य ठहरिने गरी मिति २०६१।५।२ बाट लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने भनी मिति २०६९।४।२ मा तत्कालीन जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट भएको निर्णय तथा पदमा पुनर्बहाली नगर्ने भनी प्रहरी प्रधान कार्यालयबाट मिति २०७४।३।६ मा पठाइएको राय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। निजले कर्तव्य ज्यान र जबरजस्ती करणीको कसुरमा सफाइ पाएपछि पुनर्बहाली गरी काम लिनु पर्नेमा त्यसो नगरी राखेबाट काम नगरेको अवधिको तलबसमेत दिनुपर्ने परिणाम सिर्जना हुन आयो। निवेदकको जन्ममिति २०२६।१२।१३ भन्ने देखिएकोले प्रहरी नियमावली, २०४९ को नियम ९८ को उपनियम (१) मा **"देहायका प्रहरी कर्मचारीको देहायबमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सरकारी सेवाबाट अवकास दिइनेछः-**

**(ज) प्रहरी हवल्दार र प्रहरी जवानको उमेर ४८ वर्ष पूरा भएमा"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। निवेदकको उमेर मिति २०७४।१२।१२ मा ४८ वर्ष पूरा भइसकेकोले निज स्वतः अवकाश भइसकेकोले निजलाई साबिक पदमा पुनर्बहाली गरी हाजिर गराई रहनु पर्ने नदेखिने।

तसर्थ, निज निलम्बन भएका मिति २०६०।७।२७ देखि अवकाश मिति २०७४।१२।१२ सम्मको तलब भत्ता तथा अन्य सुविधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल भदौ २० गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१०८०, आगलागी गोवधसमेत, *नेपाल सरकार वि. विष्णुबहादुर कुँवर जोगी*

जाहेरवालाले आफ्नो जाहेरीमा प्रतिवादीले जानीजानी आगो लगाएका हुन् भनी उल्लेख गर्न सकेका छैनन्। जाहेरवालाको घर गोठमा बास बसेका यी प्रतिवादीले त्यसमा पनि जाहेरवालाको सम्पत्तिमा नोक्सान पुऱ्याउनु पर्ने प्रतिवादीको कुनै मनसाय रहेको भन्ने देखिँदैन । जाहेरवालाले अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले चुरोट खाई फालेको ठुटोबाट आगो लागेको हुनुपर्छ भनी उल्लेख गरेको देखिएबाट यी प्रतिवादीले मनसायपूर्वक जाहेरवालाको उक्त गोठ घरमा आगो लगाएको भन्ने नदेखिने।

मनसाय बिना लापरवाहीपूर्वक यिनै प्रतिवादीको क्रियाबाट आगलागी हुन गएको देखिए तापनि यी प्रतिवादीले नै जानी जानी जाहेरवालाको घर गोठमा आगो लगाएको हो भन्ने चश्मदिद कोही व्यक्ति रहेको नदेखिएको र निज प्रतिवादीको चुरोट खाने

बानी भएको कारणले मात्र निजले नै आगो लगाएका होलान् भनी शङ्का र अनुमानका भरमा कसैलाई दोषी करार गर्न न्यायोचित हुँदैन । यी प्रतिवादीले जाहेरवालाको घरमा मनसायपूर्वक आगो लगाई क्षति गराउनु पर्ने कुनै आधार र कारण देखिन नआएकोले प्रतिवादीउपर अभियोग दाबीबमोजिमको कसुर कायम गरी सजाय गर्नु न्यायोचित रहेको नदेखिएको हुँदा यी प्रतिवादी विष्णुबहादुर कुँवरलाई कैद जरिवाना वा बिगोसमेत भराउने गरी भएको सुरू सिन्धुली जिल्ला अदालतको मिति २०५८।०९।२४को फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ प्रदान गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१०।०४ मा भएको फैसला मिलेकै देखिन आएकोले पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट यी प्रतिवादी विष्णुबहादुर कुँवरले अभियोग दाबीबमोजिमको कसुर गरेको नदेखिएकोले निजलाई कैद जरिवाना वा बिगोसमेत भराउने गरी भएको सुरू सिन्धुली जिल्ला अदालतबाट मिति २०५८।९।२४ मा भएको फैसला उल्टी गरी निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ प्रदान गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१०।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-००२६, लेनदेन, *युद्धनारायण यादव वि. भौसाई भन्ने बालगोविन्द दास बैरागी*

वादी दाबीको लिखतमा प्रतिवादीको नाउँमा दर्ता रहेको जिल्ला सप्तरी, चनौरापडरीया गा.वि.स. वडा नं.३ कि.नं. ४९ को ०-४-४ जग्गा राजिनामा गरी दिने लिने भनी रजिस्ट्रेसन पारित गर्ने ढाँचामा उक्त लिखत मालपोत कार्यालय, सप्तरीमा बसी तयारसम्म भएको देखिन्छ । सो लिखत पारित गर्ने निकायको रूपमा रहेको मालपोत कार्यालयमा बसी तयार गरिएको र उक्त लिखत रजिस्ट्रेसन पारित हुन सकेको नदेखिने।

जुन व्यवहार प्रयोजनका लागि लिखत तयार भएको हो, सोबमोजिमको लिखत पारित नभएपछि लिखतबमोजिमको उक्त कार्य सम्पन्न नभई उक्त लिखतको प्रयोजनसमेत समाप्त हुन पुगेको देखिएकाले लेनदेन व्यवहारको २ नं. र ४० नं.आकर्षित हुने अवस्था नै देखिँदैन । उक्त लिखतमा लेखिएको थैली परेको भए सोको प्रमाण पुऱ्याउनु पर्ने भार प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार वादीमा हुन्छ । प्रस्तुत मुद्दामा वादीले दाबी लिएको उक्त विवादित लिखत प्रतिवादीलाई देखाई मुलुकी ऐन अ.बं. ७८ नं. बमोजिम सनाखत बयान गर्दा, प्रतिवादीले कुनै रकम लिनु दिनु नगरेको बेहोरा खुलाई बयान गरेको देखिन्छ भने वादीले रकम लिई राजिनामा लिखत तयार भएकोमा लिखत पारित पनि नभएको र रूपैयाँ पनि फिर्ता नदिएको भनी बयान गरेको देखिन्छ । तर प्रतिवादीले दाबीको रकम लिएको भन्ने तथ्य मिसिल संलग्न अन्य प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिने।

तसर्थ विवेचित आधार प्रमाण एवं कारणहरूबाट वादी दाबीको लिखतबमोजिम थैली प्रतिवादीले बुझी लिएको भन्ने तथ्य मिसिल प्रमाणबाट स्थापित हुन आएको नदेखिँदा रजिस्ट्रेसनको ६ नं. बमोजिम वादी दाबी पुग्न सक्ने अवस्थाको देखिन नआएकोले वादीले मिति २०६१।९।२३ को राजिनामा लिखतबमोजिमको सावाँ र ब्याज प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६७।३।२२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।५।३

मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०८२७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. गौतम तामाङसमेत*

काठमाडौं मोडेल हस्पिटलबाट सन् २००९ जुन २० मा भएको घाइते मणिककुमार तामाङको घाउ जाँच केस फाराम हेर्दा निजको बायाँ हातको तेस्रो औंलाको बिचमा 6×3×3cm लामो काटेको घाउ, टाउकोको बायाँ भागमा 6×0.5cm काटेको घाउ, बायाँ र दाहिने दुवै खुट्टाको सानो हड्डी, हातको सानो हड्डी भाँचिएको, शरीरको विभिन्न भागहरूमा डामहरू देखिएको र धार भएको हतियार प्रयोग भएको भन्ने बेहोरा उल्लेख भएको देखिँदा प्रतिवादीहरू गौतम तामाङ, सोनाम तामाङसमेतको कर्तव्यबाट पीडित मणिककुमार तामाङलाई चोट पर्न गएको भनी घाइते स्वयं र घटना विवरणका व्यक्तिसमेतले मौकामा पोल गरेबाट प्रतिवादीहरू गौतम तामाङ, सोनाम तामाङसमेतको कर्तव्यबाट नै पीडितको शरीरमा चोट पर्न गई निज घाइते भएको देखिने।

मूलतः ज्यान मार्ने उद्योगजस्तो संगीन फौजदारी अपराधका आपराधिक चरणहरू १. आशय वा मनसाय २. तयारी ३. उद्योग ४. आपराधिक कार्य (Actus Reas) पूरा हुनुपर्ने अर्थात् अपराध गर्ने मनसाय (Mens reas) भई तयारी पूर्ण भएपछि कार्य गर्नेतर्फ उद्यत भई अभियुक्तले ज्यान मार्ने मनसायले मर्नेसम्मको काम गरेको हुनुपर्ने र त्यस्तो काम गरिसकेर वा गर्दै गर्दा तेस्रो पक्षको उपस्थिति (Third Party Intervention) हुन गई ज्यान भने मर्न नपाएको अवस्थालाई ज्यान मार्ने उद्योगको कसुर मानिने ज्यानसम्बन्धीको १५ नं. को व्यवस्था हो। यसको अर्थ प्रतिवादीहरूले ज्यान मार्ने नै नियत राखी कुटपिट गरेमा र कुटिने व्यक्ति नमरेमा ज्यानसम्बन्धीको महलको १५ नं. आकर्षित हुने र यस्तो नियत नदेखिएमा कुटपिटको महलका व्यवस्थाहरू आकर्षित हुने।

फौजदारी न्यायमा अभियोगबमोजिमको कार्य अभियुक्तबाट भएको हो भनी कसुर स्थापित गर्ने विषय तथ्य र प्रमाणको न्यायसङ्गत विवेचनाबाट हुनुपर्ने हुन्छ, कसैउपर अभियोग लगाउनु नै पर्याप्त हुँदैन। दाबी लिएको कुरालाई पुष्टि गर्ने शंकारहित प्रमाण अभियोजन पक्षले पेस गर्न सक्नुपर्ने पीडितको जिउ, आङमा घाउ, चोटपटक देखिएकोबाट घटना घट्न गएकोमा विवाद नदेखिने र निज प्रतिवादीहरूले घाइते मणिककुमारलाई कुटपिट गरेको भनी पोल रहेको स्थिति छ। यस स्थितिमा वारदातको प्रकृतिसमेतलाई विचार गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ मा "यस ऐनबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची-१ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही किनारा गर्नुपर्नेछ" भन्ने व्यवस्थासमेतबाट कुटपिटसँग मिल्दोजुल्दो देखिने प्रकृतिको प्रस्तुत वारदातलाई कुटपिटमा परिणत गर्ने गरी भएको पुनरावेदन अदालत पोखराको फैसला अन्यथा नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गरी पाउने प्रयोजनार्थ विपक्षी झिकाई पाउँ भन्ने बेहोराको विद्वान् उपन्यायाधिवक्ताको बहस एवं वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त विवेचित आधार, कारणबाट प्रतिवादीहरू सोनाम तामाङ र गौतम तामाङको ज्यान मार्ने उद्योगजस्तो संगीन अपराधमा प्रत्यक्ष संलग्नता रहेको तथ्य वस्तुनिष्ठ आधारबाट स्थापित हुन नसकेको अवस्था एवं प्रतिवादीहरूको आरोपित कसुर कार्यमा रहेको संलग्नताबारे अभियोजन पक्षले

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आफ्नो दाबी प्रमाणित गर्नुपर्ने दायित्व पूरा गर्न नसकेको स्थितिमा निज प्रतिवादीहरूलाई आरोपित कसुरमा सफाइ दिने र पीडितको जिउमा पर्न गएको घाउ चोट एवं वारदातको प्रकृतिसमेत विश्लेषण गरी मुद्दा सकार्न आएमा कुटपिटमा परिणत हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७२।३।१ को फैसला तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिमको कानूनी व्यवस्थाका आधारमा समेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१०३६, वैदेशिक रोजगार कसुर, *अनुप खनाल वि. नेपाल सरकार*

दुवै जाहेरवालाहरूले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बकपत्र र निजहरूले पेस गरेका लिखत कागजबाट प्रतिवादीले वैदेशिक रोजगारमा पठाउने र सो गर्न नसकेमा कानूनबमोजिमको कारबाहीको लागि मन्जुर रहने भन्ने बेहोराको लिखत गरी जाहेरवालाहरूसँग रकम लिएको भन्ने बेहोराको जाहेरी दरखास्त समर्थन हुन गएको स्थिति छ । प्रतिवादीले जाहेरी दरखास्त एवं जाहेरवालाले पेस गरेका लिखतहरूलाई अन्यथा हो भनी विश्वसनीय एवं वस्तुनिष्ठ तवरले खण्डन गर्न सकेको स्थिति देखिँदैन । साथै प्रतिवादीले जाहेरवाली मैयाँ श्रेष्ठले पेस गरेको कागजमा आफ्नो मन्जुरीले सहिछाप गरेको होइन, निजको घरमा बोलाई ८/१० जना मानिससमेत भई जबरजस्ती गराएको हो र अर्का जाहेरवाला राजेन्द्र लुइटेलले पेस गरेको कागज उपेन्द्र ढुंगानालाई रकम दिँदा जमानी बसेकोमा निजले बेइमानी चिताई वैदेशिक रोजगारको कागज बनाएको भनी (स.ज १२) न्यायाधिकरणसमक्ष बयान गरेको भए तापनि उक्त लिखतको शीर पुच्छारमा लागेको सही छाप मेरै हो भनी (स.ज.७) सहिछापलाई स्वीकार गरेको अवस्थाबाट निजको बयान विश्वसनीय नदेखिने।

जाहेरवाला मैयाँ श्रेष्ठसँग भएको लिखतका साक्षी महेन्द्र खडका यादव र महेशमान विष्टले अदालतमा आई गरिदिएको बकपत्रमा प्रतिवादी अनुप खनालले जाहेरवाला मैयाँ श्रेष्ठका छोराहरूलाई वैदेशिक रोजगारमा पठाइदिने भनी निजबाट रकम लिएको, लिखतमा आफूसमेत साक्षी बसी सहिछाप गरिदिएको हो भनी लेखाइदिएको देखिन्छ । निजको सो कागजलाई अन्यथा हो भन्ने प्रतिवादीको खण्डन जिकिर देखिँदैन । जाहेरवालाले बकपत्र गर्दा प्रतिवादीले वैदेशिक रोजगारमा अमेरिका पठाइदिन्छु भनेकोले रकम दिएको हुँ भनी लेखाइदिएको र सोही बेहोराको लिखतसमेत पेस गरेको देखिँदा प्रतिवादी अनुप खनालले बिना इजाजत जाहेरवालालाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम लिई भाखा गरी भाखाबमोजिम वैदेशिक रोजगारीमा नपठाई रकमसमेत फिर्ता नगरेको देखिएबाट प्रतिवादीको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत देखिने।

जाहेरवालाहरूले पेस गरेको लिखत कागजहरू प्रतिवादीलाई जबरजस्ती करकापमा पारी गराइएको हो, आरोपित कसुर कार्यमा आफ्नो संलग्नता नरहेकोले सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादीको जिकिर रहे तापनि एकातिर निजहरूबिचको उक्त लिखत कहिँकतैबाट बदर वातिल भएको अवस्था छैन भने अर्कोतिर प्रतिवादीले इन्कारी जिकिर लिइसकेपश्चात् प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिमको प्रमाण पुऱ्याउने भार निजमा रहने र आफ्नो जिकिरलाई पुष्टि गर्ने वस्तुनिष्ठ सबुद प्रमाण पुऱ्याउनुपर्ने दायित्व निजमा हुन्छ । यस अवस्थामा प्रतिवादीले आफ्नो इन्कारी बयानलाई समर्थन हुने गरी साक्षीसम्म बकाउन सकेको पाइँदैन । प्रतिवादीले

आफू र जाहेरवाला मैयाँ श्रेष्ठबिच लेनदेन कारोबार एवं करारनामासमेत भएको भने तापनि सो लेनदेन, करारनामा सम्बन्धमा मिति २०६९।३।१५ को लिखतमा केही उल्लेख भएको देखिँदैन । यसरी प्रतिवादीले निज जाहेरवालाहरूसँग वैदेशिक रोजगारीमा पठाइदिने, उल्लिखित समयमा सो कार्य गर्न नसकेमा साँवा ब्याजसमेत भराई लिएमा मन्जुर रहेको भन्ने बेहोराको लिखत गरेको देखिएको स्थिति एवं प्रतिवादी स्वयंले लिखतमा रहेको हस्ताक्षर आफ्नो हो भनी स्वीकारेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ३५ को व्यवस्थाबमोजिम निजहरूबिचको लिखतले प्रमाणको मान्यता पाउने नै देखिने।

प्रतिवादी अनुप खनालले वैदेशिक रोजगारको लागि इजाजत लिएको देखिँदैन र निजले यी जाहेरवालालाई लिखतबमोजिम वैदेशिक रोजगारीका लागि पठाउन सकेको पनि नदेखिएको एवं उक्त दुवै जाहेरवालाको लिखतमा भएको ल्याप्चे, सहिछाप र दस्तखत आफ्नो हो भनी प्रतिवादीले स्वीकार गरेको अवस्था एवं जाहेरवालाले पेस गरेको कागजलाई करकापबाट भएको भनी दाबी लिएकोमा करकापसँग कागज गराएको नदेखिएको भनी उच्च अदालत पाटनबाट फैसला भएको र सोउपर यस अदालतमा परेको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने ०७४-RI-१३८० नं. को करकाप मुद्दाको निवेदनमा आज यसै इजलासबाट मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान नहुने आदेश भएको अवस्थासमेतबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसुरमा निज प्रतिवादीलाई दुई (२) वर्ष कैद सजाय र रू.२,००,०००।– (दुई लाख) जरिवाना भई जाहेरवालाहरूले अभियोग माग दाबीको हर्जानासमेतको बिगो प्रतिवादी अनुप खनालबाट भराई पाउने ठहरी भएको फैसला अन्यथा भन्न मिल्ने देखिएन । तसर्थ, प्रतिवादीको कसुर कार्य तथा तत्सम्बन्धी कानूनी व्यवस्था एवं अभियोग मागदाबीसमेतका आधारमा प्रतिवादीलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको सजाय मनासिब नै देखिँदा आरोपित कसुरबाट सफाइ पाउने प्रयोजनका लागि विपक्षी झिकाई पाउँ भन्ने पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस एवं सोही बेहोराको प्रतिवादी अनुप खनालको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाणबाट प्रतिवादी अनुप खनाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार दुई वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना भई जाहेरवालाहरूले अभियोग माग दाबीबमोजिमको हर्जानासमेतको बिगो प्रतिवादी अनुप खनालबाट भराई पाउने ठहर्छ भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७२।५।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भाद्र २७ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-०१७३, उत्प्रेषण, *मिराकुमारी काफ्लेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नापीमा मनोहरा खोला जनिई नाप नक्सा भएको देखिन्छ । उक्त कित्ता नं. ४२३ लगायतका जग्गाहरू नेपाल सरकार मनोहरा जग्गा एकीकरण आयोजनामा परेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । कुनै पनि जग्गाको हक स्वामित्वसम्बन्धी विवाद निरूपण गर्दा नापीमा खडा भएको फिल्डबुकमा लेखिएको बेहोराहरू महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । फिल्डबुकमा लेखिने बेहोरा सो विवादित जग्गाको स्वामित्वको सम्बन्धमा कालान्तरसम्ममा विवादको यकिन गर्ने प्रमाण मानिन्छ भन्ने सिद्धान्तसमेत यस अदातलबाट ने.का.प २०७४, निर्णय नं. ९८०२, अङ्क ५, हेरादेवी

बज्राचार्यसमेत विरूद्ध पूर्णलाल महर्जनसमेतको मुद्दामा प्रतिपादन भएको छ। सो परिप्रेक्ष्यमा, उल्लिखित जग्गा लगतबाट गुठीको भन्ने आधार नदेखिएको र नापीको फिल्डबुकमा मनोहरा खोला जनिई नाप नक्सा भई नेपाल सरकार मनोहरा जग्गा एकीकरण आयोजनाको नाममा दर्ता स्रेस्ता कायम भइसकेको अवस्थामा सो जग्गाको सम्बन्धमा अन्यथा मान्न मिल्ने अवस्था नदेखिने।

मोहीको हैसियतले जग्गामा जोतभोग गरी आएको भन्ने दाबी लिने निवेदकहरूले अदालतलाई विश्वास दिलाउन वस्तुनिष्ठ प्रमाणको आधारमा दाबी स्थापित गर्नुपर्ने हुन्छ । तर निवेदकहरूले निजहरू वायुदेवता गुठीको जग्गाको मोही रहेको भन्ने सम्बन्धमा भरपर्दो वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । यस अवस्थामा निजहरू सो जग्गाको मोही रहेको भन्न मिल्ने नदेखिने।

अतः माथि उल्लेख भएअनुसार उक्त भक्तपुर जिल्ला, दिव्येश्वरी गा.वि.स., वडा ४(ख)१, कित्ता नं. ४२३ को जग्गा फिल्डबुकमा मनोहरा खोला जनिई नाप नक्सा भएको नेपाल सरकार मनोहरा जग्गा एकीकरण आयोजनामा परेको जग्गा रहेको देखिएको र सो जग्गामा निवेदकहरूले मोहीको हैसियतले जोतभोग गरेको भन्ने प्रमाणको अभावमा रिट निवेदन मागदाबीबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असोज १५ गते रोज २ शुभम्।

## इजलास नं. ४

**१**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०२१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमबहादुर मोक्तानसमेत*

प्रतिवादीमध्येका प्रेमबहादुर मोक्तान र मृतक श्रीमती विमाया थिङका बिच प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको प्रमाणबाट देखिन आउँदैन । प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको देखिए पनि धारिलो हतियार प्रयोग भएको अवस्था पनि छैन । मृतकले रक्सी खाई झगडा गरेको र करणी गर्न माग्दा दिन्न भनी इन्कार गरी आफ्नो यौन मनसाय परिपूर्ति गर्न नदिएको कारणबाट प्रतिवादी र मृतकबिच वादविवाद भएको र श्रीमतीलाई त्यसो नगर्न सम्झाउँदा उल्टै गाली गरी काट्छु, मार्छु, भएको दुवै घरगोठसमेतमा आगो लगाई जान्छु भनेकोले तत्काल उठेको रिसबाट मृतकको टाउको समाती खाट र मूल खाबामा ठोक्काएको कारणबाट मृत्यु भएको भन्ने देखिन्छ । सो कुरालाई मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरासमेतले पुष्टि गरेको देखिने।

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी रहेको एवं मृतकलाई मार्न जोखिम हतियारको प्रयोग भएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन । तसर्थ प्रस्तुत वारदातमा उल्लिखित कानूनी व्यवस्था एवं मिसिल संलग्न प्रमाणबाट प्रतिवादी प्रेमबहादुर मोक्तानले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३ नं. को कसुर गरेको नभई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर अपराध गरेको देखिन आउने।

प्रतिवादी जयराम मोक्तानको हकमा विचार गर्दा निजले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा मृतकको लास रहेको डोकोसम्म समातेको कुरा स्वीकार गरेको देखिन्छ । मुख्य अभियुक्त प्रेमबहादुर मोक्तानले मेरो श्रीमती मरिसकेपछि बिहान जयबहादुलाई बोलाई डोको थाप्न लगाई मैले डोको बोकी भीरबाट फालेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा

बयान गरी यी प्रतिवादीको लास फाल्नमा संलग्नता नरहेको बेहोरा लेखाएको पाइन्छ। यी प्रतिवादी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम मृतकलाई मार्नेलगायतको कुनै पनि मतसल्लाहमा संलग्न रहेको मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। प्रतिवादीले केबल लास राखेको डोकोसम्म समाएको देखिएको र मानिस मरेको तथ्य लुकाई जाहेरी गरेको नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. बमोजिमको कसुरसम्म गरेको देखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी प्रेमबहादुर मोक्तानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्या गरेकोमा १०(दश) वर्ष कैद सजाय र अर्को प्रतिवादी जयबहादुर मोक्तानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. बमोजिम रू.२०।– जरिवाना गर्ने गरेको सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९/१२/१९ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०/१०/८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७४ साल भाद्र २१ गते रोज ४ शुभम्।

## २

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-१८१८, खिचोला मेटाई चलन चलाई पाउँ, *नइम राई वि. अमिन कबडिया*

मिसिल संलग्न बाँके जिल्ला अदालतबाट मिति २०६९।१०।२० गते भई आएको नक्सा मुचुल्कालाई हेर्दा न.नं. ५ र न.नं. ८ मा क्रमशः कि.नं. ५९ र १७८ का जग्गाहरू वादी अमिन कबडियाको नाम दर्ताको जग्गा भएकोमा विवाद देखिँदैन । उक्त जग्गामा पक्की भुइँतले घर जग्गा जसमा वादीको कि.नं. १७८ को घर जग्गामध्येको र प्रतिवादीको कि.नं. १७७ को घर जग्गामध्येको गरी १ मिटर चौडाइको एकै मिलानको वादी प्रतिवादीको घरको छतमा जाने दुवैको भोगमा रहेको साझा भऱ्याङ र सो भऱ्याङमध्ये प्रतिवादीले आफ्नोतर्फको ०.५० मिटर भऱ्याङको तर्फ पिलर बनाई सो भऱ्याङको माथिबाट बीम राखेको अवस्थामा रहेको विवादित भऱ्याङ भनी उल्लेख भएको देखिँदा दुवैको साझा भोगमा रहेको उक्त भऱ्याङतर्फ प्रतिवादीले पिलर बनाई सोको माथिबाट बीम राख्ने कार्यलाई न्यायसङ्गत मान्न मिल्ने नदेखिने । न.नं. ८क मा वादीको कि.नं. १७८ मध्येकै जग्गा रहेको र प्रतिवादी नइम राईको भोग चलनमा रहेको विवादित घर जग्गा देखिन्छ। सो विवादित न.नं. ८ को घर जग्गालाई प्रतिवादीले आफ्नो नाम दर्ता स्रेस्ता नक्साभित्रकै जग्गा हो भनी भन्न कुनै प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। न.नं. ८क को कि.नं. १७८ मध्येको वादीको जग्गामा प्रतिवादीको निर्माणाधीन घर दिवाल विवादित घर जग्गा रहेको भन्ने उक्त नक्सा मुचुल्काको न.नं. ८क मा उल्लेख भएको हुँदा पुरानो संरचनामा बनेको भनी प्रतिवादीले लिएको जिकिर पत्यारलायक देखिँदैन । भइआएको नक्सा प्रतिवेदनलाई वादी प्रतिवादी दुवैले अन्यथा नभनी स्वीकार गरेकोसमेतबाट वादीको कि.नं. १७८ को जग्गा न.नं. ८क बाट प्रतिवादीले खिचोला गरेको देखिन्छ । प्रतिवादीको प्रस्तुत मुद्दा दोहोऱ्याई पाउँ भनी परेको निवेदनमा यस अदालतबाट मिति २०७३।१।१४ मा निस्सा प्रदान गर्दा प्रतिवादीको भोग जग्गाको स्थितिविपरीत ठहर गरेको भन्ने आधार लिएकोमा प्रतिवादीको भोग जग्गाको स्थितिविपरीत भएको नदेखिँदा निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन सकिएन। तसर्थ खिचोला गरेको संरचना भत्काई खिचोला मेटाई वादीले चलन चलाई पाउने ठहराएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः वादीले प्रतिवादीबाट न.नं. ८क बाट खचोला गरेको देखिँदा निर्माण गरेको संरचना भत्काई चलन चलाई पाउने ठहऱ्याएको सुरू बाँके जिल्ला

अदालतको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।११।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ध्रुवकुमार ढकाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-१८१७, खिचोला मेटाई चलन चलाई पाउँ, *नइम राई वि. अहमद राईसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०३७५, बाटोको जग्गा खिचोलासमेत, *केशवप्रसाद न्यौपानेसमेत वि. ईश्वरीप्रसाद न्यौपाने*

मिसिल सामेल २०६८/२/३ को नक्सा मुचुल्का हेर्दा न.नं. ११ देखि १८ सम्म वादीहरूकै भोग कब्जा रहेको देखिन्छ। उक्त जग्गाहरूको क्षे.फ. वादीहरूले बन्डाबाट पाएको जग्गाको क्षेत्रफलमा खासै फरक पारेको देखिँदैन। वादीहरूको दाबीअनुरूप न.नं. १५ को घरदेखि १ मिटर उत्तरमा वादीको खाली जग्गा रहेकोमा उक्त जग्गा बन्डाबाट वादीहरूले पाएको जग्गाभन्दा क्षेत्रफल बढी हुन जाने देखिन्छ। वादी अम्बिकाप्रसाद न्यौपानेले आफ्नो कि.नं. ७५३ को जग्गामा २०२७ सालमा बनेको घरको उत्तरपट्टि १ मिटर जग्गा रहेको भने पनि कित्ताकाट हुनुपूर्वको कि.नं. २०५ मा बनेको घरभन्दा उत्तर १ मिटर जग्गा रहेको कुरा बन्डा मुचुल्काबाट पनि पुष्टि हुन आउँदैन। नक्सा नं. १० मा देखिएको उक्त १ मिटर जग्गा पनि बाटोमा नै रहेको बाटोको जग्गा नै देखिन आउँछ। तसर्थ, घरदेखिको उत्तरको १ मिटर जग्गा बाटो कायम हुन नपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: वादी अम्बिकाप्रसाद न्यौपानेको घरदेखि उत्तर कायम १ मिटर जग्गासमेतलाई बाटो कायम गर्ने गरी भएको सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको मिति २०७१/५/९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ध्रुवकुमार ढकाल

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CR-०२४९, अदालतको अवहेलना, *अम्बिकाप्रसाद न्यौपाने वि. ईश्वरीप्रसाद न्यौपानेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७४-CR-०२५४, सवारी ज्यान, *नेपाल सरकार वि. आरिफ खाँसमेत*

प्रतिवादी आरिफ खाँले सवारी चालक अनुमति प्राप्त नगरी सवारी चलाई सोही सवारीले मानिस किची मरेको देखिएकाले निजको उक्त कार्य लापरवाहीयुक्त देखिन आयो। अनुमतिपत्र नै नभएको व्यक्तिले सवारी हाक्ने कार्यलाई लापरवाहीको संज्ञा दिनु पर्दछ। सवारी चालक अनुमतिपत्र नभएको व्यक्तिले गरेको कार्य र सोबाट दुर्घटना भई दुई बालबालिकाको समेत मृत्यु भएको अवस्थालाई लापरवाही होइन भन्न मिल्दैन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ ले उल्लेख गरेको कार्य नै लापरवाही मान्नु पर्ने स्थितिमा र आफूले चालक अनुमतिपत्र नभएको अवस्थामा सवारी चलाएर दुर्घटना हुने कार्य नै लापरवाही हो भन्नु पर्ने।

प्रतिवादी कन्नु खाँ मौकामा फरार भई अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ। तर मौकामा कागज गर्ने अकवाल शेषले दुर्घटना गराउने भे.१ त २८८७ नं. को ट्रेक्टरको चालक कन्नु खाँ भन्ने मरूव खाँ

हो भनी किटानी बेहोरा लेखाएको देखिन्छ । त्यस्तै रिजवान खाँले पनि दुर्घटना गराउने ट्रेक्टर प्रतिवादी कन्नु खाँको जिम्मा रहेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादी आरिफ खाँले मौकाको एवं अदालतको बयानमा समेत प्रतिवादी कन्नुउपर पोल गरी निजले नै उक्त ट्रेक्टर चलाउन दिएको हो भनी उल्लेख गरेको देखिन्छ । यसरी मौकामा कागज गर्ने व्यक्तिहरूले खुलाई दिएको किटानी बेहोरा एवं सहअभियुक्तले मौका र अदालतमा गरेको बयानसमेतको आधारमा यी प्रतिवादी कन्नु खाँले आफू जिम्मामा रहेको स्वराज ट्रेक्टर सवारी चालक अनुमतिपत्र नभएका प्रतिवादी आरिफ खाँलाई चलाउन दिएको तथ्य निर्विवाद रूपमा पुष्टि भएको देखिने ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ तथा दफा १६१(४) को व्यवस्था र पूर्ण इजलासबाट प्रतिपादित नजिरसमेतको आधारमा प्रस्तुत मुद्दाका प्रतिवादी कन्नु खाँले आफ्नो जिम्मामा रहेको भे.१ त २८८७ को स्वराज ट्रेक्टर सवारी चालक अनुमतिपत्र नभएको आरिफ खाँलाई चलाउन दिई सोही सवारी साधनले सुइयादेखि नेपालगन्जतर्फ जाने ग्राभेल सडक खण्डमा पश्चिमतर्फबाट पूर्वतर्फ आइरहेको साइकललाई ठक्कर दिई साइकलमा सवारमध्ये सुहेल खाँ र मैसरजहाँ खाँको मृत्यु भएको देखिँदा प्रतिवादी कन्नु खाँले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ र १६१ को उपदफा (५) अनुसारको कसुर गरेको देखिन आउने ।

अतः उल्लिखित आधार कारणसमेतबाट प्रतिवादी आरिफ खाँलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १ वर्ष कैद र रू. २०००।- जरिवाना र प्रतिवादी कन्नु खाँलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको मिति २०७२।१।६ को पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेको नदेखिँदा उल्टी भई सवारी चालक अनुमतिपत्र नभएका प्रतिवादी आरिफ खाँले भे.१ त २८८७ नं. को ट्रेक्टर चलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र ऐ. ऐनको दफा १६१(२) अन्तर्गतको कसुर गरेको देखिँदा निजलाई उक्त ऐनको दफा १६१(२) बमोजिम २ वर्ष कैद र सोही ऐनको दफा १६१(४) बमोजिम थप रू. २०००।- जरिवानासमेत हुन्छ । अर्का प्रतिवादी कन्नु खाँले आफ्नो जिम्मामा रहेको भे.१ त २८८७ नं. को सवारी साधन सवारी चालक अनुमतिपत्र नभएका आरिफ खाँलाई चलाउन दिई सो सवारीले साइकललाई ठक्कर दिई सो साइकलमा सवार २ (दुई) बालबालिकाको मृत्यु भएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ र १६१(५) बमोजिमको कसुरमा सोही ऐनको दफा १६१(५) बमोजिम ६(छ) महिना कैदको सजाय हुने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७५ साल असार ३१ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-०४८१, जबरजस्ती करणी, *झुपलाल वि.क. वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा पीडित जाहेरवालीले माइतीघरबाट आफ्नो घरतर्फ जाने क्रममा प्रतिवादी झुपलाल वि.क.सँग बाटोमा भेटघाट भई सामान्य गफ गर्दै हिँडिरहेको अवस्थामा एक्कासी हातमा समाती बाटोदेखि अलि पर लगी जबरजस्ती करणी गरेको भनी दिएको किटानी जाहेरी बेहोरालाई समर्थन गर्दै प्रतिवादीले मेरो हातमा समातेपछि मैले किन यस्तो गरेको दाजै छोडिदेउ भन्दा नमानेको र अन्य सबै उठेर हिँडी बाटो लागिसकेको अवस्थामा म चिच्याउँदै गर्दा प्रतिवादीले मलाई बाटो थुनी लगेर गएको र पछि बाटोदेखि अलि पर माथितिर लगी मलाई जबरजस्ती करणी गरेका हुन् भनी

अदालतसमक्ष बकपत्र गरेको पाइने।

प्रतिवादी झुपलाल वि.क.ले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानमा पीडितको सहमतिमै करणी गरेको हो। पीडितले बदनाम हुने डरले जबरजस्ती करणी गरेको भनी आरोप मात्र लगाएकी हुन् भनी आरोपित कसुरमा इन्कार रहे पनि करणी गरेको कुरामा साबित भई बयान गरेको देखिने।

रोल्पा जिल्ला अस्पतालको मिति २०६५।२।१२ को स्वास्थ्य परीक्षण प्रतिवेदनमा दायाँ खुट्टा गोलीगाँठाभन्दा माथि ६ इन्च र घुँडादेखि तल ५ इन्च, बिच भागमा १ इन्च र ०.५ इन्च बराबरको निलडाम र दायाँ गालाको बिचमा कानको लोतीदेखि २ इन्च र मुखबाट १.५ इन्च सानो खोस्रिएको घाउ भन्ने उल्लेख भएको र पीडितमाथि करणी भएको भन्ने उल्लेख भएको पाइन्छ। जिल्ला स्वास्थ्य कार्यालयको मिति २०६८।१०।०९ को पत्रानुसार निज पीडितको योनिस्राव जाँच गर्न पठाइएकोमा central police Forensic Science Laboratory बाट प्राप्त प्रतिवेदनमा Exhibit No. 1, 2 & 3 Negative र No. 4 को Test positive अर्थात् Veginal Swab मा Human Seman Cells हरू प्राप्त भएकोले निज पीडितमाथि करणी भएको देखिन्छ भन्ने उल्लेख भएको पाइने।

पीडित जाहेरवालीले दिएको प्रतिवादी झुपलाल वि.क. उपरको किटानी जाहेरी र सो जाहेरीलाई समर्थन हुने गरी मौका र अदालतसमक्ष गरेको बकपत्र, मौकामा बुझिएका व्यक्तिहरूले लेखाइदिएको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, निज प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका मिसिल प्रमाणबाट आरोपित कसुर गरेको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीले जाहेरवालीको सहमतिमै करणी गरेको भन्ने आधारमा मात्र निर्दोष मान्न सकिएन। उल्लिखित अवस्थामा प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आयो। प्रतिवादीले पीडित जाहेरवालीको सहमतिमै करणी गरेकोले अभियोग मागदाबीबाट सफाइ पाउनु पर्छ भनी लिएको पुनरावेदन जिकिर र विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताहरूले गर्नुभएको बहससँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार प्रमाणबाट समेत प्रतिवादी झुपलाल वि.क.लाई सुरू रोल्पा जिल्ला अदालतबाट आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला पुनरावेदन अदालत तुलसीपुर, दाङले उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा ३(५) बमोजिम ५(पाँच) वर्ष कैद र सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.१०,०००।- प्रतिवादीबाट पीडितले भरी पाउने ठहर्‍याई मिति २०६८।१।२५ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मंसिर १३ गते रोज ४ शुभम्।

## ६

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-०७८२, ०६८-CR-११६२ र ०६८-CR-१०३१, ठगी, *महेश निरौलासमेत वि. नेपाल सरकार, महेश निरौलासमेत वि. नेपाल सरकार र डिल्लीप्रसाद खरेल वि. नेपाल सरकार*

प्रतिवादीहरू महेश निरौला, डिल्लीप्रसाद खरेल, प्रशान्तकुमार कर्ण, राजेशकुमार कर्ण, कमलप्रसाद कडेरिया, कृष्णमान वगाले थापा, लयकुमार सुवेदी, खेमचन्द्र राई, भुपेन अधिकारी, तोर्ण पौडेल, देउमान वि.क, अमर सुब्बा, केशव बस्नेत, जागिरमान राई, वोदप्रसाद कोइराला, टिका भट्टराई, अग्नीप्रसाद निरौला, नारायण सिंह राजवंशी, युवराज प्रसाई, भीमा बोहोरा, सानु पोखरेलसमेतले २१३३

जना जाहेरवालाहरूलाई झुक्याई गफलतमा पारी झुट्ठा आश्वासन दिई मुलुकी ऐन, ठगीको महलको १ र २ नं. को कसुर गरी जम्मा रू.९५,९८,५००/- बराबरको रकम ठगी गरी लिएको हुँदा निजहरूलाई ठगीको ४ तथा ५ नं. बमोजिम सजाय गरी पीडितहरूलाई दाबीबमोजिमको बिगो दिलाई भराई पाउँ भन्ने पहिलो अभियोग पत्र दायर भएको पाइने।

सुरू झापा जिल्ला अदालतले अभियोग दाबीबमोजिम प्रतिवादीलाई कसुरदार ठहऱ्याई जनही २ वर्ष ६ महिना कैद र बिगोबमोजिम जरिवाना एवम् जाहेरवालाहरूको बिगोसमेत भराउने ठहऱ्याई फैसला भएकोमा पुनरावेदन अदालत इलामबाट प्रतिवादीहरूलाई जनही २ वर्ष ६ महिनाका दरले कैद सजाय हुने ठहऱ्याएको सुरू फैसला सो हदसम्म सदर गरी बिगो कायम गरेको हकमा सम्म केही उल्टी गरी ठगी महलको ४ नं. बमोजिम रू. ५०००/- जरिवाना हुने ठहऱ्याई फैसला गरेको देखिन्छ। उक्त फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादीहरू महेश निरौला र डिल्लीप्रसाद खरेलको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको देखिने।

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा प्रतिवादीहरू संलग्न रहेको प्राइम मार्केटिङ कम्पनीले जाहेरवालाहरूबाट रू. ४,५००/- को दरले सदस्य शुल्क लिई सो शुल्कबापत रू. ३,०००/- बराबरको सामान कम्पनीले सित्तैमा दिने, जीवन बिमा गरिने र त्यस्ता सदस्यले अन्य २ जना सदस्य बनाएको अवस्थामा मासिक रू. ४,५००/- बोनससमेत प्रदान गर्ने भनी सदस्य बनाई त्यस्तो सामान बोनस तथा रकमसमेत प्रदान नगरी ठगी गरेको भनी प्रतिवादीउपर विभिन्न व्यक्तिहरूको जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको पाइने।

प्रतिवादीमध्येका डिल्लीप्रसाद खरेल संस्थापक भई कम्पनी रजिस्ट्रारको कार्यालयमा मिति २०५८/४/१ मा प्राइम मार्केटिङ प्रा.लि. नामक कम्पनी दर्ता भई उक्त कम्पनीको प्रबन्धपत्रको दफा ३ मा उपभोक्ताको हित र आवश्यकतालाई ध्यानमा राखी गुणस्तरीय स्वदेशी तथा विदेशी निर्मित कम्पनीहरूबाट उत्पादित विद्युतीय तयारी, अर्ध तयारी र कच्चा पदार्थसमेत स्वदेशमा उत्पादन गरी गुणस्तरीय वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने, स्तरीय खाद्यवस्तु आयात उत्पादन एवम् बिक्री वितरण गर्ने भन्ने उल्लेख भएको पाइने।

कम्पनीले प्रबन्धपत्रमा उल्लेख भएअनुसार गुणस्तरीय वस्तुको आयात एवम् उत्पादन तथा बिक्री वितरण गरेको पनि देखिँदैन । कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता भएको प्रतिवादीको कम्पनीले सर्वसाधारणबाट नगद रकम संकलन गरी मौद्रिक कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति वा स्वीकृत लिएको देखिँदैन त्यस्तै जाहेरवालाहरूको बिमासमेत गरिने भनिएकोमा कम्पनी सञ्चालकहरूको बिमा व्यवसाय सञ्चलन गर्ने अनुमतिसमेत प्राप्त गरेको नदेखिने।

प्रस्तुत मुद्दामा नेटवर्किङ कार्य गरी झुक्याउने र धोका दिने दुवै कार्य भए गरेको देखिन आयो । यस अवस्थामा यी पुनरावेदक प्रतिवादी डिल्लीप्रसाद खरेलले आफूले जाहेरवालाहरूको रकम ठगी नगरेको भनी लिएको जिकिर मनासिब देखिएन। अर्का पुनरावेदक प्रतिवादी महेश निरौलाले पनि जाहेरवालाहरूको रकम ठगी गर्न संलग्न देखिँदा आफू कम्पनीको कर्मचारी मात्र भएकोले ठगीको कसुरको दायित्व आफूले वहन गर्नु नपर्ने भन्ने जिकिर पनि मनासिब नहुने।

जाहेरवाला मिठू कार्कीसमेतले दिएको जाहेरीमा उल्लेख भएका मध्ये ७४ जना जाहेरवाला भनिएका व्यक्तिको सहिछाप परेको वा त्यस्तो जाहेरी सनाखत भएको पाइँदैन । उजुरीसाथ रकम बुझाएको रसिद पेस भएको पनि देखिँदैन । प्रतिवादीउपर जाहेरी दिने धेरै जाहेरवालाहरू अदालतमा बकपत्र गर्न नआएको अवस्था देखिन आएको अवस्थामा केवल

जाहेरवालाको संख्यालाई गणना गरी सोही आधारमा बिगोको रकम कायम गर्न मिल्ने भएन । ठगी कार्य भएकोमा बिगो यकिन हुन नसकेको अवस्था देखिएमा ठगीको महलको ४ नं. बमोजिम सजाय गर्न सकिने नै हुन्छ । यस स्थितिमा उक्त ४ नं. बमोजिम जरिवाना हुने गरी पुनरावेदन अदालत इलामले गरेको फैसला मनासिब देखिन आएकोले बिगो सम्बन्धमा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर मनासिब नदेखिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादीसमेतका प्रतिवादीहरूले प्राइम मार्केटिङ कम्पनीको प्रबन्धपत्र विपरीतको कसुर गरी ठगी गरेको ठहराई जनही २ वर्ष ६ महिनाको दरले कैद सजाय गर्ने गरेको सुरू झापा जिल्ला अदालतको मिति २०६७/३/१६ को फैसला सो हदसम्म सदर गरी बिगो यकिन नभएको अवस्थामा बिगो कायम गरेको हदसम्म उक्त फैसला केही उल्टी गरी ठगीको महलको ४ नं. व्यवस्थाअनुसार रू. पाँच हजार जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत इजलासको मिति २०६८/६/९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल मंसिर १३ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०२१९, उत्प्रेषण / परमादेश, *यमबहादुर बुढाथोकीसमेत वि. निर्वाचन आयोग, कान्तिपथसमेत*

रिट निवेदनको मिसिल संलग्न कागजात हेर्दा रिट निवेदकले तत्कालीन संविधान सभामा आफ्नो दलको तर्फबाट समानुपातिकतर्फ प्रतिनिधित्व गर्ने २ जना सदस्यले राजीनामा दिएकोले सो सिट रिक्त रहनु पर्ने एवम् उक्त २ जना सदस्यसमेतले नयाँ दल दर्ता गर्न लागेकाले रोकिपाउँ भन्ने जिकिर रहेकोमा संविधान सभाबाट नेपालको संविधान निर्माण गर्ने मुख्य जिम्मेवारी पाएको संविधान सभाले संविधान निर्माण तथा जारी गरी तोकिएको कार्य सम्पन्न गरी संविधान सभा विघटन भएको अवस्था छ । रिट निवेदकले दाबी गरेको निजको दलबाट प्रतिनिधित्व गर्ने संविधान सभाले आफ्नो जिम्मेवारी पूरा गरी विघटन भइसकेको देखिएको र राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) दल दर्ता गर्ने कार्यमा कानूनी एवम् प्रक्रियागत त्रुटिसमेत रहेको देखिन नआएको सन्दर्भमा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकाले निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट संविधान सभा विघटन भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिएकाले निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल मंसिर ४ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-०२०७, लिलाम निर्णय दर्ता बदर, *ताराचन्द्र सुनार वि. बुटवल फाइनान्स लिमिटेड*

प्रत्यर्थी बुटवल फाइनान्सले कर्जा प्रवाह गर्नुपूर्व पुनरावेदकको जग्गा सम्बन्धमा स्नेहा इन्जिनियरिङबाट गरिएको मूल्याङ्कनसमेतबाट उक्त जग्गाहरू रू. एघार लाखभन्दा बढी नै मूल्याङ्कन गरिएको देखिन्छ भने फाइनान्स आफैँले पनि सो जग्गा ९,७८,७५०/- मूल्य पर्ने भन्ने निष्कर्ष निकाली सो जग्गा धितोमा राखी कर्जा प्रवाह गरेको अवस्था छ । तर उक्त जग्गाहरू लिलाम गर्दा रू. ६,०७,०००/- मा बिक्री गरिएको भन्ने देखिएकोमा आफूले गरेको जग्गाको

मूल्याङ्कनभन्दा घटी अंकमा के कति कारणले जग्गा लिलाम बिक्री गरिएको भन्ने कुरा प्रत्यर्थी बुटवल फाइनान्सको प्रतिउत्तर जिकिरमा खुल्दैन । आफैँले जग्गाको एउटा निश्चित मूल्य कायम गरिसकेको जग्गा करिब २ वर्षपछि के कति कारणले मूल्य घटेको भन्ने कुरा प्रत्यर्थी फाइनान्सले देखाउन सकेको नपाइने।

स्नेहा इन्जिनियरिङले बुटवल फाइनान्समा पेस गरेको मिति २०५६/१२/२ को प्रतिवेदनमा ल.नं. १४१९ को जग्गा सिद्धार्थ नगरपालिकाको मध्यभागमा न.पा. मूल सडकको ५० मिटरमा रहेको उक्त क्षेत्रको जग्गा खरिद बिक्री उच्च रहेको, त्यस क्षेत्रमा बसाइँ सरेर आउने संख्या उच्च रहेको भन्नेसमेत उल्लेख भएको पाइन्छ । त्यस्तै कि.नं. २७४ र २७५ को जग्गा ग्राबेल सडक, विद्युत्लगायतका सुविधा भई उक्त जग्गा पनि खरिद बिक्री दर उच्च रहेको भन्ने उल्लेख भएको देखिन्छ । यसरी फाइनान्स कम्पनीले गराएको प्राविधिक मूल्याङ्कनबाट उक्त जग्गा दुई वर्षपछि सो मूल्यबाट घटेर जानु पर्ने कुनै मनासिब आधार र कारण प्रतिउत्तर पत्रमा रहे भएको नदेखिने।

पुनरावेदकले धितो दिएको जग्गाको प्रत्यर्थी बुटवल फाइनान्सबाट गरिएको प्राविधिक मूल्याङ्कनभन्दा घटी मूल्यमा पुनरावेदकको जग्गा लिलाम गरी बिक्री गरेको देखिएको । आफैँले गरेको मूल्याङ्कन मिति २०५८/११/१५ मा के कति कारणले जग्गाको मोल घटेको हो र प्राविधिक मूल्याङ्कन गरेको भन्दा करिब दुई वर्षपछि के कति कारणले घटी मूल्य कायम गरी लिलाम गरिएको भन्ने सम्बन्धमा प्रतिवादी फाइनान्सको तर्फबाट प्रतिउत्तर पत्रमा वस्तुगत आधार देखाउन नसकेको परिप्रेक्ष्यमा उक्त लिलामी कार्यलाई न्यायसम्मत भन्न मिलेन। सुरू र पुनरावेदन अदालतले उक्त लिलाम बदर नहुने भनी गरेको फैसला मनासिब देखिन नआउने।

तसर्थ उपयुक्त आधार र कारणसमेतबाट पुनरावेदक वादीले कर्जा प्राप्त गर्दाका बखत धितोमा दिएको जग्गाको प्राविधिक मूल्याङ्कन कायम भएको मूल्यभन्दा घटी मूल्यमा विना आधार र कारण प्रत्यर्थी बुटवल फाइनान्सले मिति २०५८/११/१५ मा गरेको लिलामी, सो लिलामीका आधारमा मालपोत कार्यालय रूपन्देहीबाट डाक सकारको दा.खा. गर्ने मिति २०५८/११/२७ र २०५८/१२/१ को निर्णय बदर हुने ठहर्छ। उपर्युक्तानुसार निर्णय गर्नु पर्नेमा वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६४/३/६ को फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६६/१/८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०६७-CI-०२०६, बाँकी रकम पाऊँ, ताराचन्द्र सुनार वि. बुटवल फाइनान्स लिमिटेड
- ०६७-CI-०२०६, हरहिसाब गराई पाऊँ, ताराचन्द्र सुनार वि. बुटवल फाइनान्स लिमिटेड

९

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०५६९, जबरजस्ती करणी, *नेपाल सरकार वि. कुवेर हुमागाई*

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. मा भएको कानूनी व्यवस्थाले न्यायकर्तालाई प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिने वा नदिने विषयमा स्वविवेकीय अधिकार प्रदान गरेको देखिँदैन। अभियोग दाबीबमोजिम कसुर ठहर भएपछि अनिवार्य रूपमा क्षतिपूर्ति भराई दिनुपर्ने गरी कानूनी बन्दोबस्त गरेको देखिन्छ। पुनरावेदन अदालत पाटनले कानूनको उक्त बाध्यात्मक व्यवस्थाको परिपालना गरेको

नदेखिने।

जबरजस्ती करणीजस्तो गम्भीर फौजदारी अपराधबाट पीडितलाई जुन प्रकारको शारीरिक, मानसिक र मनोवैज्ञानिक क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ। तापनि पीडितको उक्त शारीरिक र मानसिक पीडालाई केही हदसम्म भए पनि मत्थर पारी समाजमा पुन:स्थापित हुने वातावरणको सिर्जनाको लागि क्षतिपूर्तिको व्यवस्था गरिएको हो। यस्तो संवेदनशील विषयमा यो वा त्यो बहानामा अदालतसमेत पीडितप्रति संवेदनहिन हुन नमिल्ने।

अतः माथि विवेचित आधार, कारण र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराइदिन नपर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।६।१७ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति स्वरूप रू.५०,०००।- (पचास हजार) भराई दिने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल चैत्र १ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०४५०, माना चामल, *ऐतबहादुर वि.क.समेत वि. रूपा वि.क.*

प्रत्यर्थी वादी रूपा वि.क. र पुनरावेदक प्रतिवादीमध्येका सम्शेरबहादुर वि.क. श्रीमान् श्रीमती भएको कुरामा विवाद देखिएन। प्रत्यर्थी वादी २०६८ सालबाट पुनरावेदक प्रतिवादीको घरमा नबसेको कुरा दुवै पक्षबाट स्वीकार गरेको देखिन्छ। यसरी माइतीमा बस्दै आएकी श्रीमती, बुहारीलाई पुनरावेदक प्रतिवादीले खान लाउनका लागि खर्च भराउने कानूनी प्रावधान नेपाली परम्परामा नरहेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर सम्बन्धमा मनन् गर्दा श्रीमान् श्रीमतीबिच विवाहको सम्बन्धबाट नै समान अंशियारहरू हुने कानूनी व्यवस्थाको सर्वमान्य मान्यतालाई नजरअन्दाज गर्न मिल्दैन। लोग्नेले विवाह गरी ल्याइसकेपछि श्रीमतीलाई आफ्नो इज्जत आमदअनुसार खान लाउन भरणपोषणसहित सम्मानित जीवन प्रदान गर्नुपर्दछ। दुवै पक्षहरूमा केही कर्तव्य र जिम्मेवारी कानूनले नै तोकेको देखिने।

पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादी स्थायी दरबन्दीमा नि.मा.वि. तहमा कार्यरत भई अध्यापन गराउने तथा निजले तलब भत्ता रू. २०,०००।- प्राप्त गर्ने भनी जिकिर लिए तापनि त्यसलाई पुष्टि हुने कुनै आधार प्रमाण पुनरावेदक प्रतिवादीबाट पेस गर्न सकेको अवस्था नदेखिने।

सुत्केरी खर्चबापतको औषधी खर्च रू. १ लाख लागेकोतर्फ विचार गर्दा सामान्य सुत्केरी हुँदा खर्चको अनुपात पनि थोरै हुने तर अपरेसन गरी बच्चा जन्माउने भनेको जटिल र संवेदनशील अवस्था हो। अस्पतालको उपचारको प्रक्रिया र स्तर हेरी उपचार खर्च निर्धारण हुने विषय हुँदा १ लाख रूपैयाँ खर्च लागेको भन्ने जिकिरलाई अस्वाभाविक मान्नु पर्ने कारण नभएको र बच्चा जन्माउने, हुर्काउने, बढाउने र पढाउने जस्ता विषय श्रीमान् श्रीमती दुवैको समान पारिवारिक दायित्वभित्रको विषय हो। नेपालको प्रचलित संविधान तथा बालबालिकासम्बन्धी ऐन, २०४८ ले संरक्षण गरेको अधिकारको विषय हो। यस्तो अवस्थामा प्रस्तुत मुद्दामा प्रत्यर्थी वादीले माग गरेअनुरूप प्राप्त गरेको उपचार खर्चलाई अन्यथा मान्नुपर्ने अवस्था देखिन नआउने।

तसर्थ पुनरावेदक प्रतिवादी शम्शेरबहादुर वि.क.बाट फिराद परेको अघिल्लो दिनबाट प्रत्यर्थी वादी रूपा वि.क.ले अंश छुट्टयाई नलिएसम्मको लागि मासिक रू. ४,०००।- (चार हजार) का दरले अंशबन्डाको १० नं. तथा लोग्ने स्वास्नीको ४ नं. बमोजिम मानाचामल भराई लिन पाउने साथै प्रत्यर्थी

वादी रूपा वि.क.लाई सुत्केरी हुँदाका अवस्थामा अस्पतालको अप्रेशन र औषधि उपचार खर्चबापत वादी दाबीको रकम रू. १,००,०००।- (एक लाख) समेत भराई दिनुपर्ने ठहऱ्याई भएको पुनरावेदन अदालत पोखराको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

इति संवत् २०७५ साल साउन १६ गते रोज ४ शुभम्।

**११**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-०१६२, ठगी, *शंकरकुमार विजुच्छे वि. नेपाल सरकार*

प्रतिवादी शंकरकुमार विजुक्छेले सुरू अदालतमा बयान गर्दा मैले कार्यालयका कुनै पनि कर्मचारीका नाउँबाट पेस्की रकम लिई संस्थाको रकम हिनामिना गरेको छैन। मैले कुनै नक्कली छाप बनाएको पनि छैन। कार्यकारी निर्देशक एवं प्रशासकीय अधिकारीको मातहतमा रहेर काम गर्ने व्यक्तिले त्यति ठुलो रकम हिनामिना गर्ने प्रश्न आउँदैन जाहेरी बेहोरा सबै झुट्ठा हो भनी आरोपित कसुरमा इन्कार रही बयान गरेका र आफ्नो इन्कारी बयानलाई आफ्ना साक्षी रन्जनमान बुद्धाचार्य, राम खड्का, शंकरकुमार श्रेष्ठ, रामेश्वर मल्लको बकपत्रद्वारा समर्थन गराउन खोजे तापनि जाहेरवाला डा. प्रतापकुमार श्रेष्ठ र सिन्धुलाल श्रेष्ठ सुरू अदालतमा आई जाहेरी बेहोरा समर्थन हुने गरी बकपत्र हुँदा प्रतिवादीको इन्कारी बयान खण्डित भएको देखिने। लि वर्डको कार्यालय भवनको निज प्रतिवादी शंकरकुमार विजुक्छेको कार्यकक्षमा खानतलासी लिदा PP Pradhan & Co-Chartered Certified Accounts लेखिएको नक्कली छाप थान-१ फेला पारी बरामद भएको र उक्त खानतलासी तथा बरामदी मुचुल्काका साक्षी परसुराम वि.क. र विरबहादुर तामाङले पनि सुरू अदालतमा उपस्थित भई बकपत्र गरिदिएबाट निज प्रतिवादी शंकरकुमार विजुक्छेले सुरू अदालतमा गरेको इन्कारी बयान खण्डित भएको देखिने।

मिसिलसाथ संलग्न रहेको अडिट रिपोर्ट, प्रेषित चेक विवरणहरूसमेतबाट आफ्नो जिम्मामा रहेको विभिन्न शीर्षकको रकम निज प्रतिवादीले खाई मासेको अवस्था उक्त अडिट रिपोर्टबाट प्रमाणित रही निज प्रतिवादीले लि वर्ड संस्थाको रकम खाई मासेको, कतिपय नक्कली काम कारोबार गरेको भन्ने PP Pradhan & Co-Chartered Certified Accounts लेखिएको छाप थान १ निज प्रतिवादीको कार्यकक्षबाट प्राप्त भएको अवस्था देखिने।

पुनरावेदक प्रतिवादीले २०६१/९/२२ मा आफूले मासेको संस्थाको रकम सबै तिर्न बुझाउन मन्जुर छु भनी सहिछाप गरेको कागजको स्थिति पनि सदर नै रहेको र मिसिल संलग्न प्रमाणित अडिट रिपोर्ट सम्बन्धमा निज पुनरावेदक प्रतिवादीले कहीँकतै उजुर नगरी स्वीकार गरी बसेको अवस्थामा निजले सुरू अदालतमा आरोपित कसुरमा इन्कार रहेको अवस्थामा मात्र निज पुनरावेदक प्रतिवादीले ठगी गरेका होइनन् भनी भन्न मिल्ने अवस्था देखिएन। बेइमानीको नियत देखिएबाट संस्थाको रकम अपचलन गरी कानूनबमोजिम हिसाबअनुसार खातामा नराखी आफूले खाई मासेको भन्ने कुरा प्रस्ट देखिन आउने। आफूले खाई मासेको कुरा देवानी दायित्वको दृष्टिकोणबाट तिर्न बुझाउन मन्जुर गर्दाको अवस्थामा धनीले स्वीकार गरेको अवस्थामा उक्त दायित्व पछि तिर्न बुझाउनु पाउने नै भए तापनि फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन। मुलुकी ऐन, ठगीको १ नं. ले परिभाषित गरेअनुसार बदनियत अर्थात् बेइमानीको नियतबाट आफ्नो हक नपुग्ने अर्काको हकको जिम्मामा रहेको छ। उसलाई ललाई फकाई वा जाल प्रपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई दिई पेस गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्टो कुरालाई सद्दे हो भनी वा जुनसुकै

बेहोराबाट धोका दिई लिएमा ठगी गरेको ठहर्ने कानूनी व्यवस्था रहेकोमा सोहीअनुसार यी प्रतिवादीले आफू कार्यरत रहेको संस्थाको लेखापालको हैसियतले काम गर्दाको अवस्थामा झुट्टा बेहोराबाट स्रेस्ता खडा गरी उक्त रकम निकाली खाए मासेको अवस्था देखिने । ठगीको रीतसँग अपराध भएकोमा फौजदारी कसुर भएको देखिँदा त्यस्तो फौजदारी कसुरबाट उन्मुक्ति पाउने अवस्था रहदैन । निज प्रतिवादीले लि वर्ड संस्थाको अभियोग दाबीबमोजिमको रकम ठगी गरेको देखिँदा निज प्रतिवादीको कानून व्यवसायीले गर्नु भएको बहस तथा निज प्रतिवादीको पुनरावेदन जिकिर एवं यस अदालतको मिति २०६१/८/७ को झ.झी. आदेशसँग सहमत हुन नसकिने ।

अत: यी पुनरावेदक प्रतिवादीले सुरू जाहेरीबमोजिमको रू.१,३६,५२,४११।६ र पूरक जाहेरीबमोजिमको रू.३,४४,५२३।२० गरी अभियोग दाबीबमोजिमको रू.१,३९,९६,९३४।२६ उक्त लि वर्ड संस्थाको रकम ठगी गरी खाई मासेको देखिने ।

तसर्थ, विवेचित आधार एवं कारणहरूबाट ठगी गरी खाई मासेको अभियोग दाबीको बिगो रू.१,३९,९६,९३४।२६ पुनरावेदक प्रतिवादी शंकरकुमार विजुक्छेबाट लि वर्ड संस्थालाई दिलाई भराई निज प्रतिवादीलाई मुलुकी ऐन, ठगीको ४ नं. बमोजिम बिगोबमोजिम जरिवाना र १ वर्ष कैदसमेत हुने ठहर भएको पुनरावेदन अदालत पोखराको मिति २०६६/३/२९ को फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम् ।

## इजलास नं. ५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-०७७६, उत्प्रेषण, *विनोद पौडेलसमेत वि. व्यवस्थापिका संसद् सचिवालय, संसद् भवन सिंहदरबारसमेत*

विपक्षी व्यवस्थापिका संसद् सचिवालयको विभिन्न समूह, उपसमूहहरू रहेको र सो समूह वा उपसमूहका रिक्त पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुनको लागि बढुवा गरिने पदभन्दा एक श्रेणीमुनिका सम्बन्धित समूह वा उपसमूहमा निश्चित सेवा अवधि पुगेका कर्मचारी मात्र सम्भाव्य उम्मेदवार हुन सक्ने तर छुट्टै समूहको पदमा सेवा अवधि पुगेका कर्मचारीलाई सम्भाव्य उम्मेदवार मान्न सकिने अवस्था हुँदैन भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । यस रिट निवेदनमा उल्लेख भएअनुसार रिट निवेदकहरू विविध सेवाअन्तर्गत पर्ने कम्प्युटर अपरेटरको प्राविधिक पदमा व्यवस्थापिका संसद् सचिवालयमा कार्यरत रहेका र निजहरूले लोक सेवा आयोगद्वारा प्रकाशित विज्ञापनमा अप्राविधिकतर्फ प्रशासन सेवाअन्तर्गत पर्ने सामान्य प्रशासन समूहको शाखा अधिकृत (रा.प.तृतीय श्रेणी) पदमा बढुवाको लागि दरखास्त दिएको देखियो । रिट निवेदकहरूले खुल्ला प्रतियोगितामा दरखास्त दाखिला गरेको नभई ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि दरखास्त दिएको देखिन्छ । यसरी रिट निवेदकहरूले बढुवाको लागि दरखास्त दिएकोमा निजहरू सामान्य प्रशासन समूह राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत पदका लागि योग्य उम्मेदवार हुनको निमित्त सोही समूहको (सामान्य प्रशासन) एक तहमुनिको राजपत्र अनङ्कित प्रथम श्रेणी नायब सुब्बा पदमा व्यवस्थापिका-संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा २८(१) ले तोकेअनुसारको सेवा अवधि पुगेको हुनुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसर्थ मिति २०७३।९।२२ मा प्रकाशित सूचनामा निवेदकहरू प्रशासन सेवाको सामान्य प्रशासन समूहको शाखा अधिकृत पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने कानूनी आधार देखिन

नआएकोले रिट निवेदकहरूको दरखास्त फाराम व्यवस्थापिका संसद् सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ६१ को आधारमा दरपिठ गरेकोमा सो दरपिठ कानूनसम्मत नै देखिएको हुँदा उक्त दरपिठ आदेश बदर गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर मनासिब नदेखिने।

यसर्थ व्यवस्थापिका-संसद् सचिवालयमा प्राविधिकतर्फ कार्यरत रहेका कर्मचारीहरू बढुवाको सन्दर्भमा एक तहमाथिको प्रशासन सेवाको लागि सम्भाव्य उम्मेदवार हुने कानूनी आधार नभएकोमा मिति २०७३।१०।१२ नियम संशोधन भई अबदेखि हुने बढुवामा टाइपिष्ट पदमा कार्यरत कर्मचारीहरू व्यवस्थापिका संसद् सेवाको सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने अवस्था रहेकै देखिँदा रिट निवेदकहरूको माग उक्त संशोधित नियमबाट सम्बोधन भइसकेकोसमेत देखिने।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट व्यवस्थापिका संसद् सचिवालयको मिति २०७३।९।२५ र मिति २०७३।१०।८ को दरपिठ आदेश कानूनसम्मत भएको तथा रिट निवेदकहरू व्यवस्थापिका संसद् सेवाका कम्प्युटर अपरेटरको पदमा कार्यरत रहेकोमा मिति २०७३।१०।१२ मा व्यवस्थापिका संसद् सचिवालय कर्मचारी प्रशासन नियमावली, २०७३ को नियम ८० मा संशोधन भई टाइपिष्ट पदमा कार्यरत कर्मचारीहरू व्यवस्थापिका संसद् सेवाको सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने व्यवस्था भइसकेको देखिँदा रिट निवेदकहरूको मागबमोजिमको उत्प्रेषणयुक्त परमादेश जारी गरिरहनु नपर्ने। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

## इजलास नं. ७

**१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-WH-००९०, बन्दीप्रत्यक्षीकरण, *टिकाराम घिमिरे वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंका प्रमुख अधिकृतसमेत*

कानूनविपरीत थुनामा राखिएको भएमा, प्रवृत्त धारणा राखी कपटपूर्ण तवरले थुनामा राखिएको भएमा, पक्राउ गर्नु पर्ने कारणको सूचना तथा जानकारी नै नदिई थुनामा राखेको भएमा, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घन गरी वा कानूनले अनिवार्य गरेको प्रक्रियाहरू स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको देखिएमा, अख्तियारवालाबाहेक अरूबाट भएको काम कारबाही तथा अनधिकृत तवरबाट थुनामा राखिएको भएमा वा स्वच्छ सुनुवाइबेगर वा अभियोग नलगाई थुनामा राखिएको देखिएमा वा अधिकार क्षेत्रको त्रुटि देखिएको अवस्था भएमा तथा कानून प्रतिकूल थुनामा राखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने अवस्था रहन्छ। सामान्यतया: अदालतले नियमित र साधारण क्षेत्राधिकारअन्तर्गत हेरेको कुरालाई बन्दीप्रत्यक्षीकरणको विषय बनाउन मनासिब देखिन नआउने।

रिट निवेदक विदेशी नागरिक रहेको देखिन्छ। निजउपर विपक्षीहरूबाट प्रवृत्त धारणा राखी पक्राउ गर्नु पर्ने वा थुनामा राख्नु पर्नेसम्मको कुनै कारण र आधार देखिँदैन। कुनै पनि माध्यमबाट अपराध घटेको वा घट्न सक्ने अवस्था रहेको सूचनाको आधारमा कानूनद्वारा अधिकारप्राप्त अधिकारी वा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी पक्राउ गर्ने, अदालतको अनुमतिले थुनामा राख्ने र अनुसन्धान तहकीकात गरी मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न सक्ने गरी कानूनले अधिकार प्रदान गरेको हुन्छ। निवेदन बेहोरा र

लिखित जवाफको समग्र अध्ययन गर्दा निवेदकलाई अनुसन्धानको क्रममा हिरासतमा लिएर अदालतको अनुमतिले थुनामा राखिएको भन्ने देखिन्छ । निज रिट निवेदक Wolf Price लाई मानवोचित व्यवहार नगरिएको तथा गैरकानूनी रूपमा थुनामा राखेको भन्ने देखिँदैन। यसरी निवेदकले भाडामा लिएको घरकोठाको दराजबाट २०० ग्राम लागु औषध गाँजा बरामद भएको देखिन्छ । निवेदकलाई लागु औषध नियन्त्रण ऐन, (संशोधनसहित) २०३३ को दफा २२ग अनुसार मुद्दा हेर्ने अधिकारीबाट अनुसन्धानको लागि थुनामा राख्ने अनुमति लिई कारबाही भइरहेको मिसिलबाट देखिने।

अत: विवेचित आधार कारणबाट अधिकारप्राप्त अधिकारीले कानूनबमोजिम अदालतबाट अनुमति लिई अनुसन्धानको लागि थुनामा राखेको देखिँदा निवेदकको थुना गैरकानूनी देखिन नआएकोले निवेदकको मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

## २

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-१२९०, उत्प्रेषण / परमादेश, *भवानी खत्री (खड्का) वि. रामकुमार लामा*

आफूमाथि लागेको अभियोग वा आफ्ना विरूद्धमा दायर भएको फिरादको उचित प्रतिवाद गर्न पाउनु कुनै पनि व्यक्तिको प्राकृतिक हक हो। त्यस्तो हकको प्रचलन हुनलाई आफूमाथि के कस्तो अभियोग वा दाबी लिइएको छ भन्ने कुरा थाहा पाउनु पर्छ । देवानी मुद्दामा सो कुरा थाहा पाउनु प्रथम माध्यम भनेकै आफूसमक्ष जारी भएको म्याद हो। सो म्याद रीतपूर्वक तामेल भएको अवस्थामा मात्र पक्षले जानकारी पाउँछ भनेर नै अ.बं. ११० नं. मा म्याद तामेल गर्ने कार्यविधिको व्यवस्था गरिएको हो । सो कानूनले निर्दिष्ट गरेको कार्यविधि नपुऱ्याई अर्थात् रीत नपुऱ्याई तामेल भएको म्यादबाट म्याद जारी भएको पक्षले जानकारी पाएको भन्न सकिँदैन। मुद्दामा म्याद तामेल गर्नुको अर्थ प्रतिवाद गर्ने प्रयोजनको लागि सूचना दिनु हो। त्यस्तो सूचना यथार्थमा पाएको वा पाउन सक्ने अवस्थाको हुनु जरूरी हुने। रामकुमार लामाको म्याद निजको वास्तविक ठेगानामा तामेल भएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। प्रतिकूल असर पर्नेलाई प्राकृतिक न्यायको सिद्धान्तअनुरूप सूचना दिई झिकाई प्रतिक्रियासमेत बुझी निर्णय दिनुपर्छ। सो मौका नदिई गरेको निर्णय बदर हुन्छ। त्यस्तो सुनुवाइ निवेदकको सुविधाबमोजिम हुनुपर्छ भन्ने होइन तर त्यो उचित र मनासिब भने हुनुपर्ने।

प्रत्यर्थी रामकुमार लामाको नाउँमा दर्ता रहेको जग्गाबाट बिगोबापत लिलाम गर्दा निजलाई सो कारबाहीको बारेमा जानकारी भएको भन्ने देखिन आएन । सम्पत्ति लिलामसम्बन्धी कारबाही हुँदा जग्गाधनीलाई सोको जानकारी र आफ्नो प्रतिवाद गर्ने अवसर दिनुपर्ने नै हुन्छ। विपक्षी रामकुमार लामाको नाउँमा पठाइएको म्याद निजको वास्तविक वतनमा तामेल हुन सकेको देखिएन। फलस्वरूप सो तामेली म्याद अ.बं. ११० नं. को रीत पुऱ्याई तामेल भएको छैन। प्रतिवाद र सुनुवाइको मौका नै नपाई प्रत्यर्थी रामकुमार लामाको नाउँको जग्गा लिलाम गर्ने कार्यलाई कानूनबमोजिम भएको भन्न नसकिने।

अतः माथि विवेचित आधार कारणबाट मिति २०७१/८/१४ को लिलामी म्याद उत्प्रेषणको आदेशद्वारा बदर गरी अब जे जो प्रमाण बुझ्नुपर्छ बुझी निवेदक रामकुमार लामालाई समेत सहभागी गराई नियमानुसार निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन

अदालत पाटनको मिति २०७२/२/२० को फैसला (आदेश) मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल पौष २ गते रोज १ शुभम् ।

**३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CR-०२६१, सवारी ज्यान, *सुरजप्रसाद बेलवासे वि. नेपाल सरकार*

सवारी साधन चलाउने अनुमति प्राप्त यस्तो अनुभवी व्यक्तिलाई ट्राफिक नियम संकेत पालना नगरी तीव्र गतिमा वेबसाइडबाट ओभरटेक गरी सवारी चलाउँदा दुर्घटना हुन सक्छ भन्ने जानकारी भएकै हुन्छ । यस्तो सम्भावित परिणामको जानकारी हुँदाहुँदै पनि अनुचित जोखिम लिई लापरवाहीपूर्वक सवारी चलाएको परिणाम स्वरूप २४ फिट चौडाई भएको बाटोमा आफ्नै साइडबाट आइरहेको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको देखियो । प्रतिवादीले लापरवाहीपूर्वक सवारी चलाएको र सोही कारणले दुर्घटना भई मोटरसाइकल चालक विकास शाहीको मृत्यु भएको पुष्टि हुन आउने ।

लापरवाहीपूर्वक सवारी चलाएको कारणले मृतक विकास शाहीको मृत्यु भएको पुष्टि भएको देखिँदा प्रतिवादी सुरज बेलवासेलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६८/१/१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः केदारनाथ पौडेल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल मङ्सिर १४ गते रोज ५ शुभम् ।

**४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-१००५ र ०७१-CR-१२३३, लागु औषध अफिम, *धनीराम शर्मा जैसी वि. नेपाल सरकार र नेपाल सरकार वि. रविन्द्र पुन*

प्रतिवादी अदालतसमक्ष कसुरमा इन्कार रहे तापनि अनुसन्धानको क्रममा साबिती रहेको र आफूलाई लागु औषध उपलब्ध गराउने महेन्द्र भन्ने व्यक्तिको नाम थर ठेगाना स्पष्ट उल्लेख गर्न सकेकोसमेत देखिएको छैन । यति धेरै परिणामको वस्तु अरूले पठाइदिएको ल्याएको हो भन्ने भनाइ पनि विश्वासलायक देखिन आउँदैन । प्रतिवादीबाट लागु औषध बरामद भएको तथ्य पुष्टि भएको देखिएको छ । लागु औषध मुद्दामा प्रमाणको भार प्रतिवादीमा नै रहेको हुन्छ र प्रतिवादीहरूले आफ्नो निर्दोषिताको प्रमाण पेस गर्न सक्नु पर्छ । केवल अदालतमा इन्कारी रहेको मात्र आधारबाट निर्दोषिता प्रमाणित हुन नसक्ने ।

प्रतिवादी धनिराम शर्माले बरामद मुचुल्काको रोहवरमा समेत बसेको देखिन्छ । अदालतमा बयान गर्दा मलाई डर त्रास धम्की दिई अनुसन्धान अधिकारीसमक्ष बयान गराइएको हो भनी उल्लेख गरे तापनि बरामदी मुचुल्कामा भएको उपस्थिति र दस्तखतका विषयमा केही उल्लेख गरेकोसमेत देखिएको छैन । साथै उक्त बरामद वस्तु अफिम भन्ने विशेषज्ञको प्रतिवेदनबाट समेत देखिएको छ । यसरी लागु औषध बरामद भएको तथ्य स्थापित भएको अवस्थामा अनुसन्धानको क्रममा भएको साबिती बयान लाई अन्यथा भन्नुपर्ने अवस्था देखिएको छैन । प्रतिवादीबाट लागु औषध बरामद भएको पुष्टि भएको र उक्त लागु औषध आफूसँग रहनुपर्ने लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम कानूनसम्मत प्रमाण पेस गर्न सकेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसमेत मनासिब नदेखिने ।

प्रतिवादी रविन्द्र पुनको सँग साथबाट उक्त लागु औषध बरामद भएको भन्ने देखिएको छैन । बरामदको अवस्थामा प्रतिवादी धनीराम शर्माको साथसँगै रहेको र उक्त लागु औषध ल्याइदिएबापत रू.५

हजार लिएको कुरासम्म स्वीकार गरेको देखिन्छ। यसरी यी प्रतिवादीको सँग साथबाट लागु औषध बरामदसमेत नभएको तर रू. ५ हजार लिएकोसम्म स्वीकार गरेको अवस्थामा निजले मतियारको भूमिकासम्म निभाएको पुष्टि हुन आएको देखियो। मतियार भएको पुष्टि भएको देखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकर मनासिब नदेखिने।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादी धनिराम शर्माले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुर गरेको पुष्टि हुन आएकोले निजलाई ऐ.ऐ. १४(१)छ(३) बमोजिम १५ वर्ष कैद र रू.५ लाख जरिवाना र अर्का प्रतिवादी रविन्द्र पुनले ऐ.ऐनको १७ नं. को कसुर गरेको पुष्टि हुन आएको देखिँदा निजलाई सोही दफाबमोजिम ७ वर्ष ६ महिना कैद र २ लाख ५० हजार जरिवाना गर्ने गरी भएको बाँके जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१/८/९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल भाद्र १५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०५१५, कर्तव्य ज्यान, *सिता श्रेष्ठ (थापा) वि. नेपाल सरकार*

घटना विवरण, पोष्टमार्टम रिपोर्ट कान्छी तामाङ, जाहेरवाला बालन जोसेफको सनाखत बयानबाट प्रस्तुत प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबित पुष्टि भएको देखिन्छ। प्रतिवादीको इन्कारी बयानलाई समर्थित हुने वस्तुनिष्ठ प्रमाणहरू मिसिल संलग्न रहे भएको देखिएन। कसुरमा अदालतमा इन्कार हुँदैमा यस्तो इन्कारी बयानले स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन। यस्तो इन्कारी बयान वस्तुनिष्ठ प्रमाणहरूले समर्थित हुनुपर्ने।

प्रतिवादी आफू उक्त वारदातको समयमा आफ्नै कोठामा रहेको भनी जिकिर लिएको पनि देखिन्छ। चर्चमा प्रार्थना गरेको समयमा एकजना महिला आई आफू बसेको ठाउँमा बसेकी र एकछिनपछि शौचालय कता छ भनी सोधी झोला छोडी गएको, सोको एकछिनपछि बम बिस्फोट भएको र सो झोला छाडी जाने महिला यिनै हुन् भनी कान्छी तामाङ र बालन जोसेफसमेतले सनाखत बयान गरी अदालतमा समेत सोही बेहोरा उल्लेख गरेको देखिन्छ। कान्छी तामाङ र बालन जोसेफ उक्त घटनाका प्रत्यक्षदर्शीको रूपमा रहेका छन्। उनीहरूको अदालतमा भएको बकपत्रबाट समेत प्रतिवादीको उपर्युक्त जिकिर खण्डित भइरहेको देखिन्छ। आफू उक्त समयमा आफ्नै कोठामा रहेको भनी लिएको जिकिर प्रमाणित गर्ने भार पनि प्रतिवादीमै रहेको हुन्छ। यदि सो जिकिरलाई प्रमाणित गर्न सकिँदैन भने जिकिर लिने व्यक्तिकै विरूद्ध प्रमाण लाग्छ। बालन जोसेफ र कान्छी तामाङले गरेको सनाखत बेहोराबाट आफू उक्त वारदातमा अन्यत्रै रहेको भनी लिएको जिकिर पनि पुष्टि हुन नआउने।

प्रतिवादीको घटना घटाउने क्रममा के कस्तो मनसाय रहेछ भनी हेर्दा Assumption चर्चमा प्रार्थना गरिरहेको अवस्थामा बम बिस्फोट गराउँदा मानिसको मृत्यु हुन सक्छ भन्ने परिणामको पूर्वजानकारी रहेको देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा उक्त चर्चमा मैले राखेको बम विष्फोटन भएको हो, विष्फोटनबाट मृत्यु र घाइते भएकोमा मलाई कुनै अफसोस छैन भन्ने बेहोरा उल्लेख गरी बयान गरेबाट बम बिस्फोट गराई हानि नोक्सानी पुऱ्याउने इच्छा प्रतिवादीमा रहेको देखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादी सीता श्रेष्ठ (थापा) ले हानि नोक्सानी पुऱ्याउने नियतले प्रार्थना गरिरहेको Assumption Church मा बम बिस्फोट गराएको र सो बम बिस्फोटको कारणबाट

दिपा पैट्रिक, सेलेष्ट्री जोसेफ र बुद्धलक्ष्मीको मृत्यु भएको पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०७१/२/६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल भाद्र १५ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-१२७३, जग्गा खिचोला निर्णय बदर, *ढोइली रावल वि. कविता वि.सी. समेत*

लोकसिंह बुढाथोकी साबिक विजन मुठी ।।।४ मध्ये ।।।२ वादीको आफ्नो र बाँकी ।।।२ जग्गा नै प्रतिवादीहरूको भएको बेहोरा उल्लेख गर्दै जग्गा खरिद गर्दाको स्रोत र क्षेत्रफलसमेतको उल्लेख गरी आफ्नो हक भोगको कि.नं. ६५० को जग्गाभन्दा ०९९ वर्ग मिटर जग्गा प्रतिवादीको कि.नं ६५१ मा बढी भएकोले प्रतिवादीले आफ्नो जग्गामा खिचोला गरेकोले सो खिचोला मेटाई निर्णय बदर हक कायमसमेत गरिपाउँ भनी वादीले दाबी लिएको देखिन्छ । वादीले दाबी लिएको ०९९ वर्गमिटर जग्गा वादीको पर्दैन। खिचोला गरेका छैनौं भन्ने प्रतिउत्तर जिकिर रहेको देखिने । प्रस्तुत मुद्दामा मालपोत कार्यालय रूकुमको निर्णय मात्र बदर गरिपाउँ भन्ने दाबी मात्र नभई खिचोला हक कायमसमेतको दाबी परेको अवस्था देखियो । यस्तो स्थितिमा मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गरी खिचोला हक कायम हुने नहुनेतर्फ बोल्नु पर्नेमा जिल्ला अदालतको अधिकार क्षेत्रभित्र नपर्ने भनी फिराद खारेज गर्ने गरेको रूकुम जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०/१/१० को फैसला उपर्युक्त आधार कारणबाट मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब, खिचोला हक बेहक दाबीतर्फ समेत जो जे प्रमाण बुझी ठहर फैसला गर्नु भनी उपस्थित रहेका पक्षहरूलाई तारेख तोकी सुरू मिसिल र भए प्रमाण मिसिलसमेत साथै राखी रूकुम जिल्ला अदालतमा पठाइदिने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-१२७२, दर्ता बदर हक कायम, *ढोइली रावल वि. मालपोत कार्यालय, रूकुम* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-००१६, अंश चलन, *राजकिशोर शाह वि. रामकुमार शाहसमेत*

मूल पुरूष सर्युग साह तथा निजको श्रीमती मायादेवी साहको ३ छोराहरूमा जेठो रामकुमार साह, माहिला रामपति साह, कान्छा लालबाबु साह भएको। कान्छा लालबाबु साह र निजको श्रीमती देवजन साहका राजकिशोर साह, संजयकुमार साह, धिरजकुमार साह र चन्दकुमार साह गरी ४ छोराहरू रहेकोमा ४ छोरामध्येका यी वादी राजकिशोर एक छोरा रहेकोमा पक्ष विपक्षहरूबिच मुख मिलेकै देखिन्छ। वादीका पिता लालबाबुले आमा मायादेवीउपर मिति २०५८/८/१२ मा सर्लाही जिल्ला अदालतमा दे.नं. ११८० को अंश मुद्दा दायर गरेको र सो मुद्दा प्रमाणको रूपमा मिसिल संलग्न रहेको देखिने।

वादीले अंश लिएको नदेखिएकोले आफ्ना बाबु लालबाबु साहबाट मुलुकी ऐन अंशबन्डाको महलको ३ नं. अनुसार अंश पाउने नै देखियो । लालबाबुका पिता सरयुग साहको नाम दर्ता कायम रहेको ३ भागको १ भाग वादीका बाबुका भागमा पर्न आउने सम्पत्ति

र लालबाबुले पेस गरेको तायदातीमा उल्लिखित सम्पत्ति, निज र निजको श्रीमती तथा छोराको नाममा रहेको सम्पत्तिसमेतबाट वादीले ६ भागको १ भाग अंश पाउने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६६/२/१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-१४५५, घर, पर्खाल हटाई, जग्गा खाली गराई, जग्गाको कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ, *निता भगत वि. कमलकुमारी कर्णसमेत*

सुरू अदालतबाट भई आएको मिति २०६२।९।१८ को नक्सा मुचुल्कावाट न.नं. ११ र १३ मा ज.वि. ०-०-५-१/२ जग्गा प्रतिवादीहरूको भोगचलनमा रहेको देखिन्छ । सोही लगभग ५ धुर जग्गाको क्षेत्रफलभित्रै निज प्रतिवादीहरूको घर पनि रहेको देखिन्छ। प्रतिवादीहरूले आफ्नो घरमा २०५६ सालमा विद्युत् जडान गरेको तथ्य मिसिल संलग्न कागजातबाट देखिन्छ। त्यस्तै सोही नक्सा मुचुल्कामा न.नं. १४ मा कि.नं. ७२२ को जग्गामा यी वादी निता भगतको घर जग्गा रही निजको भोगचलन रहेको देखिन्छ। वादी तथा प्रतिवादीहरूको घर एकआपसमा जोडिएको अवस्थामा रहेको पनि देखिने।

यसरी प्रतिवादीहरू बसोवास रहेको घरमा २०५६ सालमा विद्युत् जडान भएको र वादीले २०६२ सालमा मात्र आएर आफ्नो घर जग्गा खरिद गरेको देखियो। वादीका दाताले नै निर्माण गरेको घर वादीले २०६२ सालमा खरिद गरी बस्दै आएको देखियो। अर्थात् वादीको दाताको पालामा नै वादी तथा प्रतिवादीहरूले आआफ्नो जग्गामा घर बनाई बसेको पाइयो । यदि वादी दाबीबमोजिम वादीको जग्गामा प्रतिवादीहरूले घर पर्खाल बनाएको अवस्था हुन्थ्यो भने निज वादीको दाताले नै सो जग्गाउपर दाबी गर्न सक्ने स्थिति रहने थियो। तर वादीका दाताले प्रतिवादीहरूउपर कुनै दाबी लिएको अवस्था छैन। साथै प्रतिवादीहरूले भोग गरेको जग्गाको क्षेत्रफलसमेत निजहरूको जग्गाधनी स्रेस्ता पुर्जामा उल्लिखित क्षेत्रफलभन्दा बढी रहेको नपाइएको स्थितिमा प्रतिवादीहरूले वादी दाबीअनुसार वादीको जग्गा खिचोला गरेको देखिएन। तसर्थ वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब नै देखियो। वादी निता भगतको पुनरावेदन जिकिर एवं यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६६।५।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कल्याण खड्का

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-०७६०, लिखत बदर दर्ता बदर दर्ता कायम, *दिनदयाल यादव वि. ईनरदेवी यादवसमेत*

पिता पुर्खाको सम्पत्ति बिक्री गर्दा अंशबन्डाको महलको १९(१) नं. ले पत्नी तथा छोराछोरीहरूको मन्जुरी लिएर मात्र घर व्यवहार चलाउनलाई आधासम्म बिक्री गर्न पाउने देखिन्छ । उक्त अंशबन्डाको १९(१) नं. को व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा यी वादीहरूका पति पिता शिवनारायण यादवले आफ्नो नाउँमा

भएको जग्गाहरू बिक्री गर्दा एकासगोलको पत्नी तथा छोराहरूको मन्जुरी लिएको वा राजीनामा लिखतमा साक्षी राखिएको छैन । घर व्यवहार चलाउन बिक्री गरेको भन्ने तथ्य पनि उक्त पारित राजीनामा लिखत तथा अन्य प्रमाणबाट पुष्टि भएको देखिएन। विवादित जग्गाहरूबाहेक अन्य सम्पत्ति पनि रहेको र आधासम्म मात्र सम्पत्ति बिक्री गरेको भन्ने पनि पुनरावेदक प्रतिवादी दिनदयाल यादवको जिकिर छैन । यस अवस्थामा लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्था आकर्षित हुने नै देखिने।

पिता पतिको नाउँमा जुनसुकै स्रोतबाट प्राप्त सम्पत्ति छोरा पत्नीको लागि पिता पुर्खाकै पालाको सम्पत्ति हुने हुँदा सो सम्पत्तिमा पत्नी छोराहरूको अंशहक लाग्ने नै हुन्छ । अतः प्रस्तुत मुद्दामा यी वादीहरूका पति पिता शिवनारायण यादवले प्राप्त गरेको सम्पत्ति निजका छोराहरू तथा पत्नीको लागि पैतृक सम्पत्ति नै हुने भयो । त्यस्तो सम्पत्ति छोरा पत्नीको मन्जुरी नलिई बिक्री गर्न माथिका प्रकरणमा उल्लेख भएबमोजिम लेनदेन व्यवहारको १० नं. ले मिल्ने नदेखिने।

दाबीको कि.नं. १२६२ र १२६४ का वादीहरूका पति पिताले यी पुनरावेदक प्रतिवादी दिनदयाल यादवका दाता प्रतिवादी जदुनन्दन यादवलाई मिति २०६४।१।१८, र.नं. २५५३(क) बाट राजीनामा पारित गरी दिँदा वादीहरूलाई साक्षी राखिएको वा निजहरूबाट मन्जुरीको कुनै कागज गरी लिएको देखिएन। मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को कानूनी प्रक्रिया पूरा नगरी दाबीका जग्गाहरू वादीहरूका पति पिताले आफूखुसी रूपमा बिक्री व्यवहार गरेको देखिएकोले उक्त लिखतले कानूनी मान्यता पाउन सक्ने अवस्था रहेन। अंश हक लाग्ने सम्पत्ति मन्जुरी नलिई बिक्री भएको अवस्थामा अंशियारहरूले आफ्नो हकजति बदर गर्न पाउने नै भयो। सोही आधारमा दाबीको जग्गाको ४ भागको ३ भाग लिखत बदर भई वादीहरूको नाउँमा दर्ता कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब नै देखियो। यस्तो अवस्थामा दाबीको जग्गा निजी आर्जनको जग्गा भएकोले मुलुकी ऐन, अंशबन्डाको १९(२) बमोजिम आफूखुस गर्न पाउने सम्पत्ति हो भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदनपत्र एवं विद्वान् कानून व्यवसायीको बहस जिकिर पुग्न सक्ने देखिएन। साथै यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधारसँग समेत सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था एवं प्रमाणको आधारमा वादी इनरदेवी यादवसमेतका एकासगोलका अंशियारहरूको मन्जुरी नलिई प्रतिवादी शिवनारायण यादवले प्रतिवादी जदुनन्दन यादव र निज जदुनन्दन यादवले पुनः पुनरावेदक प्रतिवादीलाई गरिदिएको राजीनामा लिखत मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. विपरीत रहेको हुँदा उक्त जग्गाको ४ भागको ३ भाग लिखत बदर भई वादीहरूको नाउँमा दर्ता कायम हुने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६७।८।७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : कल्याण खड्का

इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम्।

### १०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CI-०१२६, अबन्डा जग्गा बन्डा गरिपाऊँ, *प्रल्हाद पुडासैनीसमेत वि. रामचन्द्र पुडासैनीसमेत*

बन्डापत्र हुँदा अबन्डा जनिएन भन्दैमा जग्गा अबन्डा हुन नसक्ने होइन । कुनै सम्पत्ति पछिबाट बन्डा हुने हो होइन भन्ने कुरा सो जग्गाहरूको प्रकृति र भोगको अवस्थाबाट निर्धारण गर्नुपर्छ भन्ने अंशबन्डाको ३५ नं. को आशय हुने। उपर्युक्त जग्गा २०२२ सालमा नै अंशबन्डा हुनुअगावै दशरथ पुडासैनीको नाउँमा

दर्ता भएको देखिन्छ । प्रतिवादीहरूले दाबीको जग्गा यो यति कारणले आफ्नो मात्र हक लाग्ने हो बन्डा गर्नुपर्ने होइन भन्ने जिकिर लिन सकेकोसमेत छैन । केवल आफ्नी आमा प्रेमकुमारीका नाउँमा बन्डामा हुँदा अन्य अंशियारको तुलनामा कम जग्गा बन्डाबाट प्राप्त गरेको हुँदा उपर्युक्त जग्गाहरू बन्डा लाग्ने जग्गा होइन हाम्रो भागमा परेको हो भनी प्रतिउत्तर जिकिर लिएको देखिन्छ । बन्डापत्रलाई सम्पत्तिको स्रोतको रूपमा लिइन्छ । तर उक्त बन्डापत्रमा भएको बेहोरा हेर्दा उक्त बन्डापत्रमा यस्तो कुनै कुरा उल्लेख भएकोसमेत पाइँदैन । बन्डापत्र हुँदाको अवस्थामा कूल सम्पत्तिमध्ये के कुन सम्पत्ति कुन अंशियारको भागमा परेको हो बन्डामा नै उल्लेख हुनुपर्छ । बन्डापत्रमा कुनै सम्पत्तिको सम्बन्धमा केही नबोलिएकै आधारमा जो जसको नाममा छ उसैको मात्र हुने भनी अनुमान गर्न पनि न्यायोचित हुँदैन । यसको लागि कि त तथ्ययुक्त र उचित कारणहरूबाट पुष्टि हुन सक्नुपर्छ र कि त सम्पत्तिको स्रोतको रूपमा रहेको अंशबन्डाको लिखतमा नै व्यक्त हुनु पर्छ । यस्तो बन्डापत्रमा स्पष्ट रूपमा व्यक्त नगरिएको यस्तो सम्पत्ति एक मात्र अंशियारको हो भनी मान्नसमेत न्यायोचित नदेखिने ।

मिति २०४९/९/१९ को बन्डापत्र हेर्दा केही कित्ता जग्गाहरू अबन्डा राख्ने भनी अंशबन्डामा उल्लेख भएको छ । दाबीका अन्य कि.नं.१३, ४४, ८८, ९६, १००, १०२, १०७, १३७, १४०, १४६, १३५ र १३ समेतका जग्गाको बारेमा उल्लेख छैन । तर उपर्युक्त जग्गाहरू अन्य अंशियारहरूलाई बन्डा नलाग्नुपर्ने वा दशरथ पुडासैनीको आफ्नो निजी सिप आर्जनबाट प्राप्त भएको तथ्य प्रमाणसमेतबाट पुष्टि हुन सकेको छैन । उपर्युक्त जग्गाहरू मूलपुर्खा लिलानाथकै साबिक दर्ताबाट माहिला छोरा दशरथको नाममा आएको देखिएबाट समेत पैतृक सम्पत्ति नै रहेको देखिन्छ । यस्तो पैतृक सम्पत्ति अन्य अंशियारले भोग गरेको र बन्डामा उल्लेख नभएको भए पनि अबन्डा हुनसक्ने र यस्तो सम्पत्तिबाट अंशियारले बन्डा पाउने नै देखिने ।

तसर्थ, माथि उल्लिखित आधार कारणबाट वादी दाबीका जग्गाहरू अंशियारहरूबिच बन्डा लाग्ने ठहऱ्याई भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०६४/७/२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन ।

- ०६८-CI-०१२७, निर्णय बदर, प्रल्हाद पुडासैनीसमेत वि. रामचन्द्र पुडासैनीसमेत
- ०६८-CI-०१२८, निर्णय बदर, प्रल्हाद पुडासैनीसमेत वि. रामचन्द्र पुडासैनीसमेत

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६६-CI-००७५, मध्यस्थ नियुक्ति, *बेदनाथ लामिछाने वि. नेसनल कन्स्ट्रक्सन कम्पनी लिमिटेड नेपाल*

पुनरावेदन अदालतको फैसला हेर्दा पक्षहरूबिच भएको सम्झौताको दफा ५१ मा भएको व्यवस्थाअनुसार इन्जिनियरसमक्ष दाबी पेस गरे नगरेको, इन्जिनियरले निर्णय दिए नदिएकोलगायतका सर्तहरू पालना भए नभएको र मध्यस्थ ऐन, २०५५ को दफा ६(१) को म्यादभित्र मध्यस्थ नियुक्ति गरी पाउन निवेदन परेको हो होइन, मूल सम्झौताको दफा ५१ मा वैकल्पिक पूर्वअवस्थाहरू पुनरावेदक निवेदकले पालना गरेको छ, छैन ? पालना गरेको छ भने विपक्षी एन.सी. सी.एन. कम्पनीले उक्त पूर्वअवस्थालाई Frustrate गरेको छ, छैन ? हेरी मध्यस्थ नियुक्तिसम्बन्धी नियुक्ति गर्नु भनी यस अदालतबाट जारी भएको उक्त

परमादेशको आदेशबमोजिमको उपर्युक्त अवस्थाहरू विद्यमान छ, छैन हेरी जाँची बुझी पुनरावेदन अदालत पाटनबाट प्रस्तुत विवादको निष्कर्षमा पुगी निर्णय गरेको नपाइने । अस्पताल हस्तान्तरण गरेको र हस्तान्तरण गर्दासम्म पनि थप भुक्तानी पाउनु पर्ने भनी दाबी लिएको नदेखिएको भन्ने आधारमा निवेदन दाबी खारेज गरेको देखियो । फ्रेन्ड्स कन्स्ट्रक्सन कम्पनि र नेसनल कन्स्ट्रक्सन कम्पनी (एन.सी.सी.एन) बिच भएको सम्झौताको दफा १३ मा "सम्झौतासम्बन्धी अन्य सर्त एवं सुविधाको हकमा नियोक्तासँग भएको मूल सम्झौताअनुसार नै हुनुपर्ने छ ।" भन्ने उल्लेख भएको र नियोक्तासँग भएको मूल सम्झौताको दफा ५१ मा मध्यस्थतासम्बन्धी प्रावधान रहेकोसमेत सन्दर्भमा सर्वोच्च अदालतको मिति २०६४।७।२७ को फैसलाले स्पष्ट रूपमा मार्गनिर्देश गरेका उपर्युक्त विषयहरूमा हेरी बुझी निर्णय गर्नुपर्नेमा यस्ता विषयबाहेक अन्य विषयलाई आधार लिई मध्यस्थ नियुक्ति गरिपाउँ भन्ने निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६/२/४ को फैसला उपर्युक्त आधार कारणबाट मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम् ।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-०७४३, जबरजस्ती करणी, *सूर्यबहादुर थापा मगर वि. नेपाल सरकार*

वस्तुतः पीडिताको ओठ र पिठ्युँमा चोट रहेको देखिन्छ । पीडिता "क" वर्गको बौद्धिक अपाङ्ग रहेको भन्ने देखिन्छ । पीडिताले मौका र अदालतमा समेत आई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको पाइन्छ। प्रत्यक्षदर्शी ज बहादुरले मौकाको बकपत्र अदालतमा उपस्थित भई प्रमाणित गरेको छ । प्रतिवादीले घटनास्थलमा आफूले चप्पल, लुगा छोडी भागेको तथ्य स्वीकार गरेको पाइन्छ । पीडितालाई करणी गर्न बारीमा लगेको र कपडा खोली स्वेच्छाले करणी गर्ने उद्देश्य लिएको भनी प्रतिवादीले अदालतमा बयान गरेका छन् । तर पीडिताको शरीरमा लागेको घा चोटसमेतले सो कुरा मनासिब नदेखिने ।

उल्लिखित तथ्य तथा न्यायिक सिद्धान्तको रोहमा प्रतिवादी सूर्यबहादुर थापा मगरले पीडिता परिवर्तित नाम दमौली ९ लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको देखियो । प्रतिवादीको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुर रहेको देखिँदा निजको कसुरको मात्रा यकिन गरी मात्राअनुरूपको सजाय निर्धारण गर्नुपर्ने देखिने ।

प्रतिवादीलाई हुने सजायतर्फ विचार गर्दा, पीडिता परिवर्तित नाम दमौली ९ को जन्ममिति २०४०।०१।१६ रही वारदातको समयमा ३२ वर्ष १० महिना २५ दिन रहेको तथ्य निज पीडिताको नागरिकताको प्रतिलिपिबाट देखिन्छ । साथै निज पीडिता वौदिक अपाङ्ग भई पूर्ण अपाङ्गताको "क" वर्गको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । जबरजस्ती करणी गर्ने अभियुक्तलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. मा *बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म* कैद सजाय हुने कानूनी व्यवस्था रहेको देखिन्छ । सोही महलको ३क. नं. मा *कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नु पर्छ* भन्ने व्यवस्था रहेको देखिन्छ । यस स्थितिमा प्रतिवादी सूर्यबहादुर थापा मगरलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद सजाय, ऐ. महलको ३क. नं. बमोजिम थप ५ वर्ष कैद सजाय र सोही महलको १० नं.

बमोजिम पीडिताले प्रतिवादीबाट रू.१०,०००।- भराई पाउने गरी उच्च अदालत पोखराबाट भएको फैसला अन्यथा भन्न मिलेन। प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ३ (तीन) वर्ष ६ (छ) महिना कैद सजाय हुने गरी सुरू तनहुँ जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने, ऐ. महलको ३क. नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय थप हुने र सोही महलको १० नं. बमोजिम पीडिता परिवर्तित नाम दमौली ९ ले प्रतिवादीबाट रू.१०,०००।- (दश हजार रूपैयाँ) भराई पाउने गरी उच्च अदालत पोखराबाट मिति २०७४।०५।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७६ साल वैशाख २४ गते रोज ३ शुभम्।

## १३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०६८-CI-०६५२, अंश दपोट निर्णय दर्ता बदर दर्ता कायम, *गंगिया कुमारी देवी महतो वि. वतहु महतो कोइरीसमेत*

प्रतिवादीले अंश दपोट कार्य गरेकाले निजहरूका नाउँको दा.खा. बदर गरी मेरा नाउँमा कायम गरिपाउँ भन्ने फिरादपत्र सुरू सिराहा जिल्ला अदालतमा मिति २०६०।११।१ मा दर्ता भएको देखिन्छ । वादीले दाबी लिएका विवादित सा.कि. नं.२१९५ सा.कि.नं.१२९५ सा.कि.नं.२१९२ को जग्गा २०५० सालको दर्ता गरेको दे.नं.१७९९ को अंश मुद्दामा भएका आदेशानुसार प्रतिवादीले २०५२ सालमा पेस गरेको तायदातीमा देखाएको पाइँदैन । सो अंश मुद्दा फैसला भएपश्चात् यी प्रतिवादीहरूमध्ये बिरासी महतो वादी र वतहु महतो प्रतिवादी भएको दे.नं. १४९६ को अंश दर्ता मुद्दामा मिति २०५८।४।५ मा मिलापत्र भई विवादित जग्गाहरू मिलापत्रबाट हक लिनु दिनु गरेको देखिन्छ। प्रतिवादीहरूले मिति २०५२।४।२१ को तायदाती फाँटवारीमा नदेखाई २०५८ को मिलापत्रमा उल्लिखित क्षेत्रफल दपोट गरेको ठहर्छ। र, उल्लिखित जग्गाको लगत दर्तासमेत बदर भई वादीका नाममा दर्तासमेत हुने र वादी प्रतिवादीको आंशिक दाबी ठहर भई फैसला भएकोले दुवै पक्षलाई पुनरावेदनको म्याद दिएको पनि देखिने।

उक्त फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको तत्कालीन पुनरावेदन अदालत राजविराजमा पुनरावेदन परेको देखिन्छ। यी पुनरावेदक / वादीको समेत पुनरावेदन हुँदाहुँदै प्रतिवादीको पुनरावेदनमा मात्र सुनुवाइ भई झगडिया झिकाउने आदेशसमेत भएको देखिन्छ। उक्त झगडिया झिकाउने प्रक्रियामा यी पुनरावेदक वादीको नामको सूचना म्याद मिति २०६७।४।२१ मा सार्वजनिक पिपलको बोटमा टाँस भई बेपत्ते तामेल भएको देखिन्छ। उक्त सूचना म्याद रीतपूर्वकको देखिँदैन । सुनुवाइ प्रक्रियामा यी पुनरावेदकको उपस्थिती सहभागिता देखिँदैन । यसरी एकातर्फ यी वादीसमेतले दिएको पुनरावेदनमा सुनुवाइ नभई प्रतिवादीको मात्र पुनरावेदनमा सुनुवाइ भएको र अर्कोतर्फ सूचना म्याद बेरितको रहेको अवस्थामा पुनरावेदकले आफ्नो भनाइ राख्ने मौका नपाई त्यस्तो बेरितको म्यादलाई मान्यता दिइ सुनुवाइ गरी सुरू जिल्ला अदालतको फैसला उल्टी गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०६७।१०।२५ को फैसला न्यायका मान्य सिद्धान्तविपरीत भई मिलेको नदेखिँदा बदर हुने।

अब, यसै मुद्दामा यी पुनरावेदकले दिएको पुनरावेदन उच्च अदालत जनकपुर, राजविराज इजलासमा मुलतबी रहेको हुँदा उक्त मुलतबी जगाई साथै राखी जो जे बुझ्नु पर्ने हो बुझी चाँडो किनारा गर्नु

भनी उपस्थित पक्षलाई तारेख तोकी मिसिल उच्च अदालत जनकपुर, राजविराज इजलासमा पठाई दिने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल भदौ २३ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WH-०००९, बन्दीप्रत्यक्षीकरण, *बद्रीकुमार रोका वि. जिल्ला प्रहरी कार्यालय, धादिङवेसीसमेत*

मिसिल संलग्न कागजातबाट भैरे मल्ल ठकुरी भनिएका बलराम मल्ल ठकुरी भन्ने रामबहादुर मल्ल एउटै व्यक्ति हो भन्ने आधिकारिक प्रमाणबाट पुष्टि भएको देखिँदैन । शिवनारायण श्रेष्ठसमेतले गरी दिएको सनाखत कागजमा रिट निवेदक रामबहादुर मल्ललाई रोहबरमा राखी सहिछाप गराएको देखिँदैन । प्र.स.नि. सन्तकुमार लामासमेतले काम तामेल गरेको देखिन्छ। यसरी कागज गराउने कानूनी अख्तियारी प्रहरीलाई रहे भएको देखिँदैन । मुद्दा अन्तिम फैसला भई बसेको अवस्थामा अमुक व्यक्ति भनेको मानिस यो हो भनी एउटा पात्र खडा गरी प्रहरीले साबिती वा स्वीकारोक्ति बेहोराको कागज गराउने र त्यसैलाई निर्णायक प्रमाण मान्न मिल्ने देखिँदैन। सो कागज निवेदक रामबहादुर मल्लले स्वेच्छाले गरेको भनी विश्वास गर्न सकिने अवस्था पनि देखिँदैन। यस अवस्थाको कानूनको उचित प्रक्रिया अनुशरण नगरी तयार गरिएको संदिग्ध किसिमको कागजका आधारमा भैरे तथा बलराम भनिएका व्यक्ति यिनै निवेदक रामबहादुर हुन् भनी मान्नु न्यायोचित नदेखिने।

निवेदकले जिउ मास्ने, बेच्ने मुद्दाको वारदात हुनुभन्दा अगाडि मिति २०४७।३।८ मा जिल्ला प्रशासन कार्यालय धादिङबाट नागरिकताको प्रमाणपत्र बनाएको, नागरिकताको प्रमाणपत्रमा निजको नाम रामबहादुर मल्ल उल्लेख भएको र जिउ मास्ने, बेच्ने मुद्दामा प्रतिवादीको नाम बलराम मल्ल ठकुरी, कतै भैरे भन्ने बलराम मल्ल ठकुरी उल्लेख भएको, निवेदकको नाम र उक्त जिउ मास्ने, बेच्ने मुद्दामा सजाय पाएका प्रतिवादीको नाम तथा निजको बाबुको नाम नमिली फरक परेको देखिएको, जिल्ला प्रहरी कार्यालय धादिङमा भएको कागज रिट निवेदकको राजीखुसीले स्वेच्छापूर्वक भएको हो भनी विश्वास गर्ने आधार नदेखिएको, जिउ मास्ने बेच्ने मुद्दाको मिसिलबाट समेत यी निवेदक रामबहादुर मल्ल र सजाय पाएको प्रतिवादी भैरे भन्ने बलराम मल्ल ठकुरी एउटै व्यक्ति हुन् भनी मान्न सकिने अवस्था नदेखिएको हुँदा निवेदक रामबहादुर मल्ल र जिउ मास्ने बेच्ने मद्दामा २० वर्ष कैद र रू.४०,०००।- जरिवाना भएको प्रतिवादी भैरे भन्ने बलराम मल्ल ठकुरी एकै व्यक्ति हुन् भनी यी निवेदक रामबहादुर मल्ललाई पक्राउ गरी थुनुवा पुर्जी दिई कारागारमा थुनामा राख्ने विपक्षीहरूको कार्यलाई कानूनसम्मत मान्न नसकिने।

अत: माथि विवेचित आधार, कारणसमेतबाट जिउ मास्ने बेच्ने मुद्दामा कैदको सजाय भएका भैरे भन्ने बलराम मल्ल ठकुरी र यी निवेदक रामबहादुर मल्ल एउटै व्यक्ति हुन् भनी भन्न सक्ने अवस्था नहुँदा रिट निवेदक रामबहादुर मल्ललाई जिउ मास्ने बेच्ने मुद्दामा पक्राउ गरी कैदी पुर्जी दिई थुनामा राख्ने विपक्षीहरूको कार्य त्रुटिपूर्ण देखिँदा रिट निवेदक रामबहादुर मल्ललाई तत्काल थुनामुक्त गरी दिनु भनी नेपालको संविधानको धारा १३३(३) बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७५ साल भाद्र २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०६४७, उत्प्रेषण / परमादेश, *प्रभाकर नरसिंह राणा वि. गुणाधीश राजभण्डारीसमेत*

यसरी विपक्षी गुणाधीश राजभण्डारीले कि.न. ३५१ को जग्गाको मोही प्रमाण-पत्र सम्बन्धमा दायर गरेको मुद्दामा नै यी रिट निवेदकलाई सर्वोच्च अदालतको आदेशअनुसार अ.बं. १३९ नं. बमोजिम बुझी निजको बयान गराई कारणीसरह कायम गरी सो मुद्दामा फैसला भई बसेको देखिएको हुँदा सो मोही प्रमाण-पत्रसम्बन्धी मुद्दाको सम्बन्धमा थाहा भएन भन्ने निवेदकको कथन आधारहीन देखिई निवेदक यस अदालतसमक्ष सफाहातले समेत प्रवेश गरेको नदेखिने।

विवादित जग्गाको सम्बन्धमा श्रीकृष्ण बज्राचार्य र गुणाधीश राजभण्डारीको बिच मोही प्रमाण-पत्र पाउँ भनी चलेको मुद्दामा सर्वोच्च अदालतबाट निवेदक प्रभाकर नरसिंह राणालाई कारणीसरह मानी तारेखमा राखी उक्त मुद्दा टुङ्गो लागिसकेको अवस्थामा मुद्दाको सम्बन्धमा जानकारी नै थिएन भन्नु उपयुक्त र तर्कसङ्गत नहुने भनी उच्च अदालत पाटनबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित आधार प्रमाणबाट निवेदकले प्रस्तुत जग्गा आफ्ना दाता श्रीकृष्ण बज्राचार्यबाट खरिद गरिलिएको लिखतको महलमा मोही जनिएको नभए पनि तत्कालीन अवस्थामा श्रीकृष्ण बज्राचार्य र गुणाधीश राजभण्डारीबिचमा मोही प्रमाण-पत्र पाउँ भन्ने मुद्दा चलिहेको तथ्य स्थापित हुन आयो। उक्त मोही प्रमाण-पत्र पाउँ भन्ने मुद्दा तहतह हुँदै सर्वोच्च अदालतमा आइपुगेकोमा निज प्रभाकर नरसिंह राणालाई मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम झिकाई बयान गराई कारणीसरह मानी तारेखमा समेत राख्ने आदेश भएको देखियो। यिनै पक्ष विपक्षबिच चलेको जग्गा खिचोला मुद्दाको पुनरावेदन पत्रमा निवेदक प्रभाकर नरसिंह राणाले मोही मुद्दाको फैसलाको जानकारी भएको कुरा उल्लेख गरेको अवस्थामा आफूसँग प्रत्यक्ष सरोकार रहेको मुद्दामा फैसलाको जानकारी थिएन, पाइन भन्नु न्याय र विवेकको दृष्टिले तर्कसङ्गत र युक्तिसङ्गतसमेत नदेखिँदा विपक्षी गुणाधीश राजभण्डारीले द.नं. ५२१७ मिति २०७३।१०।६ मा जग्गा बाँडफाँडको निवेदन दिँदा हालका निवेदक ज.ध. प्रभाकर नरसिंह राणाले लिखित जवाफ पेस गर्दा निज निवेदक गुणाधीश राजभण्डारीलाई मोही होइनन् भनी इन्कार गर्न नसकेको भन्नेसमेतका आधारमा भूमिसुधार कार्यालय काठमाडौंबाट भएको दरपीठ आदेश र मुलुकी ऐन, अ.बं. १७ नं. को रोहमा सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : राजेन्द्र वाग्ले

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत २०७५ साल आश्विन १ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०४४७, उत्प्रेषण / परमादेश, *रविन्द्रनाथ देव वि. जिल्ला स्वास्थ्य कार्यालय, फाप्लु अस्पताल सोलुखुम्बुको लेखा शाखासमेत*

निवेदक मिति २०३९।०६।०६ देखि स्थायी नियुक्ति भई २०५२ असोजसम्म विभिन्न कार्यालयमा काम गरेको र सो अवधिको तलब भत्ता निजले भुक्तानी पाएको तथ्य निवेदकले स्वीकार गरेको देखिन्छ। त्यसपछि निज कुन कार्यालयमा हाजिर भई काम गरेको हो भन्ने सम्बन्धमा कुनै प्रमाण पेस हुन आएको पाइएन। निवेदकले २०३९ सालदेखि स्थायी नियुक्ति पाई २०५२ साल आश्विनसम्म कार्यालयमा कामकाज

गरेको देखिएको छ । नोकरी अवधि करिब १३ वर्ष भएको देखिएको स्थितिमा निवेदकले निवृत्तिभरण पाउन सक्ने अवस्था देखिएन । बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको कुरा निजको निवेदनमा स्वीकार गरिएको देखिन्छ । राष्ट्रसेवक कर्मचारीले विना सूचना बिदा स्वीकृत नगराई लामो समयसम्म कार्यालयमा अनुपस्थित हुनुलाई पदीय अनुशासन प्रतिकूलको आचरण गरेको मान्नु पर्दछ । कार्यालयमा हाजिर नभएको र बिदा स्वीकृतसमेत नभएको अवधिको तलब भत्ता पाउँ भन्ने निवेदकको जिकिर कानूनसङ्गत मान्न नसकिने ।

निवेदक अध्ययनको सिलसिलामा २०५४ सालमा भारतमा गई वि.ए.एम.एस.को अध्ययन पूरा गरी २०५९ सालमा स्वदेश फर्केको भन्ने निवेदन बेहोराबाट देखिन्छ । निवेदकले दाबी गरेअनुसार तलब भत्ता लिन बाँकी भएको र विपक्षीहरूबाट निजको राजीनामा दिएको सम्बन्धमा कुनै कारबाही प्रक्रिया अगाडि नबढाएको अवस्था हो भने तत्काल कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्ने थियो । तर २०५२ सालदेखि करिब २० वर्षसम्म कानूनी उपचारको मार्ग नअपनाई २०७३ सालमा मात्र रिट निवेदनसाथ अदालतमा प्रवेश गरेको देखिन्छ । धेरै लामो समयपश्चात् अदालत प्रवेश गर्नुपर्ने कुनै उचित वा युक्तिसङ्गत कारण खुलाएको पनि पाइएन । कसैको हक अधिकारमा आघात पर्न गएमा उचित समयमा नै न्यायिक उपचारको बाटो अवलम्बन गर्नुपर्ने हुन्छ । अनुचित विलम्ब गरी निवेदन गरेको अवस्थामा अदालतले उपचार प्रदान गर्न नसक्ने ।

अत: निवेदकको सेवा अवधि निवृत्तिभरण पाउने अवस्थाको नदेखिएको, निज २०५२ साल आश्विनपश्चात् कुनै कार्यालयमा हाजिर भई कामकाज गरेको नदेखिएको, बिदा स्वीकृत नगराई लामो अवधिसम्म अनुपस्थित रहेको र २०५२ साल आश्विनपश्चात्को तलब भत्ताको विषयलाई लिएर अनुचित विलम्ब गरी करिब २० वर्षपछि रिट निवेदन गरेको, न्यायिक उपचारका लागि अदालतमा प्रवेश गर्न ढिलाई हुनुपर्ने कुनै उचित कारणसमेत नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गीता श्रेष्ठ

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत्र ५ गते रोज २ शुभम् ।

**४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-*CR*-*०२५७* र ०७३-*RC*-०१३२, कर्तव्य ज्यान, *तारासिंह लामा वि. नेपाल सरकार र नेपाल सरकार वि. तारासिंह लामा*

प्रस्तुत मुद्दामा घटनास्थल प्रकृति मुचुल्का, अनुसन्धानको सिलसिलामा भएको कागज र अदालतमा बकपत्र गर्ने कार्माजाङ्बु लामासमेतको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी तारा सिंह लामाको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष भएको बयानसमेतका आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी तारासिंह लामाको कुटपिट एवं कर्तव्यको कारण मृतक छिरिङ पाल्देन लामाको मृत्यु भएको भन्ने तथ्य निर्विवाद रूपमा पुष्टि भएको देखिन आयो । घटनाक्रमतर्फ समग्रमा विचार गर्दा पटक-पटकको प्रहारपछि घिसार्ने र ढुंगामा ठोक्काउनेसमेतको कार्य भएको परिणामस्वरूप मानिस मरेको देखिँदा प्रतिवादीको आवेशप्रेरित हत्यातर्फ मात्र सजाय गरिपाउँ भन्ने प्रतिवादी तारासिंह लामाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदन अदालत जुम्लाले प्रतिवादी तारासिंह लामालाई सर्वस्वसहित जन्मकैद ठहर गरी निजलाई सोबमोजिम सजाय गर्दा चर्को पर्ने भनी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैदको सजाय हुनुपर्ने राय जाहेर गरेको देखिन्छ । सो सन्दर्भमा विचार गर्दा प्रतिवादी र मृतकबिच लेनदेनको विषयमा विवाद भएको र सोही विवाद बढ्ने क्रममा मृतकले प्रतिवादीलाई

ढुङ्गाले हानेको अवस्थामा प्रतिवादीले प्रतिकार गरी मृतकलाई कठालो समाती ढुङ्गामा ठोक्काउँदा मृतक छिरिङ पाल्देन लामाको मृत्यु भएको देखियो। प्रतिवादीले मृतकलाई मार्नेसम्मको पूर्वयोजना, तयारी, षड्यन्त्र गरेको देखिँदैन। पूर्वरिसइवीसमेत भएकोसमेत पाइएन। सजाय निर्धारण गर्दा कसुरको गाम्भीर्य, कसुर गर्दाको परिस्थिति, कसुरको मात्रा, कसुरदारको आचरण, विगतको क्रियाकलापसमेतलाई दृष्टिगत गरी निर्धारण गर्नुपर्ने हुन्छ। प्रतिवादीले वारदात घटाउने योजना षड्यन्त्र पूर्वतयारी गरेको अवस्था नभएको र निजले न्यायिक प्रक्रियामा सहयोग गरेकोसमेत देखियो। यस अवस्थामा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने नै देखियो। तसर्थ प्रतिवादी तारासिंह लामालाई १० वर्ष कैदको सजाय गर्नु उचित नै हुने भनी पुनरावेदन अदालत जुम्लाले जाहेर गरेको रायसमेत मनासिब नै देखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण र कारणबाट सुरू हुम्ला जिल्ला अदालतबाट भएको फैसला सदर गरेको मिति २०७१।१२।३० को पुनरावेदन अदालत जुम्लाको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सजाय गर्दा माथि विवेचित आधार र कारणबाट सजाय चर्को पर्ने देखिएकाले अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद बस्याल

कम्प्युटर : विजय खड्का

इति संवत् २०७५ साल चैत्र २४ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७३-*CR*-०९९३, मानव अपहरण तथा बन्धक गरी कर्तव्य ज्यान र ठगी, *नेपाल सरकार वि. देव गुरू भनेर चिनिने अभिषेकराज सिंहसमेत*

प्रतिवादी अभिषेकराज सिंहलाई कर्तव्य ज्यानतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको १ नं. बमोजिम कसुर कायम गरी ऐ.३ नं. बमोजिम ज्यान मार्ने उद्देश्यले गरेको अपहरण तथा शरीर बन्धकसमेत कार्यको अपराधको प्रकृतिसमेतलाई विचार गरी १५ वर्ष कैद र रू. एक लाख जरिवाना हुने र उक्त महलको १२ नं. बमोजिम पीडितलाई रू २,५०,०००/- क्षतिपूर्ति भराइदिने गरी गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिने।

प्रतिवादी मिलन सागर लिम्बुले पुनरावेदन जिकिरबमोजिम मृतकलाई घेरा दिने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउने गैह्र काम गरी कर्तव्य गरी मार्नमा संलग्न रहेको भन्ने मिसिल संलग्न रहेका प्रमाणबाट देखिँदैन। मिति २०६९।४।७ गते मुख्य प्रतिवादी अभिषेकराज सिंहले सहप्रतिवादी मिलन सागर योङ्गया लिम्बु र मृतकलाई लखनऊमा पूजा गर्न जाउँ भनी मृतकलाई नै गाडी चलाउन लगाई सिलगुढी हुँदै भारतको फौजाबादसम्म साथमा गएको देखिन्छ। निजहरू होटल हाइवेमा सँगसँगै बसेको र पछि प्र. अभिषेकराजले जगत सिंह तामाङ विरामी भयो भनी लखनउ जाने गाडीमा राखी मुख्य प्रतिवादी अभिषेकराज सिंहसँग साथै गएकोसमेत देखिन्छ। लखनउ जाने क्रममा प्रतिवादी अभिषेक सिंहले जगत सिंह मऱ्यो भनी निजलाई बाटोनजिक फालेको, सोही रात रक्सौलमा फर्की आई उक्त घटनाबारे कोही कसैलाई जाहेरीसम्म नगरेकोसम्मको कसुर प्रतिवादी मिलन सागरले गरेको देखिन्छ। ज्यान मार्ने कार्य हुनुपूर्व जगत सिंहलाई मार्ने कुराको प्र. मिलन सागरलाई जानकारी भएको वा निजसँग कुनै पूर्वसल्लाह भएको भन्ने तथ्य समग्र मिसिल कागजबाट खुल्न आएको पाइएन। तसर्थ

समग्र घटनाक्रम परिस्थितितर्फ विचार गर्दा प्र. मिलन सागर योङ्गा (लिम्बु) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुरमा ३(तीन) वर्ष कैद सजाय गर्ने गरी भएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिने।

मुख्य प्रतिवादी अभिषेकराज सिंहले ठगी गर्ने कार्य गर्दा सोहनी राजभण्डारीले मद्दत गरेको भन्ने अभियोग दाबी देखिन्छ । निज प्रतिवादीले के कस्तो कार्य गरी ठगी गरेको भन्ने कुराको ठोस र वस्तुनिष्ठ प्रमाण पेस गरेको पाइँदैन । अभिषेकले भनेबमोजिम सोहनीको खातामा रू. १ लाख जम्मा गरेको भन्नेसम्मको ठगीको कसुर कायम हुन सक्ने स्थिति देखिँदैन । कुन प्रयोजनका लागि कसले सो रूपैयाँ सोहनी राजभण्डारीको खातामा हालेको भन्ने कुरा मिसिल प्रमाणबाट समेत देखिँदैन। प्रतिवादीहरू अभिषेकराज सिंह र सोहनी राजभण्डारीले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत ठगीको कसुर गरेको होइन भनी इन्कारी भई बयान गरेको देखिन्छ । प्रतिवादीहरूले मृतकबाट रकम ठगी गरी लिए खाएको भन्नेसमेत कहिँकतैबाट पुष्टि भएको पाइँदैन। प्रतिवादीहरूले ठगी गरेको ठोस र वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको अवस्थासमेत नहुँदा अभियोग लगाएको भरमा मात्र कसुरदार कायम गर्न मिल्ने नदेखिँदा निजलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू अदालतको फैसला र सो फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिने।

तसर्थ माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादीमध्येका अभिषेकराज सिंहलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ. ३ नं. बमोजिम १५ वर्ष कैद र रू.१,००,०००।– जरिवाना गरी पीडितलाई ऐ. १२ नं. बमोजिम क्षतिपूर्ति रू. २,५०,०००।– भराई दिने, मिलन सागर योङया लिम्बुलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैदको सजाय हुने र ठगीतर्फको अभियोग सम्बन्धमा प्रतिवादी अभिषेकराज सिंह तथा सोहनी राजभण्डारीसमेतका हकमा अभियोग दाबी पुग्न नसक्ने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७१।१२।२३ को फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रतिवादी अभिषेकराज सिंहलाई अभियोग दाबीअनुसार कर्तव्य ज्यानतर्फको कसुरको हकमा सर्वस्वसहित जन्मकैद हुने ठहर्‍योएकोमा हाल प्रचलित कानून, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिएकाले प्रस्तुत मुद्दामा प्रतिवादीको सर्वस्व गर्नु नपर्ने।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर : विजय खड्का

इति संवत् २०७५ साल चैत्र २४ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-*CR*-१७४३, जबरजस्ती करणी, *कृष्ण थारु वि. नेपाल सरकार*

कसुर गरेकोमा साबित भई प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको र निजले गरेको सो साबिती बयानलाई पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोराले समर्थन गरेको देखियो । रक्सीको नसाको सुरमा पीडितलाई करणी गर्न मन लागी निजको कट्टु खोल्दै गर्दा भोला चौधरी आएकोले करणी गर्न पाइँन भनी निजले अदालतमा बयान गरे तापनि निजले अनुसन्धान

अधिकारीसमक्ष बयान गर्दा करणी गर्न मन लागी पीडितलाई आउ भनी नरेश गैरेको घरको छतमा लगी पैसा दिन्छु भनी छतमा सुताई निजले लगाएको पेन्टी खोली मेरो उत्तेजित लिङ्ग निजको योनिमा घुसाउन योनि वरिपरि दली लिङ्ग योनिभित्र छिराउँदै गरेको अवस्थामा अचानक भोला चौधरी आएकोले उक्त स्थानबाट भागी गएको भनी कसुरमा साबित रही बयान गरेको कुरालाई पीडितको स्वास्थ परीक्षण प्रतिवेदन, अनुसन्धानको क्रममा कागज गर्ने अर्जुन थापासमेतको कागज, जाहेरवाला एवं पीडितको बकपत्रसमेत मिसिल संलग्न कागज एवं प्रमाणहरूबाट पुष्टि भएको पाइयो । निजले जबरजस्ती करणीको उद्योग मात्र गरेको हुँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीका विरूद्धमा परेको किटानी जाहेरी दरखास्त, पीडितले अनुसन्धानको क्रममा गरेको कागज, जाहेरवाला एवं पीडितले अदालतमा उपस्थित भई गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवं प्रतिवादीले गरेको बयानसमेतबाट प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरले प्रमाणित भएको हुँदा निजलाई कसुरदार ठहर गरी रूपन्देही जिल्ला अदालतबाट प्रतिवादीलाई १० (दश) वर्ष कैदको सजाय हुने र नाबालिका पीडितलाई क्षतिपूर्तिसमेत भराइ दिने गरी मिति २०७२।९।६ मा भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको इन्साफ मनासिब नै देखिने ।

तसर्थ विवेचित आधार, कारण र प्रमाणसमेतबाट उच्च अदालत तुल्सीपुर, बुटवल इजलासबाट मिति २०७३।८।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद बस्याल

इति संवत् २०७५ साल चैत्र २४ गते रोज १ शुभम् ।

**७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्tान,** ०६९-*CR*-०८२२, जालसाजी, जुगेश्वर यादवसमेत वि. चुल्हाई यादवसमेत

वादीको नाउँको म्याद सूचना कानूनको रीत पुऱ्याई म्यादवालाको घरद्वारमा टाँस गरी म्याद तामेल गर्दा साक्षीहरू र स्थानीय प्रतिनिधिलाई रोहवरमा राखी तामेल गरेका छौं भनी प्रतिवादीहरूमध्येका तामेलदार शम्भुप्रसाद पौडेल र टंकबहादुर थापाले आफ्नो प्रतिउत्तरमा जिकिर लिएको पाइन्छ । म्याद सूचना रीतपूर्वक तामेल नभएको भए उक्त बेरितको म्याद बदर गराउनु पर्ने थियो । सो प्रक्रिया नअपनाई म्याद बदर नगराई स्वीकार गरी बसेको देखिन्छ । म्यादवाला व्यक्तिकै घरद्वारमा म्याद सूचना टाँस गरी साक्षी एवं स्थानीय प्रतिनिधिहरूको रोहवरमा म्याद तामेल भएको देखिने ।

धनुषा जिल्ला अदालतमा चलेको २०६० सालको दे.नं. २०१५ को लेनदेन मुद्दा तथा प्रस्तुत मुद्दामा प्रतिवादी राजेश्वर यादव नाता चिनजानका व्यक्ति होइनन् भनी वादीले दाबी लिएको देखिन्छ । तर सरयुग यादवका ४ भाइ छोराहरूमध्ये राजेश्वर यादवलाई राजदेव यादव भनी नाम संशोधन गरिएको भन्ने मालपोत कार्यालय धनुषाको कि.नं. ९६/०६० को नाम संशोधन फायलबाट देखिन्छ । नाम संशोधनको लागि गा.वि.स. रमदेया भवाडीको सिफारिससहित दिएको संयुक्त निवेदनमा राजदेव यादव, मुनेश्वर यादव, जुगेश्वर यादव र जगेश्वर यादवसमेत सरयुग यादवको छोरा भनी उल्लेख भएको पाइन्छ । राजदेव यादवलगायत वादीहरू सरयुग यादवका छोरा हुन् भन्ने तथ्यलाई प्रतिवादीका साक्षी चन्द साहले बकपत्र गरी थप पुष्टि गरिदिएको पाइयो । मालपोत कार्यालय, धनुषाबाट राजेश्वर यादवलाई राजदेव यादव भनी नाम संशोधन भएकै आधारमा निज वादीहरूका नाता सम्बन्धका व्यक्ति होइन भन्न मिल्ने देखिँदैन । नाम संशोधनका लागि पेस भएको संयुक्त निवेदन तथा राजेश्वर यादव र वादीहरूको संयुक्त नाममा जग्गा दर्ता रहेको कारणबाट वादी दाबी तथ्ययुक्त नदेखिने ।

राजेश्वर यादव र वादीहरू एकासगोलका दाजुभाइ नाताका व्यक्ति भन्ने उल्लेख भएको र निज चारै भाइको संयुक्त नाममा रहेको जग्गा रोक्का राखी सो जग्गाबाट राजेश्वर यादवले सगोलमा रहेको अवस्थामा चुल्हाई यादवबाट लेनदेन गरी लिएको रकमबापत भरिभराउ भएको कार्य कानूनसम्मत नै देखिन आउँछ। धनुषा जिल्ला अदालतमा चलेको दे.नं. २०१५ को लेनदेन मुद्दाको फैसला कार्यान्वयनको क्रममा प्रतिवादी राजेश्वर यादवसमेतको नाममा रहेको जग्गाबाट बिगो भरिभराउ गराएको कार्यलाई अन्यथा भन्न मिल्ने देखिएन । वादीको हक मेट्ने, हदम्याद जाने वा कुनै तवरबाट वादीलाई नोक्सान पार्ने नियतले गलत तवरबाट काम कारबाही भएको भन्ने देखिँदैन । नियमित न्यायिक प्रक्रियाअनुसार जग्गाको डाँक बढाबढ गरी बिगो भराउने कार्य भएको देखिएको छ । यसरी कानूनबमोजिम भए गरिएको काम कारबाहीलाई जालसाजी ठहर गर्नु उचित नहुने।

अतः रीतपूर्वक म्याद सूचना तामेल भई फैसला कार्यान्वयनको सिलसिलामा प्रतिवादी राजेश्वर यादवसमेतका नाममा रहेको जग्गाबाट बिगो भरिभराउ गरेको कार्यलाई जालसाजीपूर्ण कार्य भन्न मिल्ने देखिएन। वादी दाबीबमोजिमको काम कारबाही जालसाजीपूर्ण रहेको प्रमाणित हुन नसकेकोले वादीको फिराद दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।११।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : धनबहादुर कार्की

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल फाल्गुन १ गते रोज ४ शुभम्।

## इजलास नं. ९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०५२३, उत्प्रेषण / प्रतिषेध / परमादेश, *विनय रावल वि. पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत*

नेपाल वायुसेवा निगमले एअरबस खरिद गर्न बोलपत्र आह्वान गरेकोमा उक्त बोलपत्र सूचनामा १००० घण्टासम्म उडान भरेको, विश्व स्टक मार्केटमा लिस्टेड भएको कम्पनीको जहाज हुनुपर्ने भनी बोलपत्र आह्वान गरेकोमा निवेदकले प्रस्ताव पेस गरी सो प्रस्तावउपर स्वीकृत वा अस्वीकृत सम्बन्धमा जानकारी लिएको पनि देखिँदैन। उक्त सूचना प्रकाशित भएको ३० दिनभित्र निगममा सम्पर्क गरी सो सर्तका विषयमा चित्त नबुझे निगममा उजुरी गर्न पाउनेमा सो नगरी ४५ दिनभित्र उक्त सूचनाबमोजिमको प्रस्ताव दाखिल गरेको देखिन्छ। उक्त सूचनाअनुसारको RFP खोल्ने समयमा यी निवेदक उपस्थित भई कागजातमा दस्तखत गरी निगमको कार्यविधि स्वीकार गरेकोसमेत देखिने।

निगमले वाइड बडी जहाज खरिद प्रक्रिया अगाडि बढाउन परराष्ट्र मन्त्रालयको Website समेत राखी Aircraft manufacturing companies, Airlines, Aircraft leasing company र Bankers हरूलाई जारी गरेको सूचना पारदर्शी, प्रतिस्पर्धी र कानूनसम्मत बनाएको देखिन्छ । यसै सूचनालाई आधार बनाई यी निवेदकलगायत अन्य दशवटा बोलपत्रहरू प्रस्तुत भएको देखिन्छ । बोलपत्रको सम्पूर्ण प्रक्रिया पूरा गरी बोलपत्र खोल्ने समयमा यी निवेदकसमेतका प्रतिनिधिहरू बसी उक्त बोलपत्रहरू खोल्ने प्रयोजनको लागि आवश्यक पर्ने प्रक्रिया पूरा गरेको देखिन्छ । नेपाल वायुसेवा निगमले व्यवसाय सञ्चालनको लागि के कस्तो विमान आवश्यक पर्छ उसले निर्धारण गर्ने विषय हो । यस्तो अवस्थामा यी निवेदकले सर्त बन्देज राखी बोलपत्र आह्वान गर्न मिल्दैन भनी भन्न मिल्ने नदेखिने।

कानूनी व्यवस्थाबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को बोलपत्रसम्बन्धी

प्रस्तावमा योग्यताको आधार प्राविधिक योग्यता वा कुनै खास किसिमको निर्माण व्यवसायी आपूर्ति कर्ता, परामर्शदाता वा सेवा प्रदायकले नपाउने व्यवस्था गर्न सकिने छैन भनी कुनै खास वर्ग वा समुदायलाई रोक लगाउन नपाउने भए तापनि खरिदकर्ता कम्पनीको आवश्यकता र वित्तीय उपलब्धता, उपकरणको उपलब्धतासमेतका विषयवस्तुमा सर्त तोकी बोलपत्र आह्वान गर्न सक्ने नै देखिने।

निगमले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(घ) अनुसार बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमतालाई विचार गरी प्रस्तावकको योग्यताको आधार तय गर्न सकिने व्यवस्थाअनुसार नै World Stock Market मा लिस्टेड भएका कम्पनीहरूलाई प्राथमिकता दिने सर्त राखी त्यस्ता कम्पनीहरूको आर्थिक क्षमता र विश्वसनीयता बढी हुने कुरामा विवाद हुने देखिँदैन। नयाँ जहाज खरिद गर्दा निगमले आर्थिक व्ययभार बेहोर्न नसक्ने हुँदा १००० घण्टा उडान भएको र सन् २०१४ भन्दा पछि निर्माण भएको जहाज खरिद गर्ने सर्तलाई कानूनविपरीत भयो भनी भन्न मिल्ने नदेखिने।

निवेदकले उक्त बोलपत्र सार्वजनिक खरिद ऐनविपरीत बोलपत्र स्वीकृत वा सोको प्रक्रिया अगाडि बढाएको भए सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ तथा नेपाल वायु सेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम १७० बमोजिम सम्बन्धित निकायमा पुनरावेदन गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ। सो व्यवस्थाबमोजिम निवेदकले कतै पुनरावेदन गरेको पनि देखिन आएन। यसरी कानूनबमोजिमको प्रक्रिया नै पूरा नगरी कानूनबमोजिम साधारण अधिकार क्षेत्र ग्रहण गरी सोबाट नै प्रस्तुत विवादको निरूपण हुनेमा सो अवलम्बन नगरी सोझै अदालतको असाधारण क्षेत्राधिकार ग्रहण गर्न मिल्ने देखिँदैन। अर्कोतर्फ यी रिट निवेदकले उक्त बोलपत्रमा राखेका सर्त बन्देजहरूमा चित्त नबुझेमा बोलपत्र प्रकाशित भएको ३० दिनभित्र निगममा सम्पर्क राखी सो विषयमा उजुरी गर्न सक्नुपर्ने हुन्छ। यी निवेदकले बोलपत्रको सूचना स्वीकार गरी बोलपत्र खोल्दा समावेश भई दस्तखत गरी आफ्नो बोलपत्र स्वीकृत नभएपछि अदालतमा प्रवेश गरेको कार्यलाई स्वाभाविक मान्न मिल्ने नदेखिने।

तसर्थ स्वयं उपस्थित भई यी निवेदकले बोलपत्रसम्बन्धी कागजातमा हस्ताक्षर गरी पेस भएका १० वटा बोलपत्रलाई स्वीकार गरी बोलपत्र अन्य कम्पनीलाई पर्न सक्ने भन्ने अनुमानका आधारमा उक्त बोलपत्रको सूचना बदर गरी पुनः बोलपत्र आह्वान गर्नु भन्ने आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन दिएको देखियो। निगमद्वारा प्रकाशित बोलपत्र कानूनको अख्तियारीभित्र रही आफ्नो व्यापारिक उद्देश्य पूरा गर्न गरिएको र त्यसमा कुनै कानूनी त्रुटि भए गरेको नपाइँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : देविना खतिवडा

इति संवत् २०७४ साल मंसिर २७ गते रोज ४ शुभम्।

## इजलास नं. १०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CI-१३३७, लेनदेन, *जयराम ताम्राकार वि. बैकुण्ठप्रसाद गौतम*

लिखत जाँच गर्ने क्रममा विशेषज्ञबाट समकालीन लिखत माग भए पनि सो समकालीन लिखत पेस गर्नेतर्फ मौकामा प्रतिवादी सचेत रहेको पनि देखिँदैन। यसरी माग भएको समकालीन लिखत पेस दाखिल नभएको अवस्थामा लिइएको नमुना र लिखतमा लागेको सहिछाप यकिन गर्न नसकिने भनी विशेषज्ञले आफ्नो रायमा उल्लेख गरेको देखियो। जाँच भएका

सहिछाप नमिल्ने नभिड्ने भनी राय प्राप्त भएको पनि देखिएन। यी प्रतिवादी स्वयम् आफैँसमेत बैंकको जागिरे भएको अवस्था देखिँदा समकालीन लिखत एवं हस्ताक्षर नै पेस गर्न नसक्ने भन्ने पनि देखिँदैन । अदालतको कारबाहीको सिलसिलामा वास्तविक एवं स्वाभाविक स्वरूपका नमुना दस्तखत दिनुपर्नेमा यी प्रतिवादीले भिन्न भिन्न बनावटको नमुना दस्तखत दिएबाट पनि यी प्रतिवादीले प्रमाण लुकाउने वा बङ्गाउने प्रयत्न गरेको प्रस्ट देखिन्छ । प्रतिवादीले आफ्नो बयानमा जालसाजी हो भनी नामाकरण गरेको मात्र आधारमा उक्त लिखतलाई जालसाजी हो र लिखतअनुसार वादी प्रतिवादीबिचमा कारोबार नै भएको होइन भनी भन्न मिल्ने अवस्था पनि देखिन आएन। लिखत फरम्याटमा तयार गरिएको, खाली भागमा मात्र मसीले लेखी बेहोरा लेखिएको अवस्था देखिन्छ । शिर पुछारमा कारणीको सहिछाप लागेको अवस्थामा उपर्युक्त कारणबाटै यी वादी प्रतिवादीबिच लेनदेन कारोबार भएकै होइन भन्न मिलेन । यस अवस्थामा यी वादी प्रतिवादीबिचमा लेनदेन कारोबार भएको छैन भन्ने प्रतिवादीको प्रतिवाद विश्वासयोग्य देखिएन। तर उक्त मिति २०५८/०३/१९ को लिखतमा लेखिएको रकमभन्दा बढी रकमको पनि कारोबार भएको भन्ने वादी दाबी तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा सुरू कारोबारअनुरूप रू.१५,५०,०००/- मात्र वादीबाट प्रतिवादीले लिए खाएको देखिन आउने।

अतः उल्लिखित आधार, कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।२।२९ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१/०२/२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल असोज ४ गते रोज ५ शुभम्।

## इजलास नं. १२

**१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७६-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *उद्धवप्रसाद सिटौला वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

साबिक नाङ्गलो दिप सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लि.मा. कार्यरत प्रतिमा सिटौलाउपर अप्सरा पौडेलसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदकसमेत उपर सुरू काठमाडौं जिल्ला अदालतमा ०७१-CR-१५०४ को ठगी मुद्दा चलेको र उक्त मुद्दाका प्रतिवादीहरूले सफाइ पाएको देखिन्छ । उक्त ठगी मुद्दामा भएको फैसलाउपर वादी नेपाल सरकारको उच्च अदालत पाटनमा ०७४-CS-२५५६ को पुनरावेदन परी उक्त मुद्दा मिति २०७५।११।१९ मा फैसला हुँदा यी निवेदकलाई साबिक मुलुकी ऐनको ठगीको महलको १ नं. र ४ नं. बमोजिम एक महिना कैद र रू.१८, ३१, ८८७।१० जरिवाना हुने ठहर भएको पाइन्छ। उच्च अदालतबाट ठहर भएको उक्त मुद्दाको तपसिलको देहाय ८ मा निज निवेदक प्रतिवादीलाई "प्रस्तुत फैसलामा चित्त नबुझे ऐनका म्याद ७० दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु" भनी पुनरावेदनको म्याद दिनु भन्ने बेहोरा उल्लेख भएअनुरूप पुनरावेदन अदालत पाटनबाट मिति २०७६।४।२८ मा निज प्रतिवादी निवेदकको साबिक काठमाडौं महानगरपालिका वडा नं. २९ को ठेगानामा पुनरावेदन म्याद जारी भएको तथ्य उच्च अदालत पाटनबाट प्राप्त उक्त मुद्दाको मिसिलबाट देखिन्छ । यसरी निवेदक प्रतिवादीलाई अदालतबाट भएको फैसलाउपर चित्त नबुझे पुनरावेदन गर्न जानु भनी मिति २०७६।४।२८ मा म्याद काटिएको तर

उक्त म्याद कानूनबमोजिम तामेल हुन बाँकी नै रहेको एकातिर देखिन्छ भने तामेल भएपश्चात् समेत कानूनको म्यादभित्र पुनरावेदन गर्न सक्ने र पुनरावेदन गरेपछि फैसला परीक्षण भई अन्तिम निर्णय आउन बाँकी रहँदाकै अवस्थामा निजलाई केन्द्रीय अनुसन्धान ब्युरोले मिति २०७६।४।२० मा पक्राउ गरेको कुरा काठमाडौं जिल्ला अदालतको लिखित जवाफबाट देखिन्छ। यस दृष्टिकोणबाट निवेदक प्रतिवादीलाई निजउपर लागेको आरोपमा पुनरावेदनको सुनुवाइ हुने अवस्था बाँकी नै रहेको देखिन्छ । अदालतको फैसलाले प्रतिवादीलाई सजाय ठहर भइसकेपश्चात् पुनरावेदन गर्न पाउने मुद्दामा निजलाई उक्त फैसलामा चित्त नबुझे आफ्नो सफाइको लागि माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउनु मुद्दामा सजाय ठहर भएका व्यक्तिको कानूनी अधिकार हो। कानूनी अधिकार प्रयोग गर्न पाउनु न्यायमा पहुँचको सुनिश्चितता हुनु प्रत्येक नागरिकको संविधानले प्रदत्त गरेको मौलिक हक पनि हो। संविधानले धारा १६(१), १७(१), १८(१) तथा २०(१) द्वारा प्रदत्त गरेको मौलिक हक प्रत्येक नागरिकले उपभोग गर्न नपाउनु भनेको प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने हुँदा राज्यले कानूनबमोजिम प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट नागरिकलाई वञ्चित गर्न न्यायसङ्गत हुँदैन । कानूनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउनु कानूनी राज्यमा शोभनीय कार्य मानिँदैन । राज्यले नागरिकका वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउँदा सारवान् कानून र कार्यविधि कानूनले निर्दिष्ट गरेको मार्गको परिपालना गर्नु अनिवार्य हुने । प्रस्तुत सन्दर्भमा अदालत स्वयंले पुनरावेदन गर्न जानु भनी दिएको पुनरावेदन म्याद बाँकी रहेकै अवस्था यी निवेदकलाई थुनामा राखेको कार्य कानूनतः अपरिपक्व देखिएकोले निज निवेदकको थुनालाई कानूनी थुना भन्न सकिने देखिन आएन । प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा निवेदकलाई उच्च अदालत पाटनबाट पुनरावेदन गर्न कानूनी म्याद दिएको देखिन्छ । तर उक्त कानूनी म्याद भुक्तान नहुँदै फैसला कार्यान्वयन गर्ने गरी कैदमा राख्न काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।४।२१ मा दिइएको कैदीपुर्जी रीतपूर्वकको नदेखिँदा निज निवेदकको थुना गैरकानूनी देखिन्छ । निवेदकलाई थुनामा राख्ने आदेशसमेत कानूनी आधारविना गरिएको देखिएकोले निवेदकको थुनालाई कानूनसम्मत मान्न मिलेन तसर्थ निवेदकलाई थुनामा राख्ने कार्य गैरकानूनी देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : धनसिंह गिरी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल भाद्र ५ गते रोज ५ शुभम् ।

## २

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७६-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *गणेश शाही वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(९) मा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई हिरासतमा राख्ने आदेश दिँदा कारणसहितको पर्चा खडा गर्नु पर्नेछ भन्नेसमेतको कानूनी व्यवस्था भएकोमा जिल्ला प्रशासन कार्यालयले उल्लिखित कानूनी व्यवस्थाको भावना र मर्मविपरीत आधार र कारण विना म्यादथपको आदेश गरेको देखिन्छ। निज निवेदकलाई मिति २०७६।०४।२० गते जरूरी पक्राउ पुर्जी जारी गरी जरूरी पक्राउ पुर्जी स्वीकृत भई निज निवेदकलाई अनुसन्धानको लागि हिरासतमा राख्न म्याद थप गर्दा कानूनी आधार र खुलाउनु पर्नेमा सो आधार र कारण खुलाएको नदेखिने ।

अतः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(९) को औचित्यता पुष्टि गर्ने आधार र कारण खुलाई म्याद थप गर्नुपर्नेमा

उल्लिखित कसुरमा अनुसन्धानको लागि जिल्ला प्रशासन कार्यालयबाट यी निवेदकको हकमा म्याद थप गर्दाको औचित्यता पुष्टि गर्ने कारण र आधार उल्लेख गरेको देखिएन । निवेदक फरक विचार र आस्थाको आधारमा प्रवृत्त भावना लिई विना कारण र आधार निवेदकलाई थुनामा राखेको देखिँदा निवेदकको थुनालाई कानूनसम्मत मान्न नमिल्ने हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) का आधारमा निवेदकको थुना गैरकानूनी देखिँदा निवेदकलाई यस अदालतको रजिस्ट्रारको रोहवरमा थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : धनसिंह गिरी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल भाद्र ६ गते रोज ६ शुभम् ।

## इजलास नं. १३

### १

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-WO-०६५८, उत्प्रेषण / परमादेश / प्रतिषेध, सीता मण्डल *वि. जिल्ला शिक्षा कार्यालय, धनुषा जनकपुरसमेत*

निवेदकलाई विद्यालय व्यवस्थापन समितिको मिति २०६६/०२/१५ मा भएको निर्णयअनुसार नि.मा.वि. मिथिलेश्वर मौबाही विद्यालयको प्रा.शि. तृतीय शिक्षक गौरीनारायण मण्डलको सरूवा भई जिल्ला शिक्षा कार्यालय महोत्तरीअन्तर्गतका प्रा.वि. विद्यालयमा सरूवा र पदस्थापनसमेत भइसकेको हुँदा निज शिक्षकको दरबन्दी रिक्त हुन गएकोले सो ठाउँमा मिति २०६६/३/१ गतेदेखि लागू हुने गरी यसै विद्यालयका सट्टा शिक्षिका पदमा काम गरिरहेकी प्रा.शि. तृतीय श्रेणीका शिक्षिका सीता मण्डललाई सो रिक्त हुन आएको पदमा पदस्थापना गरिदिन हुन सर्वसम्मतिबाट भएको निर्णयको आधारमा जिल्ला शिक्षा कार्यालय धनुषाले मिति २०६६/०२/२१ च.नं. २४४२ को पत्रबाट उक्त रिक्त पदमा पदस्थापना भएको भनी जानकारी गराएको हुँदा निवेदिका सीता मण्डल मिति २०६६/०३/०१ गतेदेखि लागू हुने गरी अस्थायी शिक्षिकाको रूपमा सो विद्यालयमा अध्यापन गरी आएको देखिने । निवेदक सीता मण्डलले मिति २०६२/०८/३० मा नै शिक्षा आयोग सानोठिमी भक्तपुरबाट स्थायी अध्यापन अनुमती-पत्र प्राप्त गरिसकेको देखिन्छ । यी निवेदिकाले मिति २०६१/०९/०१ को विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा नभई विद्यालय व्यवस्थापन समितिको मिति २०६६/०२/१५ को निर्णयअनुसार तथा जिल्ला शिक्षा कार्यालय धनुषाको मिति २०६६/०२/२१ को पत्रको आधारमा अस्थायी शिक्षिका भई अध्यापन गराई रहेको देखिन आयो । निवेदिकाको मिति २०६०/२/१२ सम्म कायम रहने अस्थायी अध्यापन अनुमति-पत्रको आधारमा अवकाश दिएको विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रबाट कारबाही प्रारम्भ गरेको कार्य कानूनसम्मत नभएको देखिँदा त्रुटिपूर्ण देखिन आउने ।

माथि विवेचित आधार प्रमाणहरूबाट निवेदक सीता मण्डलले २०५९ सालमा अस्थायी अध्यापन अनुमति पत्र लिई मिति २०६२/०८/३० मा स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरिसकेको देखिएबाट निवेदकलाई कारबाही गर्न विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६९/१२/०८ मा गरेको निर्णय र सो निर्णयको आधारमा विपक्षी आयोगको मिति २०६९/१२/२७, च.नं.१०६८ को जिल्ला शिक्षा कार्यालय धनुषालाई लेखिएको पत्र तथा सो पत्रको आधारमा जिल्ला शिक्षा कार्यालय धनुषाले मिति मिति २०७०/०३/२१, च.नं. २४१६ को पत्रबाट मिति २०७०/४/१ गतेदेखि लागू हुने गरी निवेदकलाई शिक्षक पदबाट हटाउने गरेको निर्णय तथा काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने

ठहर्छ । अतः निवेदकलाई पूर्ववत् रूपमा शिक्षक पदमा पुनर्बहाली गरी सेवाबाट हटाएको मितिदेखि पुनर्वहाली गरेको मितिको बिचको अवधि तलब सुविधासमेत दिई अध्यापन गर्ने कार्यमा बाधा व्यवधान नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम् ।

## २

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०९६३, जग्गा खिचोला मेटाई घर हटाई चलन चलाइ पाउँ, *भिमप्रसाद* पौडेल *वि. बुद्धिसागर लम्साल*

पुनरावेदक वादी भिमप्रसाद पौडेलको नाममा दर्ता रहेको कि.नं. २२२५ को क्षेत्रफल १-१२-३-१ र २२२७ को क्षेत्रफल १-६-२-१ रहेको देखिन्छ भने प्रत्यर्थी प्रतिवादी बुद्धिसागर लम्सालका नाममा दर्ता रहेको कि.नं. २२२४ को क्षेत्रफल ०-२-०-३ र २२२६ को क्षेत्रफल ०-२-१-३ रहेको देखिने। विवादित घरजग्गा नापजाँच गर्न खटिएको अमिन राजिव श्रेष्ठले विवादित घरजग्गाको नाप गर्ने कार्य सम्पन्न गरी मुचुल्का लेख्ने क्रममा न.नं. २, ३, ७ र १० को क्षेत्रफल उल्लेख गर्दा भूलवश वर्गमिटरबमोजिमको क्षेत्रफल फरक परेको भनी वर्गमिटरबमोजिमको हुन आउने क्षेत्रफल भनी न.नं. २ वर्गमिटर ६६० क्षेत्रफल १-४-३-०, न.नं. ३ वर्गमिटर ६९३ क्षेत्रफल १-५-३-०, न.नं. ७ को क्षेत्रफल ०-२-१-३ र न.नं. १० क्षेत्रफल ०-०-२-० उल्लेख गरी मिति २०६८।११।२१ मा दिएको प्रतिवेदन मिसिल संलग्न रहेको देखिने । अदालतबाट भई आएको नक्सा मुचुल्कामा न.नं. ९ विवादित घरजग्गाको क्षेत्रफल ०-०-२-० न.नं. १० विवादित घरजग्गाको क्षेत्रफल ०-०-२-०-२ न.नं. ११ प्रतिवादीको कि.नं. २२२६ मध्येको निर्विवादित घरजग्गाको क्षेत्रफल ०-१-३-२ र न.नं. १२ प्रतिवादीको कि.नं. २२२४ मध्येको निर्विवादित जग्गाको क्षेत्रफल ०-१-२-० उल्लेख भएको देखिन्छ । नक्सा मुचुल्काबाट प्रत्यर्थी प्रतिवादीको कि.नं. २२२५ र २२२६ को घरजग्गाको न.नं. ९,१०, ११ र १२ को जम्मा क्षेत्रफल ०-४-२-० रहेको पाइन्छ। उक्त क्षेत्रफल निज प्रतिवादीको कि.नं. २२४, २२२६ को दर्ता स्रेस्ताको वास्तविक जग्गा क्षेत्रफल ०-४-२-२ भन्दा कम नै रहेभएको देखिने ।

नापी कार्यालय तनहुँको मिति २०६९।१।१२ को पत्रद्वारा प्राप्त कि.नं. २२२५ र २२२७ को जग्गाको टायल चेक हेर्दा कि.नं. २२२५ साबिक क्षेत्रफल १-१२-३-१ हाल क्षेत्रफल १-१२-३-१ र कि.नं. २२२७ साबिक क्षेत्रफल १-६-३-१ हाल क्षेत्रफल १-३-०-० लेखी आएको छ । पुनरावेदक वादीले हाल भोग गर्दै आएको जग्गा कि.नं. २२२५ मा क्षेत्रफल १-१२-३-२ र कि.नं. २२२७ मा क्षेत्रफल १-४-३-० जग्गा रहेभएको देखियो । अदालतबाट भई आएको नक्सा मुचुल्का र नापी कार्यालयबाट प्राप्त टायल चेकभन्दा बढी जग्गा पुनरावेदक वादीको भोग चलनमा नै रहेको देखिने ।

प्रस्तुत मुद्दामा निस्सा प्रदान गरिँदा नक्साअनुसार क्षेत्रफल तथ्यगत रूपमा फरक परेको देखिएको भन्ने आधार लिइएको छ, सो सम्बन्धमा वादीको भोग भनी देखाएको जग्गाको वर्गमिटरअनुसार क्षेत्रफल यकिन गरी उल्लेख नभएको र विवादित घरजग्गा नापजाँच गर्ने अमिनले नाप जाँचमा लेखिएबमोजिम जग्गाको क्षेत्रफल वर्गमिटरमा उल्लेख गरिएबमोजिम रोपनी, आना, पैसा, दाम यकिन गरिदिएको प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ । विवादित जग्गाको क्षेत्रफल वर्गमिटरमा नक्सा मुचुल्कामा उल्लेख गरी सोबमोजिम हुन आउने रोपनी, आना, पैसा र दामसमेत यकिन गरी जग्गा नाप जाँच गर्ने प्राविधिक कर्मचारीले दिएको प्रतिवेदनलाई अन्यथा भन्न सकिने अवस्था समेत नदेखिने ।

माथि विवेचित आधार प्रमाणबाट प्रत्यर्थी प्रतिवादीले खिचोला गरी घर निर्माण गरेको भन्ने वादी दाबी नपुग्ने ठहऱ्याइएको सुरू तनहुँ जिल्ला अदालतको मिति २०६९।३।१८ को फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६९।९।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल वैशाख २० गते रोज ५ शुभम्।

## इजलास नं. १४

### १

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-१११८ र ०७१-CR-०८७७, लागु औषध (डाइजेपाम) तथा विष्फोटक पदार्थ, *उमेश पटेल वि. नेपाल सरकार र नेपाल सरकार वि. उमेश पटेल*

प्रतिवादी उमेश पटेल बस्ने घरबाटै लागु औषध नुर्फिन ७४ थान, लुफिजसिक २३ पिससमेत बरामद भएको र सो बरामदीलाई अन्यथा भन्न नसकेको र अन्य व्यक्तिले राखेको हो भन्नेसमेत खुल्न आएको देखिँदैन । बरामदी मुचुल्कामा भएको सहिछापलाई अदालतमा आई बयान गर्दासमेत स्वीकार गरेको देखिन्छ । यस अवस्थामा म बस्ने घरबाट बरामद भए पनि मेरो कोठाबाट बरामद भएको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिँदा लागु औषधको कसुरतर्फ पुनरावेदन अदालतबाट प्रतिवादीलाई भएको सजायलाई अन्यथा मान्नुपर्ने नदेखिने। बरामद भएको नगद लागु औषध बिक्रीबाट प्राप्त भएको रकम हो भनी भन्न सकिने यकिन प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष कसुर स्वीकार गरी गरेको प्रतिवादीको बयानमा समेत सो नगद आफूले विन्दा भन्ने व्यक्तिबाट लिएको भनी जिकिर लिएको देखिन्छ । यसप्रकार निज विन्दाप्रसादसमेत यी प्रतिवादी सँग-सँगै पक्राउ परेको र निजको मौकाको बयानबाट प्रतिवादीको भनाइ पुष्टि भएको देखिन्छ । आपराधिक कार्यबाट आर्जित सम्पत्ति हो भन्ने प्रमाणित नभई सो नगद बरामद भयो भन्दैमा जफत गर्न न्यायोचित नहुने हुँदा सो नगद जफत नगरेको पुनरावेदन अदालतको फैसलामा कुनै त्रुटि विद्यमान रहेको नदेखिने।

बरामदी मुचुल्काबाट दफा १०(१)(क) मा उल्लिखित पदार्थ नै बरामद भएको भन्ने अवस्था नदेखिएको हुँदा ऐ.दफा १०(१)(ख) बमोजिम अन्य विष्फोटक पदार्थ बरामद भएको ठहर गरी प्रतिवादीलाई सोही दफाबमोजिम सजाय गरेको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी उमेश पटेललाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसला उल्टी गरी प्रतिवादी उमेश पटेललाई लागु औषधको दाबीतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम २(दुई) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ४ र ५ को कसुरमा सोही ऐनको दफा १०(१)(ख) बमोजिम रू.५,०००।– (पाँच हजार) जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।०७।२४ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत्र २७ गते रोज ३ शुभम्।

### २

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०२९६, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. रिसव श्रेष्ठसमेत*

प्रतिवादी क्रान्ती भन्ने रिसव श्रेष्ठ र राजु थापाबाट बरामद भएको लागु औषध परीक्षण गर्दा लागु औषध नै नभएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०६७।०६।०७ को प्रतिवेदनबाट देखिन्छ । सेवनतर्फको दाबी लिइएका राजु थापाबाट बरामद भएको १ ग्राम लागु औषध भनिएको वस्तु नै लागु औषध नभएकोले लागु औषध सेवन गरेको भनी मान्न मिल्ने देखिँदैन । प्रतिवादी नारायण थापा भन्ने नारायण सिंह श्रीसबाट कुनै लागु औषध नै बरामद नभएको र सेवन गरेको अवस्थामा भेटिएको भन्नेसमेत नदेखिँदा निजहरूले कसुर गरेको पुष्टि हुन नआएकोले निज प्रतिवादीहरू राजु थापा र नारायण सिंह श्रीसलाई सफाइ दिएको फैसलालाई अन्यथा मान्न नसकिने ।

प्रतिवादी जीवन गुरूङ सुरू म्यादमा हाजिर नभई कसुर स्वीकार गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा निज म्याद तामेल हुँदा विदेश साउदी अरबमा वैदेशिक रोजगारीको लागि रहेको भनी यस अदालतमा हाजिर हुँदा राहदानी र भिसासमेतको प्रतिलिपि राखी निवेदन दिएको मिसिलबाट देखिन्छ । निजबाट कुनै लागु औषध बरामद भएको पनि देखिँदैन । यस अवस्थामा सहप्रतिवादीले मौकाको बयानमा सँगै सेवन गर्दथ्यौं भनी पोल गरेको आधारमा कसुरदार ठहर गर्न मनासिब नहुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिएको फैसलामा कुनै त्रुटि देखिन नआउने ।

बरामद भई आएको लागु औषधको परिमाणसमेतलाई विचार गर्दा केवल २ ग्राम मात्र बरामद भएको देखिन्छ तर उक्त २ ग्राम छुटाछुट्टै पुडिया बनाई बिक्री गर्न लागेको अवस्थासमेत रहेको पाइँदैन । आफू लागु औषध दुर्व्यसनी भएको र आफूले सेवन गर्नको लागि ल्याई राखेको अवस्थामा बरामद भएको देखिएबाट सेवन गर्ने प्रयोजनको लागि ल्याएको देखिएको र त्यति थोरै मात्राको लागु औषध बिक्री गर्न, ओसार पसार गर्न, सञ्चय गर्ने उद्देश्यसमेत रहेको नदेखिएको र संगठित रूपले दाबी गरेको अवस्थासमेत नदेखिँदा सेवनको प्रयोजन लागि नै राखेको देखिन आयो । बरामद हुँदैमा सो बरामदी परिमाणलाई कारोबारको लागि राखेको भनी अर्थ गर्न नमिल्ने र निजले आफू सेवनकर्ता भएको भनी बयानमा स्वीकार गरेको देखिँदा क्रान्ति भन्ने रिसव श्रेष्ठलाई कारोबारको कसुरमा सजाय नगरी लागु औषध सेवनको कसुर कायम गरी सजाय गरेको र पटकेतर्फ थप सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला न्यायोचित नै देखिन आउने ।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादी क्रान्ति भन्ने रिसव श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७क बमोजिम लागु औषधको विश्वासमा पारी अन्य पदार्थको कारोबार गरेको कसुरमा भएको सजायलाई केही उल्टी गरी प्रतिवादी क्रान्ति भन्ने रिसव श्रेष्ठलाई सोही ऐनको दफा १४ को उपदफा (१) को (ङ) बमोजिम २ महिना कैद र सोही ऐनको दफा १६ बमोजिम पटकेतर्फ थप १ वर्ष कैद एवं रू.५,०००।– जरिवाना हुने र प्रतिवादी राजु थापा मगर, जीवन गुरूङ र नारायण थापा भन्ने नारायण सिंह श्रीसलाई अभियोग दाबीबाट सफाइ दिएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।०३।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत्र २७ गते रोज ३ शुभम् ।